# बागलुङ नगरपालिका

## बागलुङ




बागलुङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
२०७३

# आवधिक नगर विकास योजना

(आ.व. २०७९/०८०–२०८३/०८४)

# अन्तिम प्रतिवेदन

श्री सूचना प्रविधि अधिकृत
नगरपालिकाको website मा
upload गर्नु ।

तयार गर्नेः

निरा कन्सल्टीङ ग्रुप्स प्रा.ली.

पुल्चोक, ललितपुर ।

# विषय सूची

**परिच्छेद १ - परिचय** ............ २
*१.१. पृष्ठभूमि* ............ २
*१.२ आवधिक नगर विकास योजनाको औचित्य तथा नीतिगत व्यवस्था* ............ २
*१.३ आवधिक योजना तर्जुमाको उद्देश्य* ............ ३
*१.४ प्रमुख कार्यहरू* ............ ३
*१.५ अध्ययनका सीमा* ............ ४
**परिच्छेद २ - योजना तर्जुमा विधि र प्रक्रिया** ............ ५
*२.१ योजना तर्जुमाको विधि तथा प्रक्रियाहरु* ............ ५
*२.२ योजना तर्जुमाका चरणहरु* ............ ५
**परिच्छेद ३ : नगर विकासको विद्यमान अवस्था र उपलब्धी समिक्षा** ............ ९
*३.१ नगरपालिकाको संक्षिप्त परिचय* ............ ९
*३.२ नगरपालिकाको भौगोलिक अवस्था* ............ ९
*३.३ प्राकृतिक तथा सांस्कृतिक सम्पदा* ............ ९
*३.४ जनसांख्यीक अवस्था* ............ १०
*३.५ आर्थिक विकासको अवस्था* ............ १०
*३.६ सामाजिक विकासको अवस्था* ............ ११
*३.७ भौतिक पूर्वाधारको अवस्था* ............ १२
*३.८ संस्थागत विकास र संगठनात्मक अवस्था* ............ १४
*३.९ योजनावद्ध विकासका उपलब्धीहरुको समिक्षा* ............ १५
**परिच्छेद ४ - योजनाको दिर्घकालीन सोंच, लक्ष्य, उद्देश्य तथा रणनीति** ............ १६
*४.१ पृष्ठभूमि* ............ १६
*४.२ समस्या तथा सवालहरुको विश्लेषण* ............ १६
*४.३ दीर्घकालीन सोच तथा लक्ष्य* ............ २३
*४.४ निर्देशक सिद्धान्त* ............ २४
*४.५ रणनीतिहरू* ............ २५
*४.६ प्राथमिकता प्राप्त क्षेत्र* ............ २६
*४.७ योजनाको समष्टिगत नतिजा खाका* ............ २७
*४.८ योजना कार्यान्वयनका लागि स्रोत व्यवस्थापन* ............ २७

**परिच्छेद ५ - नगर गौरबका योजनाहरु** ........................................ २९

*५.१ नगर गौरबका योजनाहरू:* ........................................ २९

*५.२ नगर गौरबका कार्यान्वियनका लागि लगानी र सम्भाव्य साझेदारी* ........................................ ३१

**परिच्छेद ६ - आर्थिक विकास योजना** ........................................ ३२

*६.१ पृष्ठभूमि* ........................................ ३२

*६.२ कृषि तथा सिंचाइ* ........................................ ३२

*६.३ पशुपालन* ........................................ ३९

*६.४ उद्योग, पर्यटन, व्यापार, व्यवसाय* ........................................ ४४

*६.५ बैंक, वित्तीय संस्था तथा सहकारी* ........................................ ४८

**परिच्छेद ७ - सामाजिक विकास योजना** ........................................ ५२

*७.१ पृष्ठभूमि* ........................................ ५२

*७.२ शिक्षा* ........................................ ५२

*७.३ स्वास्थ्य तथा पोषण* ........................................ ५८

*७.४ खानेपानी तथा सरसफाइ* ........................................ ६२

*७.५ महिला, बालबालिका तथा लक्षित वर्ग* ........................................ ६६

*७.६ युवा तथा खेलकुद* ........................................ ७२

*७.७ सुरक्षित श्रम तथा सम्मानित रोजगारी* ........................................ ७६

**परिच्छेद ८ - भौतिक विकास योजना** ........................................ ८१

*८.१ पृष्ठभूमि* ........................................ ८१

*८.२ सडक यातायात* ........................................ ८१

*८.३ आवास, भवन तथा वस्ती विकास* ........................................ ८२

*८.४ विद्युत उर्जा तथा सञ्चार* ........................................ ८२

**परिच्छेद ९ - वातावरण तथा विपद् व्यवस्थापन योजना** ........................................ ८८

*९.१ पृष्ठभूमि* ........................................ ८८

*९.२ वन तथा वातावरण* ........................................ ८८

*९.३ विपद् जोखिम व्यवस्थापन तथा भू-जलाधार संरक्षण* ........................................ ९२

**परिच्छेद १० - संस्थागत विकास तथा सुशासन** ........................................ ९६

*१०.१ पृष्ठभूमि* ........................................ ९६

*१०.२ सम्भावना, अवसर तथा समस्या विश्लेषण* ........................................ ९६

*१०.३ संस्थागत विकास तथा सुशासनको नतिजा खाँका* ........................................ ९७

**परिच्छेद ११ - अनुगमन तथा मूल्याङ्कन पद्धति**..........१०१

*११.१ पृष्ठभूमि*..........*१०१*

*११. २ संस्थागत व्यवस्था*..........*१०१*

**अनुसूचीहरु**..........१०५

## अनुसूचिहरु

१. आवधिक नगर विकास योजना तर्जुमाको प्रारम्भीक बैठकको माइन्युटस र तस्वीरहरु

२. आवधिक योजना तर्जुमा क्रममा आर्थिक विकास समितिसँग भएको छलफलको माइन्युटस र तस्वीरहरु

३. वडा स्तरीय छलफलबाट आएका योजनाहरुको सूचि र वडा स्तरिय भेलाका तस्बीरहरु

४. नगरपालिकाको श्रोत नक्शाहरु

# परिच्छेद १ - परिचय

## १.१. पृष्ठभूमि

नेपालको अन्तरिम संविधान २०६३ जारी भएसँगै नेपालको राज्य व्यवस्था एकात्मकबाट संघीय व्यवस्थामा रुपान्तरित भयो र नेपालको संविधान २०७२ जारी भई सो संविधान अनुसार नेपाल राज्यका तीनवटै तहका सरकारहरू क्रियाशील भएसँगै राज्यव्यवस्थाको रुपान्तरण संस्थागत भएको छ। यस ऐतिहासिक राजनीतिक परिवर्तनसँगै स्थानीय सरकारमा संवैधानिक रुपमै पर्याप्त अधिकारहरू प्राप्त भएको छ। यसबाट नागरिकमा स्थायित्व र समृद्धिको चाहना पुरा गर्ने वातावरण तयार भएको महसुस भएको छ। यस परिप्रेक्ष्यमा नेपाल सरकारले समृद्ध नेपाल, सुखी नेपालीको दीर्घकालीन सोच अगाडि सारेको छ भने गण्डकी प्रदेश सरकारले समेत दिर्घकालिन दृष्टिककोण बनाई सोही अनुसार रणनीति, कार्यनीति तथा कार्यान्वयन योजनाका साथ यो आवधिक योजना जारी गरेको छ।

शासनव्यवस्था रुपान्तरणको यस ऐतिहासिक मोडसँगै नेपालको सामाजिक, आर्थिक बनोट मूलतः ग्रामीणमुखीबाट सहरमुखी भइरहेको छ। रोचक तथ्य त यो छ कि नेपाल विश्वमा शहरीकरण कम भएको मुलुकमध्येमा पर्छ भने विश्वमै सहरीकरण तीव्र भएका १० वटा मुलुकहरूमध्येमा पनि नेपाल पर्दछ। नेपालमा भइरहेको यसखालको तीव्रस्तरको सहरीकरण प्रभावकारी योजनाको कमी तथा तिनको कार्यान्वयन फितलो हुन जाँदा जोखिममा पर्न जाने तथ्यसमेत विभिन्न अध्ययनहरूमा औंल्याइएको पाइन्छ। सहरीकरण प्रक्रिया थालनी भएका बजार केन्द्र र वरिपरिका गाउँहरूलाई समेत नगरपालिकामा गाभिएको परिवेशमा यस आवधिक नगर विकास योजनाले यस नगरपालिका क्षेत्रभित्र हुन सक्ने सम्भावित अव्यवस्थित सहरीकरणलाई समयमै नियमित, व्यवस्थित, योजनाबद्ध गरी आइपर्न सक्ने जोखिमको न्यूनीकरण गर्न तथा विकासको गतिलाई तीव्रता दिंदै प्राप्त प्रतिफललाई दीगो बनाउन सहयोग पुग्ने अपेक्षा लिइएको छ।

## १.२ आवधिक नगर विकास योजनाको औचित्य तथा नीतिगत व्यवस्था

माथि संकेत गरिएझैं नेपालका पुराना शहरहरूमा अनियन्त्रित, अव्यवस्थित शहरीकरणका कारण यातायात, ढल, विभिन्न किसिमका प्रदुषणको साथै खुला स्थान तथा शहरी सौन्दर्यको अभावका कारण शहरलाई आधुनिक र व्यवस्थित बनाउन कठिनाइ भइरहेको अवस्था छ। बागलुङ नगरपालिकालाई त्यस्तै अस्तव्यस्त बन्नबाट समयमै जोगाई आधुनिक, व्यवस्थित र समृद्ध नगरपालिका बनाउन नगरपालिकाको आफ्नै स्रोत साधनको प्रयोग गरी यो आवधिक योजना तर्जुमा गरिएको हो। यस योजनाले यस नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक, वन तथा वातावरण क्षेत्र तथा संस्थागत विकासका साथ साथै नागरिकले प्राप्त गर्ने सेवा प्रवाहलाई सरल, सहज, प्रभावकारी बनाउनसमेत महत्वपूर्ण भूमिका खेल्ने विश्वास नगरपालिकाले लिएको छ। शहरीकरणलाई व्यवस्थित बनाउँदै लैजानु पर्ने हुँदा यस योजनाको कार्यान्वयनबाट यस बागलुङ नगरपालिकाको शहरी सौन्दर्य अभिवृद्धि गर्ने तथा सहि रुपमा दिशा-निर्देश गर्दै शहरीकरणलाई दीगो, स्वस्थ, समयानुकूल बनाउनसमेत योगदान पुग्ने अपेक्षा गरिएको छ।

संविधानको व्यवस्था बमोजिम स्थानीय तह सञ्चालन सम्बन्धी संघीय कानून स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ। उपरोक्त ऐनको परिच्छेद ६ दफा २४ उपदफा १ ले गाउँ/नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक र विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास

योजना बनाई लागू गर्नुपर्ने कुरालाई स्पष्ट पारेको छ ।  यस प्रकारका योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने व्यवस्था रहेको छ । यो योजना तर्जुमा गर्दा उपरोक्त नीतिगत व्यवस्थालाई समेत ख्याल गरिएको छ ।

## १.३ आवधिक योजना तर्जुमाको उद्देश्य

प्रस्तावित आवधिक योजना (२०७९/०८० –२०८३/०८४) तर्जुमाको मूल उद्देश्य बागलुङ नगरपालिकाको विकास कार्यक्रमलाई योजनाबद्ध रुपमा सञ्चालन गरी नतिजामूखि योजना प्रणालीलाई योगदान गर्नु हो । यसका अन्य विशिष्ठ उद्देश्यहरू निम्न हुन् :

(क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ ले दिएको अधिकार र जिम्मेवारीको कार्यान्वयन गर्नु,
ख) रणनीतिक प्राथमिकता निर्धारण गरी विकासका सम्भावनाहरूलाई समृद्धि तर्फ उन्मुख गर्नु,
ग) वार्षिक विकास कार्यक्रमहरूलाई निश्चित गन्तव्यमा डोऱ्याउनु,
ङ) स्थानीय श्रोत, साधन र सीपको परिचालन र दिगो उपयोग गर्नु,
च) विकासमा सबै वर्ग, लिङ्ग र समुदायको समावेशी सहभागिता, समतामूलक पहुँच र अपनत्व स्थापित गर्नु,
छ) विकास कार्यक्रमलाई नतिजामूखि बनाई नगरपालिकाको योजना तथा कार्यक्रमलाई प्रभावकारी बनाउने ।
ज) विकासका आवश्यकताहरूको प्राथमिकीकरण गरी क्रमश सम्वोधन गर्दै जानु,
झ) दिगो विकासका लक्ष्यहरू स्थानीय परिवेश अनुसार प्राथमिकीकरण गरी कार्यान्वयन गर्नु,
ञ) आर्थिक रुपले विपन्न र सामाजिक रुपले पिछडिएका वर्ग र लिङ्गको संरक्षण र विकास गर्नु,
ट) आयको न्यायोचित वितरण गर्दै गरिवी न्यूनीकरण गर्नु ।
ड) योजनालाई स्थानगत (spatial) रुपमा तयार गर्ने ।

## १.४ प्रमुख कार्यहरू

अपेक्षित उद्देश्यहरू हासिल गर्नका लागि यो योजना तर्जुमाका क्रममा मुख्यतया निम्नअनुसारका कार्यहरू सम्पन्न गरिएको छ :

- विभिन्न स्रोतबाट सान्दर्भिक कागजात, प्रतिवेदन, नक्सा आदि सङ्कलन, अध्ययन तथा समीक्षा ।
- वडा स्तरीय भेला तथा अन्तक्रियामा स्थानीय आवश्यकता पहिचान ।
- योजनाहरुलाई स्थलगत रुजु गर्ने र जिआइएस मार्फत तयार गरिएका नक्शामा प्रविष्टि ।
- उद्देश्य, प्रक्रिया र अपेक्षित उपलब्धिको विषयमा छलफल विमर्शहरू सञ्चालन ।
- योजना तर्जुमाकालागि निर्देशक समिति तथा विषयगत समितिहरू गठन ।
- स्थलगत सर्वेक्षण, आवश्यक तथ्याङ्क तथा सूचना सङ्कलनका लागि विषयगत सूची तयारी,
- प्रमुख पूर्वाधारहरूको अवस्थिति नक्साङ्कन तथा सङ्कलित तथ्याङ्क र सूचनाको पूर्णता परीक्षण
- नगरको रुपरेखा तयार गर्न सामाजिक, भौतिक, आर्थिक तथा अन्य जानकारी सङ्कलन
- सहरको सामाजिक, आर्थिक स्थिति झल्काउने गरी विगतको प्रवृत्तिको विश्लेषण
- नगरपालिकाको वित्तीय र संस्थागत क्षमताको विश्लेषण
- विकासको अवसर, बाधा, कमजोरी, सम्भावना तथा अवरोधहरूबारे अध्ययन
- विद्यमान भू-उपयोगको विश्लेषण
- दीर्घकालीन सोच निर्धारण र प्रमुख क्षेत्र एवं रणनीतिहरूको पहिचानका लागि सरोकारवालाहरूसँग छलफल तथा कार्यशाला सञ्चालन

- नगरपालिकाको भू-उपयोग क्षेत्र विभाजन र नगर विस्तारसहितको भौतिक विकास योजना तयारी
- आर्थिक, सामाजिक, भौतिक, वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास योजनाहरू तर्जुमा
- बहुक्षेत्रगत लगानी योजना तयारी
- कार्यान्वयन तथा अनुगमन ढाँचा तयारी

## १.५ अध्ययनका सीमा

यो आवधिक योजना राज्य पूनसंरचना पश्चात गठन भएको तिन तहको सरकार पश्चात र स्थानीय सरकार सञ्चालन ऐन २०७४ पश्चात निर्वाचित जनप्रतिनिधिहरुको सक्रिय उपस्थीतिमा तयार गरीएको पहिलो आवधकि नगर विकास योजना हो । बागलुङ नगरपालिकाको यो आवधिक योजना तर्जुमा गर्ने समयमा नगरपालिकाको अद्यावधिक तथ्यांक नभएको र केन्द्रित तथ्यांक विभागले २०७८ मा सञ्चालन गरेको राष्ट्रिय जनगणनाबाट प्राप्त तथ्यांकको आधार र नगरपालिकाको संस्थागत तथ्यांकको आधार लिइएको छ । समय र स्रोतको कमीका कारण तथ्यांक संकलनका लागि विस्तृत सर्भेक्षण गर्न नसकिएको हुँदा नगर, प्रदेश तथा राष्ट्रियस्तरमा रहेका तथ्यांक तथा नगरपालिका पदाधिकारी र स्थानीय समुदायसँगको छलफलका आधारमा आवश्यक तथ्यांकहरू संकलन गरिएको छ ।

वाडा स्तरबाट पहिचान भएका आयोजनाहरूको लागत अनुमानमा आधारित छ। सरकारी, गैरसरकारी र अन्य विभिन्न पक्षबाट आगामी पाँच वर्षको अवधिमा नगरपालिकामा प्राप्त हुन सक्ने स्रोतको सही विवरण प्राप्त हुन नसक्ने हुँदा सम्भावित कुल बजेटमा आउने फरक यकीन गर्न सकिने स्थिति रहेको छैन । यद्यपि हालका वर्षहरूमा यस नगरपालिका क्षेत्रमा प्राप्त हुने गरेको वार्षिक बजेट, विगतको बजेट वृद्धि प्रवृत्ति र पछिल्लो परिवेशलाई मध्यनजर गरी सम्भावित बजेटको आँकलन गरिएको हुँदा योजना तर्जुमाका दृष्टिले अनुमानित बजेट धेरै हदसम्म यथार्थपरक रहने अनुमान गर्न सकिन्छ ।

# परिच्छेद २ - योजना तर्जुमा विधि र प्रक्रिया

## २.१ योजना तर्जुमाको विधि तथा प्रक्रियाहरु

बागलुङ नगरपालिकाको यस आवधिक योजनालाई बढी व्यवस्थित तथा प्रभावकारी बनाउनका लागि विभिन्न समसामयिक विधि, पद्धति तथा प्रक्रियााहरूलाई योजना तर्जुमा प्रक्रियामा अवलम्बन गरिएको छ। उक्त अवधारणाहरू देहायअनुसार रहेका छन् :

- यस योजना तर्जुमा गर्दा सकेसम्म सहभागितामूलक उपाय (Participatory Approach) अवलम्बन गरिएको छ। कार्यपालिकाका सम्पूर्ण पदाधिकारीहरू, कर्मचारीहरू तथा सरोकारवालाहरूको सहभागितामा पटक–पटक छलफल, अन्तरक्रिया गरी सर्वोत्तम विकल्पमा सहमति गर्दै योजना दस्तावेज तयारी गर्ने प्रक्रिया अघि बढाइएको थियो।
- आगामी पाँच वर्ष पश्चात नगरपालिकाको अपेक्षित चित्र/अवस्था हासिल गर्ने तर्फ दिशानिर्देश गर्ने प्रयास गरिएको छ।
- राष्ट्रिय तथा प्रदेशस्तरमा विगतको क्षेत्रगत आवधिक/रणनीति योजनाका लक्ष्य, उद्देश्यहरूसँग तादात्म्यता कायम हुने गरी सूचनामा आधारित भई योजना तर्जुमा गरिएको छ।
- उपलब्ध तथ्यांकहरूलाई विश्लेषण गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) को अवधारणालाई मध्यनजर गरिएको छ।
- कृषि, शिक्षा, स्वास्थ्य लगायतका यस नगरपालिकाका सम्भाव्य क्षेत्रहरूमा व्यवसायिक र दिगो विकासका लागि विपद प्रतिरोधी पूर्वाधार आवश्यक छ भन्ने मान्यतामा आधारित रही स्थान अनुकुलको ढाँचा तथा स्थानीयस्तरका प्रमुख विपद्हरू प्रतिरोध गर्न सक्ने क्षमतामा प्रस्ताव गरिएको छ।
- यस योजनाले नगरपालिकामा भइरहेको शहरीकरणको गतिलाई पहिलेभन्दा व्यवस्थित, नियन्त्रित, दिगो र पहिलेभन्दा बढी शहरी सौन्दर्यसमेत हासिल गर्ने दृष्टिकोणसहित कार्यक्रमहरू तय गरिएका छन्।
- यस योजनालाई नगरपालिकाको विकासको समग्र पक्षहरूलाई समेट्दै अन्य विषयगत योजनाहरुलाई दिशा निर्देश गर्ने हिसाबमा तर्जुमा गरिएको छ।
- संघीय कानूनको रुपमा रहेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँ/नगरपालिकाले योजना बनाउँदा प्राथमिकता दिनुपर्ने विषयहरुका अतिरिक्त विकास कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग तथा अन्य गाउँ/नगरपालिकासँग साझेदारी, सम्झौता र संयुक्त व्यवस्थापन गर्नसक्ने विषयहरु समेत तोकेको छ। यो योजना तर्जुमा गर्दा उपरोक्त विषयहरु समेतलाई मध्यनजर गरिएको छ।

## २.२ योजना तर्जुमाका चरणहरु

सम्झौता पश्चात परामर्शदाता संस्था र नगरपालिका विच कार्य अघि बढाउने विषयमा छलफल भएको थियो । सो क्रममा परामर्शदाता कम्पनीको तर्फबाट टिम लिडर डा. प्रताप छतकुली र शेखर चापागाइंको उपस्थिति रहेको थियो भने नगरपालिकाको तर्फबाट नगर प्रमुख वसन्त कुमार श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत हरिदत्त कँडेल, प्रशासन शाखा प्रमुख भिमसेन पन्त र इन्जिनियर त्रिलोचन गिरीको उपस्थिति रहेको थियो । सो छलफलमा आवधिक योजना तर्जुमाका चरणहरु, नगरपालिका र परामर्शदाता कम्पनीबाट पूरा गरिने जिम्मेवारीहरु आदिको सम्बन्धमा छलफल भएको थियो । यस योजना तर्जुमाका लागि देहाय वमोजिम चरणहरु अपनाइएको थियो :

### २.२.१ पुर्वतयारी तथा प्रारम्भीक अभिमुखीकरण गोष्ठी सञ्चालनः

प्रारम्भिक कार्याशालामा नगरपालिकाका निर्वाचित पदाधिकारी तथा कर्मचारीहरुलाई आवधिक योजनाको बारेमा जानकारी, यसका सहयोगी संस्थाहरू, योजना तर्जुमाका प्रस्तावित विधि र प्रक्रिया, संलग्न जनशक्ति तथा प्रस्तावित समय सीमाका बारेमा जानकारी गराइएको थियो । नगरपालिकाको सभाहलमा आयोजित यस कार्यशाला गोष्ठीमा नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरू, सदस्यहरू, नगरपालिका कर्मचारीहरू, प्रमुख राजनीतिक दलका प्रतिनिधि लगायतको उपस्थिति रहेको थियो । यस गोष्ठीले योजना तर्जुमा समिति र सहजीकरण समितिको गठन गरेको थियो ।

उपरोक्त कार्यशालामा विषयगत विकास योजना तर्जुमाका लागि विकासका समग्र विषय क्षेत्र समेट्ने गरी विभिन्न पाँच विषयगत समितिहरू आर्थिक विकास समिति; सामाजिक विकास समिति; भौतिक पूर्वाधार विकास समिति; वन, वातावरण तथा विपद् व्यवस्थापन समिति र संस्थागत विकास तथा सुशासन समिति गठन गरिएको थियो ।

### २.२.२ वडागत योजना परामर्श कार्यशाला सञ्चालनः

प्रारम्भीक अभिमुखीकरण गोष्ठीले समय तालिका तय गर्दै वडास्तरमा योजना परामर्श कार्यशाला सञ्चालन गर्ने तयारी गरेको थियो । सोही वमोजिम नगरपालिका अन्तरगतका १४ वटै वडा कार्यालयहरुमा पुगेर आवधिक योजनामा समेट्नुपर्ने वडास्तरीय योजना तथा कार्यक्रमहरुका बारेमा छलफल अन्तरक्रिया गरेको थियो । यसक्रममा सबै वडा कार्यालयमा वडा समितिका पदाधिकारीहरु, वडा सचिव तथा सो वडामा रहेका विद्यालयका प्रअहरु, नगर स्वास्थ्य क्लिनिक इन्चार्जहरु, गैससका प्रतिनिधिहरु र टोल विकास संस्थाका प्रतिनिधिहरुले राय सुझाव प्रस्तुत गरेका थिए ।

### २.२.३ बस्तुस्थिति तथ्याङ्क संकलन तथा प्रमाणिकरणः

नगरपालिकामा विकासको विद्यमान प्रगति, सामाजिक आर्थिक तथा भौतिक पूर्वाधारको अवस्था, नगरपालिकाको संस्थागत क्षमता तथा सम्पत्तिको भण्डारण जस्ता विषयहरुमा सुचना संकलन गर्ने, तिनको तालिकीकरण गर्ने र प्रतिवेदन तयार पार्ने कार्य सम्पन्न भएको थियो ।

### २.२.४ दीर्घकालीन सोच निर्धारणः

संकलित तथ्यांकहरूमा आधारित रही वस्तुगत विवरणको प्रारम्भिक खाका तयार गरिसकेपछि नगर वस्तुस्थिति विवरण प्रस्तुती तथा दीर्घकालीन सोच निर्माण कार्यशाला सञ्चालन गरियो । उपरोक्त कार्यशालामा नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरू, सदस्यहरूलगायत व्यक्तिहरुको उपस्थिति थियो ।

उपरोक्त गोष्ठीमा दीर्घकालीन सोच तर्जुमा गर्ने दौरानको सुरुमा आवधिक नगर विकास योजनाको अवधारणा, दीर्घकालीन सोचको स्थान, महत्व र आवश्यकता तथा यसका चरित्रलगायतका विषयमा सहभागीलाई प्रष्ट पारियो । तत्पश्चात् सहभागी सबैलाई मेटाकार्डमा आफूले देख्न चाहेको नगरपालिकाको आदर्श अवस्थाका बारेमा लेख्न लगाइयो । यसपश्चात् सबै सहभागीलाई चारवटा समूहमा विभाजन गरी सहभागीबाट आएको आदर्श अवस्थालाई सुधार गरी प्रस्तुत गर्न लगाइयो ।

### २.२.५ विषयगत योजना तर्जुमा कार्यशाला गोष्ठी

वागलुङ नगरपालिकामा ३ दिने विषयगत योजना तर्जुमा कार्यशाला गोष्ठी आयोजना गरियो । विषयगत योजना तर्जुमा कार्यशाला गोष्ठीको शुरुमा नगर विकासका विषयगत समस्या र सम्भावनाहरुको बारेमा सम्बन्धित समितिहरुमा बाँडिएर छलफल गरिएको थियो । यसका साथै विषयगत प्राथमिकता र रणनीतिहरु तर्जुमा गरिएको

थियो । उपरोक्त समस्या तथा सम्भावना विश्लेषण, प्राथमिकता र रणनीतिहरुका आधारमा पाँच वटै विषयगत समितिका टोलीले आगामी ५ वर्षमा हाँसिल गर्न सकिने परिलक्ष्यको निर्धारण गरेको थियो ।
यसका साथै विषयगत समूहहरुले आ आफ्नो विषयका उद्देश्य, अपेक्षित प्रतिफलहरु, सूचक तथा पुष्ट्याईंका आधारहरु र जोखिम पूर्वानुमान गरी परिलक्ष्य हाँसिल गर्नका लागि आगामी ५ वर्षमा हुनसक्ने कार्यक्रम तथा बजेट प्रस्ताव तयार पारेको थियो । विषयगत कार्यशालामा निम्नानुसार समिति र सदस्यहरुले छलफल र समूह कार्यमा भाग लिनु भएको थियो :

| | |
|---|---|
| आर्थिक विकास | आर्थिक विकास समितिका संयोजक तथा वडा न १३ का अध्यक्ष श्री नारायण प्रसाद पौडेलको अध्यक्षतामा समिति अन्तर्गत कृषि, पशुपालन, उद्योग, व्यवसाय, बैंक, तथा वित्तीय संस्था, सहकारी पर्यटन लगायत विषय उपक्षेत्रगत कर्मचारी तथा कार्यपालिका सदस्यहरु |
| सामाजिक विकास | आर्थिक विकास समितिका संयोजक तथा वडा वडाध्यक्ष श्री ज्ञानेन्द्र गौतमको अध्यक्षतामा समिति अन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, युवा तथा खेलकुद, महिला तथा बालबालिका तथा समावेशीकरण लगायत विषय उपक्षेत्रगत कर्मचारी तथा कार्यपालिका सदस्यहरु |
| भौतिक पूर्वाधार विकास | भौतिक पूर्वाधार विकास समितिका संयोजक तथा वडा न. ८ का अध्यक्ष श्री छम बहादुर कार्कीको अध्यक्षतामा समिति अन्तर्गत सडक यातायात, उर्जा, सञ्चार, भवन तथा वस्ती विकास, पुरातात्वीक संरचना लगायतका विषय उपक्षेत्रगत कर्मचारी तथा कार्यपालिका सदस्यहरु |
| वातावरण तथा विपद व्यवस्थापन | वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक तथा वडाअध्यक्ष श्री राजु थापाको अध्यक्षतामा वातावरण तथा भूसंरक्षण, विपद् व्यवस्थापन, फोहरमैला व्यवस्थापन, जलवायु कार्य लगायतका विषयगत कर्मचारी र कार्यपालिका सदस्यहरु |
| संस्थागत विकास तथा सुशासन | संस्थागत विकास तथा सुशासन समितिका संयोजक वडाध्यक्ष श्री कुमार विक्रम क्षेत्री को अध्यक्षतामा संस्थागत विकास, नीति तथा कानुन, प्रशासन, सुचना प्रविधि लगायतका विषय उपक्षेत्रगत कर्मचारी र कार्यपालिका सदस्यहरु |

### २.२.६ मस्यौदा प्रतिवेदन लेखन तथा सुझाव प्राप्तिः

विषयगत योजना तर्जुमा कार्यशाला पश्चात परामर्शदाता कम्पनीका विज्ञ टोलीले मस्यौदा प्रतिवेदन तथा योजना दस्तावेज लेखन कार्य सम्पन्न गरेको छ । यसमा नीतिगत तथा सैद्धान्तीक विषय देखि योजनाको लक्ष्य उद्देश्य, रणनीति, सूचक र कार्यक्रम समेत तयार पारिएको छ । जम्मा १० खण्डमा तयार पारिएको दस्तावेजमा वडागत योजनाहरुको विवरण अनुसूचीमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत योजना दस्तावेजलाई मस्यौदा प्रतिवेदनका रुपमा नगरपालिका कार्यालयमा पेश गरी नगरपालिकाद्धारा आयोजना गरिएको प्रस्तुतिकरण कार्यक्रममा छलफल गरिएको छ। छलफल कार्यक्रमका सहभागीहरुद्धारा दस्तावेजमा प्रस्तुत गरिएका तथ्य तथ्यांक र योजना तथा कार्यक्रमहरु उपर सुझाव प्रस्तुत गर्नुभएको छ। उक्त प्रस्तुतिमा प्राप्त मूख्य मूख्य सुझावहरु देहाय वमोजिम रहेका थिए :

### २.२.७ अन्तिम मस्यौदा प्रतिवेदन नगर कार्यपालिकामा पेश :

आवधिक योजना तर्जुमा गर्ने कार्यको सम्पूर्ण चरण पुरा गरी आ.व.(०७९।०८०) मा नै मस्यौंदा प्रतिवेदन पेस गरी नगर कार्यपालिका बैठकबाट स्वीकृति भइसकेको थियो यद्यपी त्यसमा आएका थप सुझाव तथा पृष्ठपोषणलाई थप परिमार्जन गर्दै पुनः छलफल गरी नगरपालिकाका सम्पूर्ण पदाधिकारी तथा कर्मचारीहरुको संयुक्त उपस्थीतिमा प्रस्तुति पश्चात अन्तिम रुप दिइएको थियो ।

# परिच्छेद ३ : नगर विकासको विद्यमान अवस्था र उपलब्धी समिक्षा

## ३.१ नगरपालिकाको संक्षिप्त परिचय

बागलुङ जिल्लाको पूर्वी क्षेत्रमा कालीगण्डकी नदीको तटीय इलाका रहेका तत्कालीन कालिका, मुलपानी र लहरेपिपल गाउँ विकास समितिहरुलाई समायोजन गरी पहिलो पटक वि.सं. २०५३ साल माघ १८ गते बागलुङ नगरपालिकाको घोषणा गरिएको थियो । तत्कालीन अवस्थामा ११ वडामा विभाजित बागलुङ नगरपालिकामा परिवर्तित संघीय संरचना अनुसार नेपाल सरकारको २०७३/११/२७ को निर्णयले साविक बागलुङ नगरका छिमेकी मालिका गा.वि.स. वडा नं. ६ बाहेकको सिगाना, तित्याङ, भकुण्डे, रायडाडा, अमलाचौर, पैंयुपाटा, नारायणस्थान र पालाको उत्तरी खण्ड वडा नं. ६, ७, ८ र ९ समावेश गरी हाल बागलुङ नगरपालिका क्षेत्रलाई १४ वटा वडामा विभाजन गरिएको छ । वडा नं. १, २, ३ र ४ मुख्य बजार क्षेत्रमा रहेका छन् भने धौलागिरीको एकमात्र वलेवा हवाईमैदान सँगसँगै रहेको वडा नं. १४ नारायणस्थान, शहरी विकासका लागि पर्याप्त सम्भावना बोकेको क्षेत्र हो । बागलुङ नगर गण्डकी प्रदेशको दोस्रो ठूलो शहरी क्षेत्रको रुपमा रहेको छ ।

## ३.२ नगरपालिकाको भौगोलिक अवस्था

यो नगर भौगोलिक दृष्टिकोणले झण्डै झण्डै मध्य नेपालमा पर्ने पहाडी जिल्ला बागलुङको पूर्वी इलाकामा प्रसिद्ध कालीगण्डकीको तटमा अवस्थित छ । कालीगण्डकीको तटवर्ती इलाकामा धौलागिरी हिमालको छविछायामा २८ डिग्री ११ मिनेट देखि २८ डिग्री २० मिनेट उत्तरी अक्षांश र ८३ डिग्री ३२ मिनेट देखि ८३ डिग्री ३८ मिनेट पूर्वी देशान्तरमा ९८ डिग्री ०१ मिनेट वर्ग कि.मी. क्षेत्रफलमा रहेको बागलुङ नगर क्षेत्रसम्म फैलिएको छ । "माछिचरन देखि डाफेचरन" बागलुङ नगरपालिका समुन्द्री सतहबाट १५० मिटरम्मको उचाईमा अवस्थित छ ।

## ३.३ प्राकृतिक तथा सांस्कृतिक सम्पदा

पवित्र कालीगण्डकी नदी, प्रसिद्ध कालिका भगवती मन्दिर क्षेत्र, मालिका भगवती मन्दिर क्षेत्र, पञ्चकोट सर्वसिद्धि धाम भैरवस्थान मन्दिर क्षेत्र, मनकामना तथा रानीभुमे मन्दिर क्षेत्र, सिगाना कोट मन्दिर क्षेत्र, कुंडुले लक्ष्मीनारायण मन्दिर क्षेत्र, वलेवा हवाई मैदान, बौडिचौर भकुण्डे क्षेत्र, वराह ताल, निरयघाट तथा कैलाम पोखरी बागलुङ नगरका भौगोलिक तथा धार्मिक एवं सांस्कृतिक पर्यटकीय स्थलहरु हुन् ।

बागलुङ नगरमा ऐतिहासिक सामाजिक महत्वका ताराजलकोट, कारिकोट, माझकोट, रायकोट र संसारकोट गरी ५ वटा कोटहरु रहेका छन् । यिनै पाँचकोटको प्रतिनिधित्वको रुपमा वडा नं. ६ पञ्चकोटमा स्वामी कमल नयनाचार्यज्यूको सकृयतमा १०८ फिट अग्लो तामाको कलश, २१५५ के.जी. विशाल घण्ट, अधिक क्षमताको सभाहल सहति थुप्रै संरचनाहरु निर्माण भएका छन् हाल यस क्षेत्र आन्तरिक तथा बाह्य धार्मिक पर्यटकहरुको महत्वपूर्ण गन्तव्य स्थलको रुपमा विकास हुँदै गएको छ । त्यस्तै गरी १५१ रोपनी क्षेत्रफलमा फैलिएको गन्तव्य स्थल धार्मिक तथा पर्यटकीय महत्वको कालिका भगवती मन्दिरमा प्रत्येक वर्ष आश्विन शुक्लपक्ष र चैत्र शुक्लपक्षको नवदुर्गा अवधिमा भक्तजनहरुको ठूलो घुइचो लाग्दछ भने चैत्र शुक्लपक्षमा कालिका मन्दिर परिसरमा चैते दशैं मेला लाग्दछ । त्यस अवसरमा लाखौं श्रद्धालु भक्तजनहरुको उपस्थिति रहन्छ । यस क्षेत्रसँगै धौलागिरी अञ्चलका शहिदहरुको सम्झनामा निर्माण गरिएको धौलागिरी शहिद स्मृतिपार्क पनि रहेको छ । वडा नं. १२ मा अवस्थित भैरवस्थान मन्दिरमा नित्य पुजा गरिन्छ खासगरी मङ्गलवार र शनिवार विशेष पूजाआजा गरिन्छ जुन समयमा हजारौं भक्तजनहरुको उपस्थिति रहन्छ ।

## ३.४ जनसांख्यीक अवस्था

वि.स. २०७८ को जनगणना अनुसार वागलुङ नगरपालिकाको जनसंख्या ५६,१०२ रहेको छ जसमध्ये महिला ३००२२ र पुरुष २६०८० छन । कुल घरधुरी संख्या १५,९२४ रहेको यस नगरपालिकामा अनुपस्थित जनसंख्या उल्लेख्य मात्रामा रहेकोछ। सरदर परिवार संख्या ३ प्रतिशत रहेको छ। यसको सरदर साक्षरता ९५ प्रतिशत पुगि सकेको छ ।

तालिका नं. १ : वडागत जनसंख्या र घरधुरी

| वडा | घरधुरी संख्या | जनसंख्या | | | औसत घरधुरी संख्या | लैंगिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | कुल | पुरुष | महिला | | |
| जम्मा | १५९२४ | ५६१०२ | २६०८० | ३००२२ | ३.५२ | ८६.८७ |
| १ | १३६१ | ४७४६ | २२७५ | २४७१ | ३.४९ | ९२.०७ |
| २ | २२१६ | ७३१८ | ३४८६ | ३८३२ | ३.३० | ९०.९७ |
| ३ | २७८२ | ९८२९ | ४५६९ | ५२६० | ३.५३ | ८६.८६ |
| ४ | १३१३ | ४८९२ | २२७५ | २६१७ | ३.७३ | ८६.९३ |
| ५ | ५३८ | २००५ | ९६३ | १०४२ | ३.७३ | ९२.४२ |
| ६ | ६६७ | २४८९ | ११५८ | १३३१ | ३.७३ | ८७.०० |
| ७ | ८७१ | ३०९२ | १४२५ | १६६७ | ३.५५ | ८५.४८ |
| ८ | ६६४ | २२९२ | १०३६ | १२५६ | ३.४५ | ८२.४८ |
| ९ | ९३० | ३३२३ | १५०० | १८२३ | ३.५७ | ८२.२८ |
| १० | ८४८ | ३०७७ | १४३० | १६४७ | ३.६३ | ८६.८२ |
| ११ | ४४२ | १५८७ | ७३० | ८५७ | ३.५९ | ८५.१८ |
| १२ | ११४४ | ३९३३ | १८०४ | २१२९ | ३.४४ | ८४.७३ |
| १३ | १३३६ | ४५४७ | २०५९ | २४८८ | ३.४० | ८२.७६ |
| १४ | ८१२ | २९७२ | १३७० | १६०२ | ३.६६ | ८५.५२ |

*स्रोत : राष्ट्रिय जनगणना, २०७८*

## ३.५ आर्थिक विकासको अवस्था

यस नगरपालिका बासीको कृषि, ब्यापार, स्वदेशी तथा वैदेशिक रोजगारी मुख्य पेशा ब्यवसायहरु हुन् । अधिकांश घरधुरीको मुख्य पेशा कृषि नै भए पनि आम्दानीको प्रमुख स्रोतमा भने विस्तारै परिवर्तन आएको छ। विगत विगत २० वर्षअघि करिब २०५५ साल तिर अधिकांश घरधुरीको आम्दानीको मुख्य स्रोत कृषि एवम् ज्यालादरी रहेकोमा हाल आएर कृषि तथा ज्यालादारीलगायत वैदेशिक रोजगारी, व्यापार व्यवसाय, नोकरी पनि आम्दानीको मुख्य हिस्साका रुपमा बढ्दै गएको देखिन्छ। वैदेशिक रोजगारी त अहिलेको प्रमुख आम्दानीको स्रोत बन्न पुगेको छ। करिव १४ प्रतिशत घरधुरीबाट रोजगारीको लागि विदेश गएको अनुमान गर्न सकिन्छ।

तालिका नं. २ : वागलुङ नगरपालिकामा रोजगारीको अवस्था

| Occupation | Total | Employee | Employer | Own account worker | Contributing family member | Not stated |
|---|---|---|---|---|---|---|
| Armed forces | 54 | 54 | 0 | 0 | 0 | 0 |
| Managers | 2481 | 611 | 328 | 1534 | 0 | 8 |
| Professionals | 1554 | 1426 | 52 | 67 | 6 | 3 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| Technicians and associate professional | 650 | 554 | 18 | 71 | 4 | 3 |
| Office assistance | 608 | 510 | 10 | 66 | 20 | 2 |
| Service & sale workers | 1534 | 658 | 42 | 704 | 127 | 3 |
| Skilled agri.,forestry & fishery workers | 11181 | 217 | 36 | 10024 | 899 | 5 |
| Craft and related trades workers | 1554 | 1110 | 37 | 386 | 19 | 2 |
| Plant & machine operating/fitting | 690 | 462 | 14 | 209 | 2 | 3 |
| Elementary workers | 6390 | 2666 | 12 | 1295 | 2403 | 14 |
| Occupation not stated | 51 | 8 | 1 | 2 | 7 | 33 |
| **Total** | **26747** | **8276** | **550** | **14358** | **3487** | **76** |

*स्रोत : राष्ट्रिय जनगणना, २०७८*

तालिका नं. ३ : साना तथा मझौला उद्यम व्यवसायमा संलग्न परिवार

| जम्मा परिवार | उद्यममा संलग्न नभएको | साना उद्यम व्यवसायहरु | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | घरेलु उद्योग | ब्यापार व्यवसाय | यातायात व्यवसाय | सेवामुलक | अन्य | उल्लेख नभएको |
| १५९२४ | १४४६७ | २५० | ७४५ | ४३ | २८५ | ५९ | ७५ |
| १०० | | | | | | | |

*स्रोत : राष्ट्रिय जनगणना, २०७८*

आफ्नो आम्दानी/उत्पादनले वर्षैभरि खानपुग्ने घरपरिवारको संख्यामा पनि यस अवधिमा उल्लेख्य सुधार हुँदै आएको पाइन्छ। गत २० वर्षअघि करिब २० प्रतिशत घरपरिवारलाई आफ्नो आम्दानी/उत्पादनले वर्षभरि खान नपुग्ने अवस्था थियो भने हाल आएर करिब ९५ प्रतिशतभन्दा बढी घरपरिवार आफ्नो आम्दानी/उत्पादनले वर्षभरि खान पुग्ने अवस्थामा पुगेको देखिन्छ।

## ३.६ सामाजिक विकासको अवस्था

यस नगरपालिकामा, अञ्चल अस्पताल १, बागलुङ नगरमा जनस्वास्थ्य तर्फ १० स्वास्थ्य चौकी, १ सामुदायिक स्वाथ्य र इकाई ४ शहरी स्वास्थ्य केन्द्र, १ आयुर्वेद औषधालय र ३ वटा स्वास्थ्य चौकीमा वर्थिङ सेन्टरहरु समेत सरकारी तवरबाट संचालित छन् भने बजार क्षेत्रमा ३ वटा अस्पतालहरु र केही क्लिनिकहरु निजी क्षेत्रबाट संचालित छन्। त्यसैगरी शिक्षातर्फ १ आंगिक क्याम्पस, २३ मा.वि., १३ आधारभूत विद्यालय तथा ४९ प्रा.वि., १ वेद विद्याश्रम तथा २ मदरसा गरी जम्मा ८८ वटा सामुदायिक विद्यालयहरु सरकारी तवरबाट संचालित छन् भने २४ वटा संस्थागत विद्यालयहरु निजी क्षेत्रबाट संचालित छन्। त्यसैगरी विद्यालय तथा समुदायमा आधारित गरी जम्मा ८५ वटा बालविकास केन्द्रहरु संचालनमा रहेका छन्।

तालिका नं. ४ : नगरपालिका भित्र शैक्षिक योग्यताको अवस्था

| जम्मा | पूर्व प्राथमिक | प्राथमिक | माध्यमिक | एसइइ वा सरह | प्रमाणपत्र तह वा सरह | स्नातक वा सरह | स्नातकोत्तर वा सरह | अन्य | तह विहीन | तह उल्लेख नगरेको |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 43951 | 1546 | 10121 | 14145 | 5661 | 7806 | 2164 | 1057 | 32 | 919 | 500 |

*स्रोत : राष्ट्रिय जनगणना, २०७८*

शिक्षा क्षेत्रतर्फ विद्यालय जाने उमेरभन्दा माथिल्लो उमेर समूहका (१५–६०) करिब ९८.३ प्रतिशत नागरिक साक्षर भएको २०७८ को सर्भेक्षणले देखाउदछ। तर माथि उल्लेखित तालिका अनुसार कुल जनसंख्या ५६१०२ मध्ये ४३९५१ जनसंख्याको मात्र शैक्षिक स्तर मापन भएको छ।

तालिका नं. ५ : नगरपालिकामा मानिसको मृत्युका कारणहरु

| उमेर समूह | जम्मा | सरुवा रोग | नसर्ने रोग | सडक दुर्घटना | अन्य दुर्घटना | प्रजनन रोग | अपराध | आत्महत्या | दैवी प्रकोप | अन्य | उल्लेख नभएको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| <१ | ८ | ० | ५ | ० | ० | ० | ० | ० | १ | २ | ० |
| ०१-०५ | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ०५-२० | १४ | १ | ६ | १ | ५ | ० | ० | १ | ० | ० | ० |
| २०-४० | ४१ | ८ | २० | १ | ३ | ० | ० | ४ | २ | २ | १ |
| ४०-६० | ७५ | १९ | ३४ | १ | ५ | ० | ० | ३ | २ | ११ | ० |
| ६०-८० | १९७ | ३२ | १२३ | १ | ८ | ० | ० | १ | ११ | २१ | ० |
| ८० + | १५७ | १० | ७८ | ० | ६ | ० | १ | ० | ११ | ४९ | २ |
| जम्मा | ४९३ | ७० | २६७ | ४ | २७ | ० | १ | ९ | २७ | ८५ | ३ |

*स्रोत : राष्टिय जनगणना, २०७८*

स्वास्थ्य संस्था तर्फ यस नगरपालिकामा हालसम्म १४ वटा (१ अस्पताल, १२ वटा हेल्थपोष्ट, आर्युवेद १, शहरी स्वास्थ्य क्लिनिक ७ र खोप क्लिनिक ३६ रहेका छन्। नगरका सबै वडामा सबै नागरीकको पहुँचमा न्यूनतम स्वास्थ्य सेवामा पहुँच पुगेको देखिन्छ।

बागलुङ नगरपालिकामा ९३ प्रतिशत जनसंख्याले पाइपलाइनबाट खानेपानीको सुविधा पाइरहेका छन् । यसको अलावा करिब ४ प्रतिशतले परम्परागत धारा तथा कुवाबाट पानी पिउने गरेका छन भने बाकी थोरै जनसंख्याले मात्र अन्य स्रोतबाट पानी पिउने गरेको राष्टिय जनगणनाको प्रतिवेदनले देखाउदछ।

यस नगरपालिकामा ब्राम्हण, क्षेत्री, मगर र दलित तथा नेवार समुदायको मुख्य बसोबास रहेको छ।

## ३.७ भौतिक पूर्वाधारको अवस्था

सडक यातायातमा पोखरा बागलुङ हुँदै मुस्ताङ सम्म पुग्ने सडक र मध्यपहाडी सडकले यस नगरपालिकालाई छोएको छ जुन सडकले यस नगरपालिकाको आर्थिक सामाजिक विकासमा ठूलो योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। नगरपालिकाका बजार क्षेत्रका वडाहरू (वडा नं.१,२,३ र ४) मा नाली सहितका कालोपत्रे सडकको निर्माण भएको देखिन्छ भने बाहीरी क्षेत्रमा अझै धुले सडक र केही स्थानमा ग्राभेल तथा आंसिक ढलान गरी आवागमनलाई सहज पुर्याउन कोशिस गरेको देखिन्छ। खास गरी मध्य पहाडी सडक यही पालिका भएर जाने हुँदा यसका आसपासका सडकहरुको स्तरोन्नती गर्ने कार्यले प्राथमिकता पाइरहेको छ।

## सडक सञ्जालको विद्यमान अवस्था

| क्र.सं. | सडकको वर्गीकरण | लम्बाई (कि.मी.) | सडकको औषत चौडाइ (मी.) | सडकको सेवा पुगेका वडाहरु |
|---|---|---|---|---|
| १ | ......... राजमार्ग | २० | ८ | १३, १४, ३, ४ |
| २ | सहायक राजमार्ग | ८ | ६ | १, ४ |
| ३ | पक्की तथा कालोपत्रे | ३० | ६ | १, २, ३, ४, ६ |
| ४ | ग्राभेल सडक | ३० | ५ | १, २, ३, ४, ८, ९ |
| ५ | कच्ची सडक/मौसमी सडक | २०० | ५ | १-१४ |
| ६ | मुल बाटो | २८ | १.५ | १-१४ |
| ७ | इँटा विच्छाइएको बाटो | ० | | |
| ८ | ढुंगा छापेको बाटो | १ | २.५ | ३, १४ |
| ९ | सिढी तथा खुडकिला/भऱ्याङ | ५ | १.५ | १-१४ |
| | जम्मा | ३२२ | | |

## निर्माणधीन/नगर स्तरीय सडकहरु

| सडकको किसिम | अनुमानित लम्बाइ कि.मी. | सडकको औषत चौडाइ (मी.) | सडकले सेवा पुग्ने सक्ने वडा तथा बस्तीहरु | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|
| कालोपत्रे | २ | ५.५ | १, २, ३, ४ | १०००० |
| ग्राभिल | १ | ५.५ | १, २, ३, ४ | ५००० |
| कच्ची तथा धुले | ३० | ७ | १ – १४ | ३०००० |
| जम्मा | ३३ | | | ४५००० |

*स्रोत : नगरपालिका प्रोफाइल, २०७५*

खेलकुदको पूर्वाधार तथा खेलकुद विकासको दृष्टिकोणले नगरपालिका प्रारम्भिक अवस्था रहेको पाइन्छ। विद्यालयस्तरमा हुने केही प्रतियोगिताहरूबाहेक अन्य नियमित खेलकुद प्रतियोगिताको अभ्यास न्यून रुपमा हुने गरेको छ। मुख्य खेलकुद मैदानहरू विद्यालयमा रहेका खेलकुद मैदानहरू नै हुन्। हाल आएर नगरस्तरीय खेलकुद आयोजनाको लागि बजेट पनि विनियोजन गरिएको छ। बागलुङ बजार क्षेत्रमा खेलकुद मैदान प्रयोगमा आएको देखिन्छ।

करिब ९५ प्रतिशतभन्दा बढी घरधुरीमा मोवाइल फोन तथा अन्य फोन सेवा भएको पाइन्छ। प्राय सबै घरधुरीसँग मोवाइल सेवाको पहुँच रहेको अवस्था रहेको देखिन्छ। त्यस्तै गरी इन्टरनेट सेवा लिने घरपरिवार पनि उल्लेख्य रुपमा बृद्धि भइरहेको देखिन्छ।

ऊर्जाको स्रोतमा पनि उल्लेख्य रुपमा परिवर्तन आएको देखिन्छ। हालभन्दा करिब २० वर्ष अगाडिसम्म धेरै घरधुरीले बत्तीका लागि खासगरी मट्टितेल प्रयोग गर्ने गरेको पाइन्थ्यो भने हाल आएर अधिकांस घरधुरीमा विद्युत्तिय सेवामा

पहुँच पुगेको छ । यस्तै, खाना पकाउने प्रयोजनका लागि २० वर्ष अघिसम्म धेरैजसो घरधुरीको मुख्य स्रोत दाउरा थियो भने अब विस्तारै ग्याँस, बिजुली खाना पकाउने मुख्य ऊर्जाका रुपमा स्थापित हुँदै गएका छन् । तथापी यस नगरपालिकामा अझै उल्लेखनीय संख्यामा दाउरा (६४%) प्रयोग भएको पाइन्छ ।

तालिका नं. ५ : नगरपालिकाभित्र रहेका परिवारको घरमा स्वामित्वका प्रकारहरु

| कुल | आफ्नै स्वामित्व | भाडामा | संस्थागत | अन्य |
|---|---|---|---|---|
| १५९२४ | ११७३१ | ३९७८ | १४७ | ६८ |

*स्रोत : राष्ट्रिय जनगणना, २०७८*

## ३.८ संस्थागत विकास र संगठनात्मक अवस्था

बागलुङ नगरपालिका १४ वडामा विभाजन गरिएको छ । नगरकार्यपालिका कार्यालय वडा नं. ३ को बागलुङ बजारमा अवस्थित छ । नगरपालिकाको प्रशासकीय कार्यालय विभिन्न ३ वटा भवनहरुबाट सञ्चालित छ । एकिकृत सेवा प्रवाहका लागि अर्को भवन निर्माणको तयारी भइरहेको छ । १४ वटै वडाका आआफ्नै कार्यालय भवनहरु रहेका छन् ।

प्रशासकीय भवनमा सेवा प्रवाहलाई व्यवस्थित गर्नका लागि सूचना प्रविधिको प्रयोगलाई प्राथमिकतामा राखिएको छ । कार्यालयका प्रत्यक कार्यकक्षमा सिसिटिभी जडान गरी नगर प्रमुखको बाट अनुगमन गर्न मिल्ने व्यवस्था मिलाइएको छ ।

नगरपालिकाको शासकीय व्यवस्थापनका लागि नगर प्रमुख, उपप्रमुख सहित १४ वटै वडामा वडाध्यक्षहरु सहित ७२ जना निर्वाचित पदाधिकारीहरु क्रियाशिल रहेका छन् । यसबाहेक २ जना कार्यपालिका सदस्यहरुको निर्वाचन भएको छ । नियमित शासन सञ्चालन र निर्णयकर्ताको रुपमा नगरपालिकामा कुल २४ जनाको कार्यपालिका रहेको छ । संस्थागत व्यवस्थापन तथा प्रशासन सञ्चालनका लागि नेपाल सरकारका द्धितिय श्रेणीका अधिकृत सरह रहनेगरी प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा अधिकृत तथा सहायकस्तरका कर्मचारीहरु रहेका छन् ।

प्रशासनिक तथा प्राविधिक जनशक्तिको उपलब्धता निम्नानुसार रहेको छ :

| पदनाम | संख्या | पदनाम | संख्या |
|---|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | | कृषि तर्फ अधिकृत | |
| अधिकृत (प्रशासन) | | कृषि तर्फ सहायक | |
| अधिकृत (प्राविधिक) | | स्वास्थ्य तर्फ अधिकृत | |
| अधिकृत/संयोजक (परियोजना) | | स्वास्थ्य तर्फ सहायक | |
| सहायक (प्रशासन) | | वडा सचिव | |
| सहायक (प्राविधिक) | | सहायक (परियोजना/कार्यक्रम) | |

**अचल सम्पत्ति विवरण**

| क्र.सं. | अचल सम्पत्ति | इकाइ | स्वामित्वमा रहेको न.पा. | कैफियन |
|---|---|---|---|---|
| १ | भवन | १३ | बागलुङ |  |
| २ | जमिन | २८.७ | बागलुङ |  |
| ३ | गाडी | ३ | बागलुङ |  |
| ४ | मोटर साइकल | ७ | बागलुङ |  |
| ५ | अन्य मेशिन | ३ | बागलुङ | दमकल, फोहोरमैलाको गाडी |
| ६ | अन्य |  |  |  |

*स्रोत : नगरपालिका प्रोफाइल, २०७५*

## ३.९ योजनावद्ध विकासका उपलब्धीहरुको समिक्षा

बागलुङ नगरपालिकाले विगत आर्थिक वर्ष २०५८/५९ मा पहिलो पटक ५ वर्षे आवधिक योजना तर्जुमा गरेको थियो । सो योजना अनुरुप विकासका कामहरु ऋघि बढेका र सरकारी निकचायहरुले यसै योजना वमोजिम विकाय बजेट विनियोजन गर्न थालेका थिए । तर देशमा शुरु भएको संक्रमणकालीन राजनीतिले गर्दा योजनावद्ध विकास नभई तदर्थवादी ढंगले बजेट खर्च हुन थाल्यो । त्यतिबेला शुरुवात गरिएको नगरपालिकाको ल्याण्डफिल साइट, कालिका मन्दिर र पञ्चकोट क्षेत्रको गुरुयोजना वमोजिमको पूर्वाधार निर्माणले निरन्तरता पाउन सकेन ।

विगतको नगरपालिका क्षेत्र र विशेषगरी बजार एरिया बाहेक नयाँ नगरपालिकाको भौगोलिक सिमानामा अन्य ग्रामीण क्षेत्रहरु ठूलो मात्रामा थप भएपछि यहाँको योजनावद्ध विकास द्धिविधामा परेको थियो । नयाँ संविधान र संघीयता पश्चात २०७४ सालमा सम्पन्न पहिलो नगर निर्वाचनबाट निर्वाचित टिमले समेत यसप्रकार आवधिक वा दिर्घकालीन योजना तर्जुमा गर्न सकेन । यसैविच नगरपालिकामा विश्व वैंकको इमर्जिङ टाउन डेभेलप्मेन्ट प्रोजेक्ट शुरु गरियो, जसबाट नगर क्षेत्रमा सडक, ढल तथा अन्य शहरीय पूर्वाधारहरु निर्माणको काम सँगसँगै अघि बढिरहेको छ ।

नगरपालिकाको समग्र विकासका लागि दीर्घकालीन सोच र योजना बनाउनु अघि विगतको विकास प्रयास र प्रवृत्तिको लेखाजोखा गर्नु सान्दर्भिक हुन जान्छ । यसर्थ यस शीर्षकमा यहाँ गत १० वर्ष (२०७० - २०८०) को अवधिमा विकासका प्रमुख विषय क्षेत्रमा देखिएका विकास प्रवृत्तिको लेखाजोखा गर्न खोजिएको छ ।

नगरपालिकाले शिक्षा विकासको लागि गुरु योजना बनाएर कार्यान्वयन गरिरहेको छ । जसको परिणाम स्वरुप शिक्षा क्षेत्रमा केही सुधारका संकेतहरु देखिन थालेका छन् ।

हाल आएर बालबालिकालाई विद्यालय पठाउने प्रवृत्तिमा धेरै सुधार भएको देखिन्छ । नगरपालिकाका बाहीय भूभागका केही बालबालिका विद्यालय नगएको तर नगरपालिकाका अधिकांस बालबालिका विद्यालय जाने गरेको पाइन्छ । नगरपालिका भरिका धेरैजसो विद्यालयमा हालका वर्षहरूमा एसइइमा ए प्लस र साविक एसएलसीको प्रावधान हुँदा विशिष्ठ श्रेणी ल्याई उत्तीर्ण गर्ने विद्यार्थीहरूको संख्या भने अत्यन्त नगन्य रहेको पाइन्छ, यसबाट शिक्षाको गुणस्तरमा भने धेरै सुधार गर्नुपर्ने देखिन्छ ।

त्यसैगरी नगरपालिकाले नगर यातायात गुरुयोजना तर्जुमा गरेको छ तर यसको ब्यवस्थित कार्यान्वयन ह'न सकेको छैन । यस योजना बमोजिम सडक रेखांकन र मापदण्ड निर्धारण भएको छैन ।

# परिच्छेद ४ - योजनाको दिर्घकालीन सोंच, लक्ष्य, उद्देश्य तथा रणनीति

## ४.१ पृष्ठभूमि

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको राज्य संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र नेपालको राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुनबमोजिम गर्नेछन् भनी उल्लेख गरेको छ। यस्तै, सोही संविधानले संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारभित्रको आर्थिक अधिकारसम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्नेछन् भनी उल्लेख गरेको छ। संविधानले परिकल्पना गरेका स्थानीय तहहरूमध्ये बागलुङ नगरपालिका एक भएकाले संविधान प्रदत्त दायित्व तथा अधिकार प्रयोग गरी नगरपालिकाले नगर विकासका समग्र पक्षहरूको बृहत्तर अध्ययन पश्चात् उपलब्ध संभावना, अवसर, समस्या, बाधाहरूलाई मध्यनजर गर्दै दीर्घकालीन सोचका साथ नगर विकास प्रक्रियालाई अघि बढाउनु यो आवधिक नगर विकास योजनाको मूल अवधारणा हो। यस योजनाको समग्र उद्देश्य नगरवासीको साझा भविष्य कोर्न सरोकारवालाहरूसँगको समझदारीमा साझा दस्तावेज तयार गर्नु हो। यसले नगरको दीर्घकालीन सोच, नगर विकासको समष्टिगत लक्ष्य तथा उद्देश्य निर्धारण गरी सो प्राप्त गर्नका लागि आवश्यक नीति, रणनीति, प्राथमिकता पहिचान गर्दै नगर विकासको लागि भविष्यको मार्गचित्र तयार गर्दछ। यो योजना स्थानगत विशेषताहरूमा आधारित बहुविषयगत योजना तथा नगरस्तरीय विभिन्न विषयगत योजनाहरूका लागि मार्गदर्शक योजना हो।

## ४.२ समस्या तथा सवालहरुको विश्लेषण

नगरपालिकाको सर्वाङ्गिण विकासका लागि विद्यमान सम्भावना, अवसर, कमजोरी र चुनौतिहरू के के छन् भनी समूह कार्य गरिएको थियो, जसअनुसार नगरपालिकाको अवस्था देहायअनुसार रहेको छ:

### ४.२.१ आर्थिक विकास क्षेत्रका सवलता तथा समस्याहरुको लेखाजोखा

| समस्याहरु | समस्याको आधारहरु | कारणहरु |
|---|---|---|
| **कृषि विकास** | | |
| १.जनशक्तिको अभाव प्रविधिको अभाव | १. प्रयाप्त मात्रमा कृषि प्रविधिकको अभाव जम्मा ४ जना | १. प्राविधिक शिक्षालयको कमी र वैदेशिक रोजगार प्रति आर्कशन |
| २. बजारीकरणको अभाव | २.भैागोलिक विक्ेता र निर्यातमा असहजता | २. सडक संजाल र निर्यातका साधनहरुको अभाव |
| ३.चेतनाको अभाव | ३. निर्वाभामुखि उत्पादन | ३. कषि संकलन केन्द्र र हाट बजारको व्यवस्थापन नहुनु। |
| **पशु विकास** | | |
| १. पशुजन्य रोगको प्रकोट | १.गाई ,गोरु ,वंगुर र कुखुराको ठुलो मात्रामा मर्नु | १. प्राधिक र प्रविधिको कमीका कारण समयमै उपचार नहुनु |
| **वित्तिय संस्था र सहकारी** | | |
| १. आर्थिक कारोवारको हिनामिना | १. बागलुको नगर २ ठुला सहकारीहरुको झन्डै तीन अर्ब अपचलन | २. सहकारी ऐन नियम मुख्य मान्यता तथा सहकारी शिक्षाको कमी |

| | | |
|---|---|---|
| **सिचाई** | | |
| १. जलवायु परिवर्तनले मुल सुक्नु<br>२.सिचाईका पुर्वाधारको अभाव | १. अत्याधिक मात्रामाबायु प्रदुषण कारण स्वयम वर्षा नहुनु<br>२. जमिनको खण्डिकरण र झन्झटिलो अनुदान प्रक्रिया | १. बढि मात्रामा सवारी साधनको प्रपयोग<br>२. अनियन्त्रित रुपमा पुर्वाधारहरुको निर्माणले मुलको संकट |
| **पर्यटन तथा संस्कृति** | | |
| १. पर्यटकीय क्षेत्रहरुको पहिचानगरि प्रसार प्रचार गर्न नसक्नु । | १. नगरस्तरीय पर्यटन शाखानहुनु जस्तै पञ्चकोट, सालिग्राम संग्रालय विश्वको लामो पुल ,कालिकामन्दिर तथा भैवस्थाना र मुलाबारी जस्ता पर्यटकीय स्थलहरुको महत्वतथा सौन्दयको कारण | १.पर्यटन पुर्वाधार व्यवस्थापन गर्न बजेटको अभाव । |
| **उद्यमव्यापार र रोजगार** | | |
| १.उद्यमीले उत्पादन गरेको विभिन्न उत्पादित वस्तुहरुको बजारीकरणको समस्या तथा जिविकोपार्जनको समस्या | १.स्थानिय उत्पादनले बाह्य उत्पादन संग प्रतिष्पर्धा गर्न नसक्नु तथामहगों हुनु । | १. स्थानिय उत्पादनलाई प्रोत्साहन गर्न वातावरणको अभाव तथा समन्वपय र प्रचार प्रसारको कमी । |
| **आयआर्जन र गरिवी निवारण** | | |
| १. स्थानीय प्रविधी, र स्रोतसँग सम्बन्धित उद्योग कलकाराखानाहरु नखोलिनु र भएको कलकाराखानाहरु पनि विस्तारित नहुनु | १.स्वदेशमा रोजगारिको ग्यारेन्टी नहुनु तथा पारिश्रमिक कमहुनु | १. प्रयाप्त बजेटको कमीलगानी मैत्री वातावरणको अभाव |

| सवलपक्ष | सवलताको आधार | कारण |
|---|---|---|
| **कृषि विकास** | | |
| १. कृषि भुमिको उपलब्धता पर्याप्त रहेको | १.कुल क्षेत्रफलको ५२ प्रतिशत कृषिकार्यका उपयोग भईरहेको | १.कृषि योग्य जनशक्तिलाई कृषिकार्यमा रहेको |
| **सिचाई** | | |
| सिचाई गर्न स्रोत सुनिश्चत रहेको | कालीगण्डकी लगाएत करिव ३५ नदीनाला नगरपालीका भै बगिरहेका | कुल क्षेत्रफलको करिव १० प्रतिशत खोलाताल पोखरीले ओगटेको |
| **पशु विकास** | | |
| दुधमासु र अण्डामा करिव आत्मानिर्भर रहेको | पशु पालन व्यवसायमा करिव ६० प्रतिशत जनसंख्या संलग्न रहेको | दुध मासु र अण्डाको बजारीकरणको समस्या नरहेको |
| **वित्तय संस्था तथा सहकारी** | | |

| सवलपक्ष | सवलताको आधार | कारण |
|---|---|---|
| स्थानिय उत्पादन संग सम्बन्धित व्यवसायीका लागि प्रत्यक्ष लगानी व्यवस्था रहेको | झन्डै २५ वटा वित्तिय संस्था,१०३ भन्दा बढि संहकारी संस्था रहेको | जनशक्तिको उचित व्यवस्थापन |
| **पर्यटन तथा संस्कृति** | | |
| प्रसस्त पर्यटकीय तथा संस्कृतिक गन्तव्य रहेको विभिन्न जातजातिका विचमा सामजिक तथा धार्मिक सहिष्णुता रहेको | पर्याप्त पर्यटकीय व्यवसाय सञ्चालनमा रहेको | रोजगारीको व्यवस्था भई यस व्यवसायमा जनताको आकर्षण |
| **उद्यम रोजगार व्यापार** | | |
| निम्न तथा पिछडिएका वर्गहरुको उत्थान तथा समृद्धि भएको । | तालिम तथा प्रशिक्षण द्वारा नविनतम व्यवसाय र रोजगारिको अवसर सिर्जना गरेको दुई वर्षमा ३०० जनाले तालिम प्रात्त गरेको | प्रयात्त लगानी भएको |
| **आयआर्जन र गरिवीनिवारण** | | |
| प्रधानमन्त्री रोजगार कार्यक्रमले आयआर्जन र गरिवी निवारणमा महत्वपूर्ण रहेको | १४ वटै वडामा गोरेटो बाटो पैदल मार्ग तथा अन्य स्वरोजगार | लगानीका प्रस्सस्त सम्भावनाहरु रहेको |

### ४.२.२ सामाजिक विकास क्षेत्रमा सवलता तथा समस्याहरुको लेखाजोखा

| सवल पक्ष | सवलताको आधार | कारण |
|---|---|---|
| **शिक्षा** | | |
| बिधालय भर्नामा बृद्धि | शत प्रतिशत बिधालय भर्ना हुनु | जनप्रतिनिधि तथा सरोकारवाला सवै शिक्षा प्रति संबेदनशील हुनु |
| **युवा तथा खेलकुद** | | |
| राष्टिय तथा अन्तराष्टिय क्षेत्रमा पहुंच | राष्ट्रिय खेलाडीहरु यस नगरपाललिका को हुनु । ओलम्पिक लगायत राष्टिय अन्तराष्टिय स्तरका खेलकुदमा सहभागि हुनु | नगरपालिकाले खेलाडिहरुको लागि प्रोत्साहन स्वरुप मासिक भत्ता पुरस्कार र सम्मान उपलब्ध गराएको । |

| | | |
|---|---|---|
| **स्वास्थ्य तथा पोषण** | | |
| नगर भित्र स्वास्थ्य सेवामा सहज पहुंच | २२ वटा स्वास्थ्य संस्था हुनु । | अस्पताल, स्वास्थ्य चौकी र शहरी स्वास्थ्य केन्द्र स्थापना गरिएको । |
| **महिला तथा सामाजिक समाबेशिता** | | |
| बालमैत्री नगर | सवै वडामा रहेका सार्वजनिक स्थलमा सुचकहरु पुरा गर्ने गरि कार्ययोजना तयारी । बजेट, जनशक्ति र बालबालिकाको संस्थागत बिकास गरिएको । | बालमैत्री नगर निर्माण गर्ने कार्यपालिकाको पहिलो निर्णय हुनु |
| सुरक्षित बैदेशिक रोजगार सम्बन्धी सुचना प्रदान हुने ब्यवस्था मिलाइएको | मासिक ८ हजारले सेवा प्राप्त गरेका | आप्रवासी स्रोत केन्द्रको सञ्चालन हुनु |
| बित्तिय साक्षरता कक्षा सञ्चालन | ४ वटा समुदायमा १०० घरपरिवारका सदस्यलाई कक्षा सञ्चालन | बित्तिय साक्षरता सहजकर्ता हुनु |
| सामाजिक पुनर्एकिकरण कार्यक्रम | बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको ज्ञान, सिप र पुँजीलाई ब्यबस्थापन र संस्थागत गर्ने | |
| बैदेशिक रोजगारीबाट सिर्जित मनोसामाजिक समस्यामा न्युनिकरण | मनोसामाजिक परामर्श सेवा प्रदान | मनोसामाजिक परामर्शदाता हुनु |
| **खानेपानी तथा सरसफाई** | | |

| | | |
|---|---|---|
| खानेपानीमा पहुंचमा बृद्दि | खानेपानी पहुंच ७० प्रतिशत पुगेको | खानेपानीमा बजेट बिनियोजन, नगरको नीति तथा कार्यक्रम एक घर एक धारा रहेको । |

### ४.२.३ भौतिक पूर्वाधार विकासमा सवलता तथा समस्याहरुको लेखाजोखा

| **सबल पक्ष** | **सवलताको आधार** | **कारण** |
|---|---|---|
| नमुना विद्यालय (गणेश मा.वि.) | यथेष्ट भौतिक संरचना निर्माण भएको, प्रयाप्त जग्गा, दक्ष शिक्षक तथा जनसक्ति, सचेत अविभावक, जिल्ला र राष्ट्रिय तहमा उत्कृष्ट नतिजा | भौतिक र शौक्षिक क्रियाकमलापमा आवश्यक बजेट विनियोजन गरिएको, तालिम र अभिमुखिकरण प्रदान गरिएको |
| सडक | २०० किमि सडक सञ्जाल, सम्पुर्ण वार्डहरु सडक संजालमा जोडिएको, ३० प्रतिशत कालोपत्रे सडक | सडक पुर्वाधारलाई प्राथामिकतामा रखेर निर्माण गरिएको, राष्ट्रि लगानि प्रयाप्त रहेको |
| झोलुंगे पुल | ८ वटा पुलहरु निर्माण भएको, छिमेकि पालिका र जिल्ला संग पैदल यात्रामा सहजता | आवश्यक लगानी गरिएको |
| पार्क | खुल्ला क्षेत्रलाई शौन्दर्यकरण गरिएको | सहरी र प्राकृति शौन्दर्यलाइ जोड दिई लगानी प्रवद्धन गरिएको, पर्याप्त खुल्ला क्षेत्र |
| स्मार्ट सार्वजनिक शौचालय | ४ वटा स्मार्ट सार्वजनि शौचालय निर्माण भएको, सार्वजनिक स्थलमा शौचालयको प्रभावकारी प्रयोग भएको | आवस्यकता र आवस क्षेत्रका आधारमा शौचालय निर्माण गरिएको |
| सामुदायिक भवनको पहुचतता | गाउ टोल स्तरमा न्युनतम रुपमा सार्वजनिक भवन रहेको | सार्वजनिक भवनको प्रयोग प्रभावकारी रहेको |

### ४.२.४ वातावरण तथा विपद ब्यवस्थापन क्षेत्रमा सवलता तथा समस्याहरुको लेखाजोखा

| **समस्या** | **समस्याको आधार** | **समस्याको कारण** |
|---|---|---|
| १. वन जलाधार तथा जैविक विविधतता | | |
| क आगोलागी | | |
| ख. पुरानो मुहान सुकेको | सुख्खा वन जंगल | |
| ग. कृषिमा ह्रास | जथाभावी सडक निर्माण | |

| | | |
|---|---|---|
| २. वातवरण तथा फोहरमैला<br>क. जैविक मल भन्दा रसायनीक मलको प्रयोग<br>ख. कुहिने र नकुहिने फोहर मिसाएको<br>ग. छुट्याउने चलन र पुन प्रयोग गर्न नसकिएको<br>३. विपद व्यवस्थापन र जलवायु अनुकुलन<br>क. भौगोलिक विकटता<br>ख. वाढी<br>ग. पहिरो, भुक्षय | जलवायु परिर्वतन<br>नितिगत कमजोरी<br>तालीमको अभाव<br>तालिमको अभाव<br>सर्व सुभल वाटोको अभाव<br>पानीको उचित व्यवस्थापन नभएको<br>जथाभावी नयाँ सडक निर्माण | |

| **सवल पक्ष** | **सवलताको आधार** | **कारण** |
|---|---|---|
| १. वन जंगल क्षेत्र प्रस्शत भएको<br>२. स्थानीय विपद व्यवस्थापन समिति र नगर स्तरीय विपद व्यवस्थापन समिति गठन भएको<br>३. तत्काल उद्धार कार्य गर्ने र राहत वितरण गर्ने गरिएको<br>४. ल्याण्डफिल्ड साईट भएको<br>५. कोशिखेती कार्यक्रम संचालन गरिएको | पानीको श्रोत प्रस्शत भएको<br>नियमित रुपमा बैठक वसी छलफल गर्ने गरिएको<br>कार्यविधि निर्माण भएको<br>जनशक्ति प्रयाप्त भएको र वार्षिक नीति तथा कार्यक्रममा वजेट विनियोजन भएको<br>नगरपालिकाको नाममा जग्गा खरिद गरि वस्ती भन्दा टाढा फोहर मैला व्यवस्थापन भएको<br>वजार क्षेत्रका वडा कार्यालयबाट नीति तथा कार्यक्रममा वजेट विनियोजन भएको | |

## ४.२.५ संस्थागत विकास तथा सुशासनमा सवलता तथा समस्याहरुको लेखाजोखा

| | | | |
|---|---|---|---|
| **सामान्य सेवा** | | | |
| १) सेवा प्रवाहमा नियमितता<br>२) पारदर्शिता प्रर्वदन गर्ने<br>३) सुशासन र भ्रष्टचार नियन्त्रण<br>४) जनताको सन्तुष्टि प्रर्वद्धन | १) नगरवासीमा नगरपालिका प्रतिको विश्वास वृद्धि गर्न नसक्नु । | १) भौगोलिक विकटता<br>२) पूवाधारको कमी<br>३) जनशक्ति न्यूनता | १) कर्मचारी व्यवस्थापन<br>२) कार्यविभाजन र जिम्मेवारी वाडाफाड<br>३) सृवा सुविधामा वृद्धि |
| **सुरक्षा व्यवस्थापन** | | | |
| १) नगर प्रहरीको संख्यामा कमी<br>२) कुलत तथा आपराधिक कियाकलापमा वृद्धि | १) वडा तहसम्म सुरक्षाको प्रत्याभूति गराउन नसक्नु<br>२) जगरवासीहरुमा नकारात्मक प्रवाह | १) वडा स्तरमा नगर प्रहरीमा पहुँच नपुग्नु<br>२) सुरक्षाकर्मी गष्तिमा नखटिनु | १) नगर प्रहरीको संख्या वृद्धि गरि प्रत्येक वडाको लागि चौकी स्थापना गर्नुपर्ने<br>२) नियमित रुपमा नेपाल प्रहरीसँग समन्वय गरि नगरका हरेक सुरक्षा सँग सम्बन्धित प्रकियामा अगाडि बढ्ने । |
| **सूचना प्रविधि** | | | |
| १) इन्टरनेट स्पिड<br>२) कम्प्युटर सम्बन्धि ज्ञानको कमी<br>३) कम्प्युटर सामाग्री मर्मत तथा खरिद | १) सेवाग्राहीहरुलाई समयमै सेवा दिन नसकिने ।<br>२) विद्यार्थी, कर्मचारीहरुलाई काम तथा जिवनमा समस्या ।<br>३) इच्छुक व्यक्तिहरुलाई कम्प्युटर बाट टाढा हुनुपर्ने | १) इन्टरनेट सेवा प्रदायक सिमित भएको तथा उनीहरुले राम्रो सुविधा दिन नसकेको ।<br>२) क्षमता अभिवृदि गर्ने इन्स्टीच्यूटको अभाव । | १) जनचेतना अभिवृद्धि मूलक कार्यकमहरु वडा तथा टोलमा आयोजना गर्ने । |
| **पञ्जिकरण व्यवस्था** | | | |
| १) समयमा घटना दर्ता नगर्ने ।<br>२) व्यवस्थित अभिलेख नहुनु । | १) वर्तमान जनसंख्या गणना नआउनु । | १) जनचेतनाको कमी । | १) तत्काल वडा स्तरमा कर्मचारीहरु पूर्ण खटाउनु ।<br>२) कर्मचारी (अमिन) थप गरी लगत संकलन प्रक्रिया तिव्र गतिमा लैजाने ।<br>३) जनचेतना शिक्षामा समान पहुच लक्षित समुदायलाई रोजगारीको अवसर सिर्जना । |
| अभिलेख व्यवस्थापन | | | |

| | | | |
|---|---|---|---|
| १) घरधुरी सर्वेक्षण व्यवस्थापन<br>२) ऐलानी जग्गाको लगत संकलन प्रकिया ।<br>३) लैङ्गिक हिंसा, बाल हिसां, प्रौढहरुको अवहेलना विषयमा सबै वडाहरुबाट यथार्थ अभिलेख आउन नसक्नु । | १) विविध कारणहरुले घरधुरी संकलनमा गणनामा छुटेको ।<br>२) भुकम्प पिडितले लाभग्राहीको सूचिमा परेता पनि भवन निर्माण गर्न नपाउनु ।<br>३) बाल विवाह, बहु विवाह, बाल श्रम, वृद्ध स्याहर सुसार हुन नसक्नु तथा हिंसात्मक कियाकलाप बढ्नु । | १) पूर्ण सर्वेक्षण नगरिनु<br>२) लगत संकलनको प्रकियामा ढिला सुस्ति हुनु ।<br>३) गरिबी, अशिक्षा, प्रथा जनिक कियाकलाप | १) चाडै कोठा तथा फर्निचर व्यवस्थापन गर्नुपर्ने तथा कर्मचारी व्यवस्थापन गर्नुपर्ने ।<br>२) समय समयमा तालिम तथा गोष्ठि व्यवस्थापन गर्नुपर्ने ।<br>३) स्थानीय कानुन अनुसार नगरस्तरीय मातहतका कार्यालयहरुमा समान ढंगबाट समन्वय र समझदारी गर्नुपर्ने । |
| **सुशासन प्रवर्धन** | | | |
| १) इजलास व्यवस्थापनमा ढिलाई<br>२) नगर कर्मचारीहरुलाई सुशासन सम्बन्धी तालिम तथा गोष्ठि हुन नसक्नु ।<br>३) निति निर्णय र कार्यविधि अर्न्तगत संचालन हुन नसक्नु । | १) न्याय प्रणलीमा असर<br>२) क्षमता अभिवृद्धिमा असर<br>३) कार्य योजनामा ढिला सुस्ती हुनु । | १) समयमा फर्निचर तथा कोठा व्यवस्थापन गर्न नसक्नु तथा आवश्यक कर्मचारीहरु नहुनु ।<br>२) योजनावद्ध ढंगले अगि बढ्न नसक्नु ।<br>३) नगर मातहतका कार्यालयहरुमा समन्वय नहुदाँ कार्य प्रकियालाई असर । | १) दिगो विकासको अवधारणालाई पालन गर्न तथा नयाँ योजना बनाउनु भन्दा पुराना योजनालाई स्तर उन्नति गरेर समायोजन गर्न तिर बजेट बिनियोजन गर्ने ।<br>२) सम्बन्धित पक्षले अनुगमन प्रकियालाई अगाडि बढाउदै कमी देखिएको प्राविधिक व्यवस्थापन<br>३) नगरपालीकालाई आर्थिक तथा सामाजिक रुपमा फाइदा हुने योजना छनौटमा जोड दिने । |
| **अध्ययन अनुसन्धान** | | | |
| १) दिगो अनुगमनमा पैभावकारीता नहुनु ।<br>२) योजना अनुगमनमा प्रभावकारीता नहुनु ।<br>३) आर्थिक समृद्धितर्फ लैजाने अध्ययनमा कमी । | १) नगरवासीले निरन्तर पाइरहेको सुविधामा कमी ।<br>२) गुणस्तरियतामा कमी तगा दिगो विकासमा समस्या ।<br>३) नगरपालिकाको आयश्रोत बृद्धि गर्न नसक्नु । | १) अध्यन अनुसन्धान तथा बजेट बिनियोजनमा नीतिगत प्रकिया बाट योजना नबन्नु ।<br>२) प्राविधिम कर्मचारीहरुको संख्यामा कमी ।<br>३) समन्वय तथा समझदारीका कमी | |

## ४.३ दीर्घकालीन सोच तथा लक्ष्य

नगरपालिकाको अवस्था विश्लेषण, जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालाहरूको परिवर्तनको चाहनासमेतलाई मध्यनजर गर्दै उपस्थित सहभागीहरूबाट नगरपालिकाको समग्र विकास निर्माणलाई दिशा निर्देश गर्ने दीर्घकालीन सोच के हुन सक्छ भनी बृहत् छलफल गरिएको थियो । उक्त छलफल तथा विमर्शबाट नगरपालिकाको दीर्घकालीन सोचका विभिन्न अवधारणाहरू प्राप्त भएका थिए । यद्यपि यस अघिको आवधिक योजनामा उल्लेखित देहाय वमोजिमको दिर्घकालीन सोचलाई नै निरन्तरता दिने सहमति भयो ।

***"मध्यपहाडीव्यापारिक तथा पर्यटकीय शहर, सुन्दर, समृद्ध, सांस्कृतिक बागलुङ नगर"***

यस दीर्घकालीन सोच अनुसार कृषिको आधुनिकीकरण, पर्यटनको विकास र विस्तार, विपद् प्रतिरोधी पूर्वाधारहरूको तयारी अन्य क्षेत्रको विकास र वृद्धिको आवश्यकता, शिक्षामा गुणस्तरीयता तथा सुशासन कायम गर्ने विषयलाई मुख्य माध्यम बनाउँदै नगरपालिका भित्रै पर्याप्त रुपमा आकर्षक रोजगारी र आम्दानी वृद्धिका अवसरहरू सिर्जना गर्दै सुखी र सम्पन्न नगरपालिका निर्माण गर्ने विषयलाई समग्र विकास निर्माणको दीर्घकालीन गन्तव्यका रुपमा परिकल्पना गरेको छ ।

**लक्ष्य**

**"नगरवासीको जीवनस्तरमा दीगो र गुणात्मक सुधार गर्ने"**

**सूचकहरु:**

- मानव विकास सुचकांक (०.५७९ ०७५।०७६ गण्डकी प्रदेश) बाट ०.६२४ पुगेको हुनेछ ।
- प्रति व्यक्ति वार्षिक आय यु.एस.डलर १०४३ (०७५।०७६ गण्डकी प्रदेश) बाट १७०० पुगेको हुनेछ ।
- नगरवासीको औसत आयु ६९.७ (०७५।०७६ गण्डकी प्रदेश औसत) बाट ७५ वर्ष पुगेको हुनेछ ।
- वहुआयामिक गरिबीमा रहेको जनसंख्या २८.६ प्रतिशत (गण्डकी प्रदेश औसत) बाट १५ प्रतिशत (बागलुङ) मा झरेको हुनेछ ।
- आधारभुत खाद्य सुरक्षाको स्थीतिमा रहेको घर परिवार ४८.२ (०७५।०७६ गण्डकी प्रदेश औसत) प्रतिशतबाट ६० प्रतिशत पुगेको हुनेछ ।
- ५ वर्षमाथिको जनसंख्यामा साक्षर जनसंख्याको प्रतिशत ८४ बाट ९५ पुगेको हुनेछ ।

## ४.४ निर्देशक सिद्धान्त

नगर विकासको दीर्घकालीन सोच तथा लक्ष्यतर्फ उन्मुख हुनका लागि देहायअनुसारका निर्देशक सिद्धान्तहरू अवलम्बन गरिनेछ :

**भूउपयोग, वस्ती विकास र व्यवस्थित शहरीकरण :** उपलब्ध भूमिको अधिकतम र दीगो उपयोगका लागि भूउपयोग योजना तर्जुमा सो अनुसार वस्ती, शहरी क्षेत्र, कृषि क्षेत्र, वन क्षेत्र, औद्योगिक क्षेत्र, खुला मैदानलगायत अन्य क्षेत्रहरू पहिचान गरी सो अनुसारको योजना कार्यान्वयन गरिनेछ । सडक, भवनलगायत पूर्वाधार निर्माणका क्षेत्रमा राष्ट्रिय तथा प्रदेशस्तरीय मापदण्डहरूसँग तादात्म्यता हुने गरी नगरस्तरीय मापदण्डहरू तर्जुमा र कार्यान्वन गरिनेछ ।

**सहभागितामूलक विधि र नागरिक भावनाको सम्मान :** योजना तर्जुमा, कार्यान्वन तथा अनुगमनमा समेत सम्बन्धित सबै सरोकारवालाहरूको सहभागिता सुनिश्चित गरिनेछ । नागरिकका अपेक्षा, आवश्यकता, परिवेश र भावनालाई योजना तर्जुमा र कार्यान्वयनमा मध्यनजर गरिनेछ । योजना तर्जुमा तथा कार्यान्वयनमा नगरबासीको अधिकतम सहभागिता बृद्धि गर्न सात चरणको योजना तर्जुमा प्रक्रिया अपनाइने छ ।

**सूचना, सञ्चार तथा आधुनिक प्रविधिको अवलम्बन :** सूचना, सञ्चारलगायत क्षेत्रका आधुनिक प्रविधिको अवलम्बन गरी नगरपालिकाकाले प्रवाह गर्ने सेवालाई छिटो छरितो (Smart) बनाउन प्रयास गरिनेछ ।

**मानव अधिकार र सामाजिक न्याय :** विश्वव्यापी आधारभूत मानव अधिकारहरूको सुनिश्चित गर्दै न्यायपूर्ण समाजको सिर्जनामा जोड दिइनेछ ।

**सरकारी, निजी र गैरसरकारी क्षेत्रबीच साझेदारी :** उपलब्ध तथा सम्भावित स्रोतहरूको अधिकतम उपयोगका लागि सरकारी, निजी र गैरसरकारी क्षेत्रबीच साझेदारी अघि बढाइने छ ।

**सुशासनको प्रवर्द्धन** : सुशासनका लागि आवश्यक जवाफदेहिता, पारदर्शिता, जन सहभागिता, उत्तरदायीपना. को प्रवर्द्धन गरिनेछ । आफ्ना काम, कारबाहीप्रति सम्बन्धित सबैलाई जवाफदेहि बनाइनेछ । योजना पद्धतिलाई सूचनामा आधारित र नतिजामूलक बनाइनेछ । नगरपालिकाका काम कारबाही तथा निर्णयहरूलाई पारदर्शी बनाइनेछ । वस्तीदेखि नगरपालिकास्तरका सबै तहका सबै कार्यक्रममा स्थानीय समुदायको समानुपातिक सहभागिता कायम गरिनेछ ।

**वातावरण सन्तुलन र दीगो विकास** : विकास निर्माणका काम तथा प्राकृतिक स्रोतको उपयोग गर्दा वर्तमान तथा भविष्यका पिंढीको आवश्यकता समेतलाई मध्यनजर गरी समुचित उपयोगमा ध्यान दिइनेछ ।

**नतिजामूलक व्यवस्थापन प्रणाली** : योजनाको तर्जुमा, अनुगमन तथा मूल्यांकनमा नतिजामूलक ढंगलाई जोड दिइनेछ । हरेक विषयगत क्षेत्रको उद्देश्य, प्रतिफल, हालको अवस्था तथा आगामी पाँच वर्षपछिको अवस्था झल्काउन सूचकहरूको प्रयोग गरिनेछ । योजनाको अनुगमन, मूल्यांकनका क्रममा यी सूचकहरूलाई आधार मानिनेछ । आयोजना तथा कार्यक्रमको तेश्रो पक्षद्वारा अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

## ४.५ रणनीतिहरू

| | |
|---|---|
| **आर्थिक विकास** | • कृषि, पशुपालन, वन, व्यापार र उद्योग क्षेत्रलाई नगर विकासको अग्रणी क्षेत्र र प्रमुख साधनको रुपमा लिई उपरोक्त क्षेत्रहरूको विकासका लागि उपयुक्त पूर्वाधारहरूको विकास गरी वातावरण निर्माण गर्ने ।<br>• बैंक तथा वित्तीय संस्थाहरूलाई आवश्यक पूर्वाधार तथा कार्य गर्ने सुरक्षित, भरपर्दो वातावरण सिर्जना गरी सबै वडास्तरसम्म विस्तार गर्ने<br>• उत्पादनमूलक तथा रोजगारी सिर्जना गर्ने उद्योगहरूलाई प्राथमिकता दिई गरिबी न्यूनीकरणलाई तीव्रता दिने । युवाशक्तिलाई सरल र सुलभ रुपमा कर्जा पाउने व्यवस्था गरी आधुनिक कृषि, पशुपालन तथा उद्योग व्यवसाय क्षेत्रमा आकर्षित गर्ने ।<br>• भू-उपयोग योजना, एकीकृत व्यवस्थित वस्ती तथा शहरी विकास, उपजलाधार र संरक्षण क्षेत्रको योजना तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने<br>• सन्तुलित एवं समावेशी विकास, रोजगारी सिर्जना, सामाजिक सद्भाव र गरिबी न्यूनीकरण र दीगो शान्तिमा योगदान पुग्ने कार्यक्रममा जोड दिने । |
| **सामाजिक विकास** | • प्राविधिक र व्यावसायिक शिक्षाको विस्तार गरी रोजगारी र उद्यमशीलता विकास गर्ने ।<br>• सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गरी समय सापेक्ष प्रतिस्पर्धी नागरिक तयार गर्ने ।<br>• मूल प्रवाहको एलोप्याथिक चिकित्सा पद्धतिका अतिरिक्त अन्य चिकित्सा पद्धति (आयुर्वेदिक तथा प्राकृतिक) को प्रवर्द्धन गरी स्वास्थ्य सेवामाथिको पहुँच र गुणस्तर सुधार गर्ने ।<br>• स्थानीय स्तरमा उपलब्ध जडीबुटीको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीको प्रवर्द्धन गर्ने ।<br>• संघ, प्रदेश र साझेदार संस्थाहरुसँगको सहकार्यमा खानेपानी सम्बन्धी समस्या छिटो समाधान गर्ने । |
| **भौतिक पूर्वाधार विकास** | • वितरण प्रणालीलाई प्रभावकारी बनाई विद्युत्को पहुँच सर्वसुलभ बनाउने ।<br>• सौर्यउर्जा तथा बायोग्याको प्रवर्द्धन गरी सफा उर्जाको प्रत्याभूति गर्ने ।<br>• वडागत पहुँच र आर्थिक वृद्धिलाई योगदान पुग्ने गरी सुरक्षित यातायात पहुँच र सुविधा विस्तार गर्ने । |

| | |
|---|---|
| | • कृषि, उद्योग, व्यापार, पर्यटन, शिक्षा र स्वास्थ्य सेवामा पहुँच बढाउने गरी यातायात विस्तार गर्ने ।<br>• आधुनिक सञ्चारका साधनहरुको अधिकतम् प्रयोग गरी सार्वजनिक सेवालाई थप प्रभावकारी बनाउने । |
| **वातावरण तथा विपद् व्यवस्थापन** | • जलवायु परिवर्तन, विपद् जोखिम व्यवस्थापन, पर्यावरण तथा बालमैत्री शासन प्रणालीलाई विकास आयोजना तथा कार्यक्रमहरूमा साझा सबालको रुपमा सम्बोधन गर्ने ।<br>• उपलब्ध वन क्षेत्रको समुचित उपयोग गर्दै जीविकोपार्जनसँग आवद्ध गर्ने ।<br>• भौतिक पूर्वाधार लगायतका विकास गतिविधिमा जलवायु परिवर्तन, विपद् जोखिम व्यवस्थापनका अवधारणाहरू आवद्ध गर्दै दिगो विकास तथा व्यवस्थापनमा जोड दिने ।<br>• फोहोर व्यवस्थापनका लागि स्रोतमा न्यूनीकरण, पूनर्प्रयोग, रिसाइकल (reduce, reuse, recycle) मार्फत फोहोरलाई मोहोर बनाउने अवधारणा व्यवहारमा रुपान्तरण गर्ने । |
| **संस्थागत विकास तथा सुशासन** | • योजनाको नियमित प्रगति समीक्षा, तेस्रो पक्षको संलग्नतामा समग्र योजनाको नतिजामूलक वार्षिक समीक्षा, सामाजिक परीक्षण, मद्यावधि तथा अन्तिम मूल्याङ्कन गरी नतिजाहरू सार्वजनिक गर्ने ।<br>• नतिजामुखी अनुगमन प्रणालीको अवलम्बन गरी विकासको प्रक्रियालाई प्रभावकारी बनाउने ।<br>• मोबाइल एप्लिकेसन लगायत अन्य आधुनिक सूचना प्रविधिको प्रयोग गर्दै नगरपालिकाले प्रदान गर्ने सेवा सुविधाहरूलाई छरितो छिटो (Smart) र प्रभावकारी बनाउने । |

## ४.६ प्राथमिकता प्राप्त क्षेत्र

नगरपालिकाको दीर्घकालीन सोचतर्फ अग्रसर हुने प्रयोजनका लागि नगरपालिकाले वार्षिक र अन्य आवधिक बजेट कार्यक्रमहरू तर्जुमा गर्दा निम्न विषयहरूलाई प्राथमिकता प्राप्त क्षेत्रका रुपमा स्थान दिइनेछ ।

- **कृषि तथा पशुपालन :** अहिले पनि कृषि तथा पशुपालन नगरपालिकाका अधिकांश वासिन्दाको मुल पेशा हो । नगरपालिकामा कृषि कार्यका लागि पर्याप्त कृषियोग्य जमिन तथा उपयुक्त हावापानी रहेको छ भने पशुपालनका लागि समेत उपयुक्त हावापानी, जमिन र आहार व्यवस्थापनको संभावना छ । कृषि तथा पशुपालनलाई आधुनिक, व्यवसायिक र बढी प्रतिफलमूलक बनाउन सकिएको खण्डमा यस क्षेत्रबाट नगरपालिकाको समग्र गार्हस्थ उत्पादन बढ्ने सम्भावना रहेको छ । यही परिवेशलाई मध्यनजर गर्दै नगरपालिकाले आगामी पाँच वर्षसम्म कृषि तथा पशुपालन व्यवसायलाई थप आधुनिक बनाई बढी भन्दा बढि प्रतिफलमूलक बनाउने योजनामा प्राथमिकताका साथ लगानी गर्नेछ ।
- **भौतिक पूर्वाधार :** भौतिक पूर्वाधार विशेषगरी सडक सबै विषयगत क्षेत्रका लक्ष्य, उद्देश्य हासिल गर्न पूर्व शर्तका रुपमा आवश्यक पर्ने विषय सामान्यतया अनुभवसिद्ध सत्यका रुपमा रहेको छ । नगरपालिकामा हाल भौतिक पूर्वाधार खासगरी सडक विकासको अवस्था गुणात्मक हिसावले कमजोर रहेको र त्यसको वितरण पनि समानुपातिक नभएको अवस्था छ । नगरको बजार क्षेत्र वाहेक अन्य ग्रामीण क्षेत्रहरुमा सडकको स्तरोन्नति गरिनेछ । कृषि, उद्योग, व्यवसाय, स्वास्थ्य सुविधा, पर्यटन लगायत सबै विषयगत क्षेत्रहरूका लागि आवश्यक न्यूनतम, गुणस्तरीय र विपद् प्रतिरोधी भौतिक पूर्वाधार निर्माण गरी अन्य विषयगत क्षेत्रको विकासमा तीव्रता दिइनेछ ।
- **शिक्षा र स्वास्थ्य :** आधारभूत शिक्षा र स्वास्थ्य सेवामा पहुँच सबै नागरिकको संविधान प्रदत्त अधिकार हो । नगरपालिकाले विद्यमान शिक्षा र स्वास्थ्य सेवालाई गुणस्तरीय तथा सबैको सधैंको पहुँचमा पुग्ने गरी विस्तार गर्नेछ ।

- **पर्यटन :** बागलुङ जिल्ला त्यसमा पनि बागलुङ नगरपालिका क्षेत्र पर्यटन विकासको लागि पर्याप्त सम्भावना र अबसर बोकेको जिल्ला हो । यहाँ खास गरी धार्मिक पर्यटनको लागि बागलुङ कालिका मन्दिर देशभरकै पर्ख्यात धार्मिक पर्यटकिय मन्दिरको रुपमा बहुचर्चित छ । त्यस्तै गरी यस नगरपालिका क्षेत्र भित्र रहेको पञ्चकोट लगायतका पौराणीक र पुरातात्वीक सम्पदाको रुपमा रहेका क्षेत्रहरु पर्यटनको प्रचुर सम्भावना बोकेको क्षेत्र हो । यस बहायक नगरपालिका भएर वहने काली गण्डकी जुन धार्मिक तथा सांस्कृतिक हिसाबले अथाहा सम्भावना बोकेको छ । यो नदीमा निर्माण भएका नेपालकै अग्लो झोलुंगे पुल आफैमा पर्यटकीय स्थलको रुपमा विकास भइरहेको छ । यहा बञ्जी जम्प लगायतका साहसिक पर्यटनको प्रवल सम्भावना रहेको छ भने यस्ता स्थलहरु पहिचान भई निर्माणाधिनको अवस्थामा रहेका छन् । नगरपालिका क्षेत्र भित्रका पर्यटकिय स्थलमा के कति संख्यामा पर्यटन आउने गरेका छल भन्ने एकिन तथयांक नभएतापनि बागलुङ नगरपालिका पर्यटन विकासको प्रवल सम्भावना बोकेको क्षेत्र भएको प्रति कसैको पनि दुइमत नहोला ।
- **उद्योग, व्यवसाय :** पहाडी भूगोल भए पनि उद्योग धन्दा खोल्न पर्याप्त जमिन रहेको र उत्पादित मालवस्तु बजारसम्म ढुवानीका लागि कालिगण्डकी कोरिडर निर्माण भएको छ। कच्चा पदार्थ आपूर्ति गर्न सहज र उत्पादित वस्तु बिक्री गर्न नजिकै ठूला बजारहरूसमेत रहेको सन्दर्भमा सम्भाव्यता अध्ययनको आधारमा उपयुक्त देखिएका उद्योगहरूको स्थापना र विस्तार गर्न नगरपालिकाले प्राथमिकताका साथ लगानी गर्नेछ ।
- **सुशासन :** नगरपालिका कार्यालय लगायत स्थानीयस्तरमा कार्यरत सबै सार्वजनिक संघसंस्थामा सुशासनको प्रवर्द्धन गर्न पारदर्शिता, जवाफदेहिता, कानुनको शासन र क्षमता विकासमा लगानी गरी नागरिकमा सुशासनको प्रत्याभूति दिलाइनेछ ।

## ४.७ योजनाको समष्टिगत नतिजा खाका

- मानव विकास सुचकांक (०.५७९ ०७५।०७६ गण्डकी प्रदेश) बाट ०.६२४ पुगेको हुनेछ ।
- प्रति व्यक्ति वार्षिक आय यु.एस.डलर १०४३ (०७५।०७६ गण्डकी प्रदेश) बाट १७०० पुगेको हुनेछ ।
- नगरवासीको औसत आयु ६९.७ (०७५।०७६ गण्डकी प्रदेश औसत) बाट ७५ वर्ष पुगेको हुनेछ ।
- वहुआयामिक गरिबीमा रहेको जनसंख्या २८.६ प्रतिशत (गण्डकी प्रदेश औसत) बाट १५ प्रतिशत (बागलुङ) मा झरेको हुनेछ ।
- आधारभुत खाद्य सुरक्षाको स्थीतिमा रहेको घर परिवार ४८.२ (०७५।०७६ गण्डकी प्रदेश औसत) प्रतिशतबाट ६० प्रतिशत पुगेको हुनेछ ।
- ५ वर्षमाथिको जनसंख्यामा साक्षर जनसंख्याको प्रतिशत ८४ बाट ९५ पुगेको हुनेछ ।

## ४.८ योजना कार्यान्वयनका लागि स्रोत व्यवस्थापन

यो आवधिक योजनाको कार्यान्वयन विभिन्न आन्तरिक तथा बाह्य स्रोतहरू परिचालन गरी गरिनेछ । उक्त स्रोतहरूमा नगरपालिकाको आन्तरिक स्रोत तथा संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने निःशर्त तथा समानीकरण अनुदान, स्थानीय तहलाई राजस्व बाँडफाँडबापत प्राप्त हुने रकम, निर्वाचन क्षेत्र विकास कार्यक्रम जस्ता स्रोतहरूबाट प्राप्त हुने रकम, दातृ संस्था तथा राष्ट्रिय अन्तराष्ट्रिय संघसंस्थाबाट विभिन्न कार्यक्रमका लागि प्राप्त हुने रकम, निजी क्षेत्रबाट हुने लगानी तथा जनसहभागिता परिचालनबाट प्राप्त हुने रकम मुख्य छन् ।

**योजना अवधिमा प्राप्त हुन सक्ने कुल अनुमानित बजेट (रु हजारमा)**

| राजश्व शिर्षक | यथार्थ | अनुमान | प्रक्षेपण | | | | |
|---|---|---|---|---|---|---|---|
| | ०७८/७९ | ०७९/८० | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| आन्तरिक आय | ६२,०६५ | ८३,९७० | ९७,६२० | १०७,६६८ | ११८,८८४ | १३०७७२ | १४३८५० |
| राजश्व बाँडफाँड | | | | | | | |
| *संघीय सरकार* | १०६,७७३ | १२६,०३१ | १२५,०५० | १३१,३०३ | १३७,८६८ | १४४७६१ | १५१९३८ |
| *प्रदेश सरकार* | २४,४६८ | ३९,६६० | ४१,९०० | ४६,०९० | ५०,६९९ | ५३२३४ | ५५८९६ |
| अनुदान, वित्तिय हस्तान्तरण | | | | | | | |
| *संघीय सरकार* | ७८२,९१८ | ८८४,८४० | ८९०,००० | ९३४,५०० | ९८१,२२५ | १०३०२८६ | १०८१८०० |
| *प्रदेश सरकार* | ३२,४२२ | ४३,८५९ | ५५,००० | ६२,००० | ६४,१०० | ६७३०५ | ७०६७० |
| *अन्य आन्तरिक अनुदान* | ६,४४० | - | १,००० | १,१०० | १,२१० | १३३१ | १४६५ |
| **जम्मा** | **१,०१५,०८६** | **१,१७८,३६०** | **१२१०५७०** | **१२८२६६१** | **१३५३९८५** | **१४२७६८९** | **१५१२९१९** |

यस आवधिक योजना अवधिमा करिब रु. ८ अरब खर्च हुने अनुमान गरिएको छ र यस मध्ये रु.६ अरब ७८ करोड ७८ लाख २४ हजार माथि उल्लेख गरिएका स्रोतहरुबाट प्राप्त हुने अनुमान गरिएको छ भने करिब रु. १ अरब २४ करोड अपुग हुने अनुमान गरिएको छ । सम्भावित तथा नपुग स्रोत परिचालनका लागि निम्नानुसार रणनीति अवलम्बन गरिनेछ :

- यस योजना अवधिमा तर्जुमा गरिने वार्षिक नगर विकास योजनाहरू यस योजनाका लक्ष्य तथा उद्देश्यसँग तादात्म्य हुने गरी तर्जुमा गरिनेछ, जसले गर्दा योजना अवधिमा कार्यन्वयन हुने कार्यक्रम तथा बजेटले पूर्ण रुपमा यस योजनाको लक्ष्य उद्देश्य प्राप्तिमा योगदान गर्ने छ ।
- निर्वाचन क्षेत्र विकास कार्यक्रमको बजेट यस नगर विकास योजनामा रहेका क्रियाकलापहरुको कार्यान्वयनमा प्रयोग गरिनेछ । निर्वाचन क्षेत्र विकास कार्यक्रमबाट नगरमा आउने रकमलाई नगरस्तरीय महत्व बोकेका ठूला आयोजना निर्माणमा उपयोग गरिनेछ ।
- गैरसरकारी संस्था तथा निजी क्षेत्रसँगको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- अन्तराष्ट्रिय गैरसरकारी संस्था, द्विपक्षीय तथा बहुपक्षीय निकायहरूवाट प्राप्त हुने सहयोगलाई वृद्धि गर्न पहल गरिनेछ । कर तथा गैरकर राजश्वको सम्भाव्यता अध्ययन गरी त्यसको प्रभावकारी कार्यन्वयन मार्फत संकलन तथा स्थानीय प्राकृतिक स्रोतको उचित परिचालनवाट थप रकम प्राप्त गरिनेछ ।
- स्थानीय बचत तथा ऋण समुहहरू, सामुदायिक वन उपभोक्ता समूहहरू जस्ता सामुदायिक क्षेत्रहरूसँगको साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- नगर क्षेत्रभित्र राष्ट्रिय र प्रदेशस्तरीय महत्वका योजनाहरू छनोट र कार्यान्वियन गर्न नगरपालिकाले संघ र प्रदेश सरकारसँग पहल गरी ठूला आयोजनामा अनुदान लगानी ल्याइनेछ ।
- गाँउपालिकाको राजश्व परिचालन क्षमता विस्तार तथा स्थानीय श्रोतसाधन परिचालन र जनसहभागिता वृद्धि गरिनेछ ।
- मन्दिर, गुम्बा लगायत सांस्कृतिक सम्पदाको पुनर्निर्माणमा निजी क्षेत्र, समुदाय र सम्भावित स्थलहरूमा पुरातत्व विभागको सहभागिता वृद्धि गरिनेछ ।

# परिच्छेद ५ - नगर गौरबका योजनाहरु

यस नगरपालिका क्षेत्रमा विकासको परिणाम हाँसिल गर्न केही ठूला र रुपान्तरणकारी योजनाहरु तर्जुमा गर्नुपर्ने हुन्छ। यस प्रकारका योजनाहरु राष्टिय तथा प्रादेशिक महत्वका भएता पनि नगरपालिकाको भौगोलिक सिमाना भित्र निर्माण तथा सञ्चालन हुनेछन्। यस्ता योजना तथा कार्यक्रमले स्थानीय नागरिकहरुको आयआर्जन र रोजगारीमा ठूलो योगदान गर्नेछ। साथै यस्ता आयोजनाले अर्थतन्त्रलाई चलायमान बनाई देशको राजश्व तथा कुल गार्हस्थ उत्पादनमा योगदान दिनेछ। यसप्रकारका योजना तथा कार्यक्रम सम्पन्न गर्न नगरपालिकाले तहगत सरकारसँग समन्वय गर्ने र विशेष पहलकदमी लिनेछ।

## ५.१ नगर गौरबका योजनाहरुः

आवधिक योजना तर्जुमाको क्रममा आयोजित कार्यशाला गोष्ठीले नगर गौरबका योजनाहरु प्रस्ताव गरेको छ। कार्यशाला गोष्ठीको क्रममा नगरप्रमुख श्री बसन्त कुमार श्रेष्ठले प्रस्ताव गर्नुभएका बागलुङ नगर क्षेत्रको समग्र विकासलाई महत्वपूर्ण योगदान दिन सक्ने रुपान्तरणकारी योजना तथा कार्यक्रमहरु पेश गर्नु भएकोमा गोष्ठीका सहभागी तथा कार्यपालिका सदस्यहरुको छलफल र सुझावबाट देहाय बमोजिमका १० वटा योजनाहरुलाई अन्तिम रुप दिइएको छ।

**१. बागलुङ बजार सौन्द्रर्यीकरण आयोजना**

नगरपालिकाको शहरी क्षेत्र अर्थात बागलुङ बजार अर्थात शहरको केन्द्रको सौन्दर्यकरणलाई नगर गौरबको योजनको रुपमा लिइएको छ। मुख्य बजार क्षेत्रको सुन्दरताले आम जिल्लावासीमा नगरपालिका प्रति सकारात्मक सन्देश प्रवाह हुने भएकोले यसका लागि विशष कार्यक्रम तय गर्नुपर्ने देखिएको छ। नगरपालिकाको प्रवेशद्धार मालढुंगालमा रंगरोगन गर्ने, रात्रीकालीन लाइटको व्यवस्था गर्ने, प्रवेशद्धार देखि नगरको चोक सम्म झिलिमिली बत्तीको व्यवस्था मिलाउने, सडकमा रहेका खाल्डाखुल्डी पुर्ने र बाह्रैमहिना सफा राख्ने, मुख्य सडक आसपासका घर भवनहरुमा एकैप्रकारको रंङ लगाउने, सोही बमोजिमको इटा प्रयोग गर्ने, सडक आसपासका पर्खालहरुमा पेन्टीङ गर्ने कार्यका लागि एकिकृत आयोजना तय गर्नु पर्नेछ। यसले शहरमा आगन्तुकहरुको प्रवाह बढ्ने, लगानीकर्ताहरु आकर्षित हुने, बजारको रात्रीकालीन चहलपहल बढ्न गई शहर चलायमान हुने परिणाम प्राप्त हुनेछ।

**२. एकीकृत धार्मिक पर्यटकीय सर्किट :**

नेपालको प्रमुख पर्यटकीय गन्तब्य अन्नपूर्ण क्षेत्र र धार्मिक तिर्थस्थल मुक्तिनाथ जाने पर्यटकहरु बागलुङ हुँदै यात्रा गर्ने भएकोले सो मार्गमा पर्ने बागलुङ कालिका, पञ्चकोट र शालिग्राम लगायत दर्जनौं धार्मिक तिर्थस्थलहरु यस नगरपालिका सिमाना भित्र रहेका छन्। मुक्तिनाथ जाने तिर्थयात्री तथा अन्नपूर्ण क्षेत्र जाने पर्यटकहरुलाई बागलुङका ती धार्मिक गन्तब्यहरुमा पुग्न अभिप्ररित गर्ने र पर्यटकहरुको यस नगर क्षेत्रमा बसाई लम्ब्याउन सकेमा नगरवासीहरुको आर्थिक क्रियाकलाप ब्यापक रुपले बढ्न जानेछ। त्यसका लागि (कालिका - पञ्चकोट - शालिग्राम) र (मोदीवेनी धाम–बलेवा एयरपोर्ट–पैयुँपाय–भैरवस्थान मुलावारी) गरी मूख्य दुईवटा धार्मिक पर्यटकीय सर्किटको परिकल्पना गरी त्यहाँको पहुँच पूर्वाधार तथा सेवा सुविधा विस्तारमा विकास आयोजना तर्जुमा गर्नुपर्नेछ।

**३. वलेवा सुख्खा बन्दरगाह (dry-port)**

बागलुङ नगरपालिकामा रहेको बलेवा क्षेत्रमा वृहत्त समथर भूभाग रहेको र यसैको आसपास भएर कालिगण्डकी कोरिडर पास भएकोले यहाँ ट्रेड एण्ड ट्रान्जिट सम्बन्धी आर्थिक क्रियाकलाप सञ्चालन गर्न सकिने भएकोले बलेवा विमानस्थल आसपास कालिगण्डकी कोरिडरको संगममा सुख्खा बन्दरगाह निर्माण तथा सञ्चालन गर्ने कार्यक्रमलाई नगर गौरबको योजनाको रुपमा प्रस्ताव गरिएको छ। यसका लागि करिब २०० रोपनी जमीन आवश्यक पर्ने र सबै सिजनमा ३०० मालबाहक सवारी पार्किङ गर्न मिल्नेगरी निर्माण गर्न सकिन्छ। खासगरी चीनको सिमानाका कोरलामा भन्सार तथा पारबहन सुविधा खुलेपछि तराई हुँदै भारतसँगको ब्यापारका लागि यो मार्गले रणनीतिक महत्व बोकेको छ। यसभन्दा उत्तर तर्फ कालीगण्डकी किनारमा यति फराकिलो समथर जमीन नभएकोले पनि यसलाई उपयूक्त टान्जिटको रुपमा परिभाषित गर्न आवश्यक देखिन्छ।

### ४. नारायणस्थान नमुना वस्ती विकास योजना

पूर्वी दक्षिण बागलुङमा नयाँ शहरको आवश्यकता महशुस भइरहेको छ । यस भेगमा अत्यावश्यक सार्वजनिक सेवा र शहरीय सुविधा सहित व्यवस्थित आवास क्षेत्रको विकास गर्न सकेमा मध्यम आय हुने ग्रामीण क्षेत्रका मानिसहरु नयाँ शहरमा वसोवास गर्न आउनेछन् । यसका लागि नगरपालिकाले नारायणस्थान एरियामा नयाँ शहर तथा आवास क्षेत्र निर्माण गर्नेगरी गौरबको योजना तर्जुमा गर्न लागेको छ ।

### ५. नगर-वडा सडक सञ्जाल तथा बागलुङ नगर चक्रपथ

नगरपालिका क्षेत्रमा मूख्य राजमार्ग बाहेक साना ग्रामीण सडकहरु ठूलो मात्रामा निर्माण भएका छन् । तर ती अधिकांश सडकखण्डहरु गुणस्तरीय छैनन् । कालोपत्रे नगरिएका, नाली निर्माण नभएका वा लेभल नमिलाइएका सडकका कारण वर्षायाममा यी सडकहरु वन्द हुन्छन् । त्यतिमानत्र हैन नगरपालिका भित्रका सवै वडा कार्यालयहरु पक्की सडकले सञ्जालीकरण भएका छैनन् । तसर्थ नगरपालिका भित्र दिगो सडक यातायात सुविधाका लागि वडा कार्यालयहरु र नगरपालिका कार्यालय जोड्ने एउटा वृहत्त परियोजनाको आवश्यकता महशुस भएको छ । त्यसैगरी वागलुङ नगरपालिकाको अधिकांश भूभागलाई जोड्ने गरी वाहिरी रिङबाट चक्रपथ निर्माण गर्न सकेमा सिमान्त क्षेत्रमा वसोवास गर्ने गाउँ र शहरलाई दिगो यातायात सञ्जालमा जोड्न सकिनेछ तसर्थ सडक यातायातका लागि २ वटा नगर गौरबका योजनाहरु वडा कार्यालय सडक सञ्जाल तथा नगर चक्रपथ तर्जुमा गरिएको छ ।

### ६. ब्लुहिल पर्यटकीय गन्तब्य स्थल

नगरपालिका केन्द्र अर्थात मुख्य शहरी भागको पश्चिम तर्फ पहाडमा प्रस्तावित ब्लुहिल पर्यटकीय गन्तब्य परियोजनाको तयारी गरिएको छ । नगरपालिकाले यसलाई विगत देखि नै रणनीतिक महत्वको योजनाको रुपमा आवश्यक तयारी थालेको छ । खासगरी यसको डिजाइन र डिपिआर तयार पारी प्रदेश सरकारलाई आवश्यक बजेट ब्यवस्थाको लागि पेश गरिसकिएको छ । नगरपालिकाको पश्चिम तर्फ वडा नं. ११ मा पर्ने यस पहाडको टाकुराबाट पूर्वतर्फ बागलुङ बजार र पश्चिम तर्फ काँठेखोलाको विहुँ र गलकोट क्षेत्र देख्न सकिन्छ । त्यसैगरी अन्नपूर्ण र धवलागिरी हिमश्रृंखलाको प्रत्यक्ष दृष्यावलोकन गर्न सकिन्छ । यस गौरवको योजनाले बागलुङ नगरको आर्थिक अवस्थामा गतिशीलता ल्याउनेछ ।

### ७. ब्यवस्थित प्रशासकिय भवन तथा सभाहल निर्माण

नगरपालिकाको जनसंख्या र सेवा प्रवाहको स्केलका तुलनामा हाल सञ्चालनमा रहेको नगरपालिका प्रशासकीय भवन अत्यन्त साँघुरो र असहज देखिएको छ । तसर्थ नयाँ र आधुनिक प्रशासकीय भवन निर्माण मार्फत नगरको सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउने योजना रहेको छ । यसका लागि आवश्यक अध्ययन तथा डिजाइन सम्पन्न भइसकेको र निर्माण शुरुवात गर्ने तयारीमा रहेको छ । त्यसैगरी बागलुङमा प्रादेशीक तथा राष्टिय स्तरको कुनै कार्यक्रम गर्नको लागि ५०० जना अट्ने सभा हल उपलब्ध छैन । यसप्रकारको सभाहल भएमा यहाँ प्रदेश तथा राष्टिय स्तरका सभा सम्मेलन वा सेमिनारहरु सञ्चालन गर्न सहज हुनेछ । त्यसले स्थानीय ब्यापार ब्यवसायमा सकारात्मक प्रभाव पार्ने छ । तसर्थ नगरपालिकाले यसलाई प्राथमिकता प्राप्त नगर गौरबको योजनाको रुपमा समेटेको छ ।

### ८. बागलुङ नगर खानेपानी ब्यवस्थापन

नगरपालिका अन्तर्गतको साविकको बजार क्षेत्र र आसपासको नयाँ शहरी विस्तारमा सफा र सुरक्षित खानेपानी सुविधा पुर्‍याउनु नगरपालिकाको प्रमुख कर्तब्य रहेको छ । यसका लागि खानेपानीको दिगो मुहानको खोजी गर्ने, लिफ्ट प्रणलीबाट पहाडका माथिल्ला भेगमा खानेपानी पुर्‍याउने लगायतका स्रोतहरुबाट पानी उपलब्ध गराउन सकिन्छ । यसबाट करिब ५००० शहरी घरपरिवार र २० हजार वासिन्दाको लागि शहरी खानेपानी उपलब्ध गराउनका लागि प्राथमिकता सहित नगर गौरबको योजना प्रस्ताव गरिएको छ ।

## ५.२ नगर गौरबका कार्यान्वयनका लागि लगानी र सम्भाव्य साझेदारी

उल्लेखित नगर गौरबका योजनाहरु नगरपालिकाको आफ्नै बजेट कार्यक्रमबाट कार्यान्वयनमा ल्याउन सम्भव देखिंदैन । तसर्थ यसका लागि नेपाल सरकार वा प्रदेश सरकारको बजेटमा समावेश गराउनका लागि आवश्यक पहलकदमी लिनुपर्नेछ । त्यसैगरी कतिपय आयोजनाहरु निजीक्षेत्रसँग साझेदारी गरेर सम्पन्न गर्न सकिन्छ भने कतिपय योजनाहरु विदशी दाता एवं बहुराष्टिय कम्पनीहरुको लगानीमा सञ्चालन गर्न सकिन्छ । यसप्रकार उल्लेखित योजना तथा कार्यक्रमहरुका लागि सम्भाव्य साझेदारीको निम्नानुसार प्रस्ताव गरिएको छ :

| क.सं. | नगर गौरबका योजना | सम्भाव्य साझेदारी तथा लगानीको स्रोत | अनुमानित लागत (रु. हजार) |
|---|---|---|---|
| १ | बागलुङ बजार सौन्द्रर्यीकरण आयोजना | नेपाल सरकार, शहरी विकास मन्त्रालय तथा नेपाल विद्युत प्राधिकरण | २००००० |
| २ | एकीकृत धार्मिक पर्यटकीय सर्किट | गण्डकी प्रदेश सरकार, वन तथा पर्यटन मन्त्रालय, नेपाल सरकार, पर्यटन विभाग | १५००००० |
| ३ | वलेवा सुख्खा बन्दरगाह ९मचथ(उयचत० | नेपाल सरकार, भौतिक पूर्वाधार मन्त्रालय | ५०००००० |
| ४ | नारायणस्थान नमुना वस्ती विकास योजना | नेपाल सरकार, शहरी विकास मन्त्रालय, गण्डकी प्रदेश सरकार, भौतिक पूर्वाधार मन्त्रालय | ५००००० |
| ५ | नगर-वडा सडक सञ्जाल तथा बागलुङ नगर चक्रपथ | ग्ण्डकी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय | २०००००० |
| ६ | ब्लुहिल पर्यटकीय गन्तब्य | ग्ण्डकी प्रदेश सरकार, निजी लगानीकर्ता ब्यवसायीहरु | ५००००० |
| ७ | नगर प्रशासकिय भवन तथा सभाहल निर्माण | नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ५००००० |
| ८ | बागलुङ नगर खानेपानी ब्यवस्थापन | नेपाल सरकार खानेपानी मन्त्रालय र नगर विकास कोष | ५००००० |
| | **कुल** | **दश अर्ब ६० करोड** | **१०६०००००** |

# परिच्छेद ६ - आर्थिक विकास योजना

## ६.१ पृष्ठभूमि

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले स्वाधिन, समुन्नत तथा समाजवाद उन्मुख अर्थव्यवस्थामार्फत् समृद्ध नेपालको निर्माण गर्ने परिकल्पना गरेको छ। नेपालको पन्ध्रौ योजना (आ.व. २०७६/०७७ - २०८०/०८१) ले सन् २०२२ सम्म नेपाललाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रको सूचीमा स्तरोन्नति गर्ने दीर्घकालीन सोच राखेको थियो। हाल कार्यान्वयनमा रहेका पन्ध्रौं योजनाले स्वाधीन, समुन्नत तथा समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्र एवम् समृद्ध नेपालीको दीर्घकालीन सोच राखेको छ। हाल कार्यान्वयनको अन्तिम बर्षमा रहेको पन्ध्रौं आवधिक योजनाको अवधारणा पत्रले विसं २१०० को **दीर्घकालिन सोच समृद्ध नेपाल सुखी नेपाली** तय गरेको थियो। उपरोक्त राष्ट्रिय सोचअनुसार देश विकासको क्रमलाई अघि बढाउनका लागि हरेक स्थानीय तहहरूको आर्थिक विकास योजनाको उत्तिकै महत्व रहेको हुन्छ। साथै आधुनिक, समृद्ध तथा सुविधासम्पन्न नगरपालिका निर्माणको लागि पनि आर्थिक विकास योजनाको महत्व उच्च रहेको हुन्छ।

यस नगरपालिकामा आर्थिक विकासका लागि सम्भाव्य प्रमुख आर्थिक क्षेत्रहरूमा कृषि, पशुपालन, व्यापार/व्यवसाय, पर्यटन आदि रहेका छन् भने यहाँका वासिन्दाहरूको पेशामा कृषि, वैदेशिक रोजगारी, पशुपालन, ज्यालादारी प्रमुख रहेका छन्। यस नगरपालिकाका यिनै प्रमुख तथा संभावित आर्थिक क्षेत्रहरूको विद्यमान अवस्थाको विश्लेषण गरी आर्थिक विकास योजना तर्जुमा गरिएको छ।

## ६.२ कृषि तथा सिंचाइ

यस नगरपालिकाको आर्थिक विकासका लागि कृषि एक प्रमुख सम्भाव्य क्षेत्र हो। यस नगरपालिकाको कुल भूमिको झण्डै ४० प्रतिशत भूभाग उर्वर अर्थात् कृषियोग्य भूमि रहेको छ। यस नगरपालिकाका कुल घरधुरीमध्ये करिब ४८ प्रतिशत घरधुरीको मुख्य पेशा कृषि (खेति तथा पशुपालन) रहेको छ। नगरपालिकाका अधिकांश घरधुरीको आयस्रोतको मुख्य माध्यम कृषि रहेको भए पनि कृषि पेशा निर्वाहमुखी रहेको छ, आधुनिक र व्यवसायिक हुन सकेको छैन। सिंचाइका लागि स्थानीय खोलाबाट कुलो निर्माण गरिएको छ। खास गरी वडा नं. १२, १३ र १४ मा कृषि उत्पादनको लागि सम्भाव्य रहेको र त्यहा कालीगण्डकी नदीबाट पानी लिफ्ट गर्न सकेमा खासगरी धान उत्पादन बढन सक्ने देखिन्छ। नगरपालिकाका विभिन्न स्थानका पाखो जमिनमा सिंचाइ उपलब्ध गराउन सकेमा कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढन सक्ने देखिन्छ। साथै यसबाट आर्थिक वृद्धिमा टेवा पुग्न सक्ने हुँदा यो आवधिक नगर विकास योजना तर्जुमा गरिएको छ।

### क) सम्भावना, अवसर तथा समस्या विश्लेषण

समुदायमा कृषिको व्यवसायिकरणका लागि आवश्यक ज्ञान, सीप र पूँजीको कमी रहेको छ। पर्याप्त सिंचाइ, कृषि सडक, विद्युतीकरण तथा कृषि पूर्वाधारहरूको विकास हुन नसक्दा व्यवसायिक कृषिका लागि आधार तयार हुन सकेको छैन। उत्पादित कृषि उपजको भण्डारण, व्यवस्थापन तथा बजारीकरणका लागि आवश्यक पूर्वाधार, संयन्त्र, ज्ञान, सीपको कमी रहेको छ। कृषि पेशा आधुनिक, प्रतिफलमूलक तथा सम्मानित हुन नसक्दा युवा पुस्ता कृषि पेशाप्रति आकर्षिक हुन सकेको छैन। कृषि भूमिमा अव्यवस्थित खण्डिकरण जारी रहँदा कृषि भूमिको उत्पादन र उत्पादकत्वमा ह्रास आइरहेको छ। कृषि श्रमिकको ज्यालादरमा वृद्धि, सिंचाइको कमी, मल, बीउको मूल्य वृद्धि तथा समयमा गुणस्तरीय मल, बिउ नपाइनुलगायतका कारणले कृषि उत्पादनको प्रति एकाइ उत्पादन मूल्य बढ्दै जानुका साथै कृषि उत्पादनमा कमी हुनु र उत्पादित कृषि उपजले उपयुक्त मूल्य नपाउँदा कृषिप्रतिको आकर्षण घट्दै गएको छ। कृषि बिमा प्रभावकारी हुन नसक्दा कृषिमा आश्रित र वैकल्पिक आयस्रोत नहुने वर्गमा गरिबीको चाप बढेको छ। बागलुङ नगरपालिकाका

विभिन्न क्षेत्रमा फलफुल, तरकारी र खाद्यान्न वालीको लागि भौगोलिक क्षेत्र, उचाई र जमिनको बनौट अनुसार विविध सम्भावना बोकेको छ ।

नगरपालिकाको वाडा नं. ८ र ९ सुन्तला जातका फलफुलको सम्भावना रहेको छ भने १४ नं. वडा आँप लिचिको लागि सम्भावना देखिन्छ । त्यस्तै गरी वडा नं. १२ र १३ कागति लगायतका फलफुलको लागि उपयुक्त देखिन्छ । वाडा नं. १० को भकुण्डे क्षेत्र र वडा नं. ५ को माथिल्लो भूभाग किभि खेतिको लागि उपयुक्त मानिन्छ । वाडा न.. ८ र ९ को माथिल्लो क्षेत्र ओखर उत्पादनको लागि उपयुक्त मानिन्छ । वाडा नं. ७ टिमुर उत्पादन र नासपाति उत्पादनको लागि उपयुक्त मानिन्छ । खाद्यान्न वाली (धान, मकै, कोदो आदी) उत्पादनको लागि वाडा नं. ११ (रायडाडा), वाडा नं. ४ र ५ सम्भावित क्षेत्र मानिन्छ भने वाडा नं. ३ र ४ मौसमि तथा वेमौसमी तरकारी खेतिको लागि सम्भावित देखिन्छ । आलु उत्पादनको लागि वाडा नं. १० र केरा खेतीको लागि वाडा नं. ३ उपयुक्त देखिन्छ ।

## ख) योजनाको सोच तालिका

कृषि तथा सिंचाइ क्षेत्रको विषयगत उद्देश्य, अपेक्षित प्रतिफल, सूचक तथा हालको अवस्था र लक्ष्य देहायअनुसार पहिचान गरिएको छ :

विषगत उद्देश्य : कृषिजन्य वस्तुको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी आर्थिक वृद्धिमा टेवा पुऱ्याउने ।

| विषयगत उद्देश्य : | सूचक | **हालको अवस्था** | **लक्ष्य (कार्यान्यन बर्ष)** | | | | | पुष्ट्याइँका आधार | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | | |
| | तरकारी बाली | | | | | | | | |
| | थप क्षेत्रफल (हे) | | १० | १५ | २० | २० | २० | | |
| | थप उत्पादन (मेट) | | २०० | ३०० | ५०० | ५०० | ५०० | | |
| | उत्पादकत्व मेट/हे | १९.६० | २० | २१ | २३ | २३ | २४ | | |
| | मसलाबाली बाली | | | | | | | | |
| | क्षेत्रफल हे | | ५ | १० | १५ | १५ | २५ | | |
| | उत्पादन मेट | | १० | २० | ४५ | ४५ | ७५ | | |
| | उत्पादकत्व मेट/हे | १.५४ | २ | २ | ३ | ३ | ३ | | |
| | तेलहन बाली | | | | | | | | |
| | थप क्षेत्रफल हे | | १० | १० | १२ | १२ | १२ | | |
| | उत्पादन(मेट) | | .५ | .५ | .६ | .७ | .८ | | |
| | उत्पादकत्व मेट/हे | १.३६ | १.५ | १.५ | १.६ | १.७ | १.८ | | |
| | अन्न बाली | | | | | | | | |
| धान | थप क्षेत्रफल हे | | २० | २० | २५ | २५ | २५ | | |
| | उत्पादन(मेट) | | ८० | १०० | ८८.५ | १२५ | १२५ | | |
| | उत्पादकत्व मेट/हे | ३.५ | ४ | ४ | ४.५ | ५ | ५ | | |
| मकै | क्षेत्रफल हे. | | २० | २५ | ३० | ३० | ३० | | |
| | उत्पादन(मेट) | | २०० | २२० | २३० | २५० | २५० | | |
| | उत्पादकत्व मेट/हे | ३.०६ | ३.५ | ३.६ | ३.७ | ४ | ४ | | |

| विषयगत उद्देश्य : | सूचक | हालको अवस्था | लक्ष्य (कार्यान्यन बर्ष) | | | | | पुष्ट्याइँका आधार | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | | |
| गहुँ | क्षेत्रफल हे | | १० | १० | १० | १० | १० | | |
| | उत्पादन(मेट) | | ५० | ६० | ६० | ६० | ६० | | |
| | उत्पादकत्व मेट/हे | २.९९ | ३ | ३.२ | ३.३ | ३.५ | ३.५ | | |
| | दलहन बाली | | | | | | | | |
| | क्षेत्रफल(रोपनी) | | १०० | १२० | १३० | १४० | १५० | | |
| | उत्पादन(मेट) | | १० | १२ | १४ | १५ | १६ | | |
| | उत्पादकत्व मेट/हे | १.६६ | १.८ | १.८ | २ | २ | २ | | |
| | फलफूल | | | | | | | | |
| | क्षेत्रफल(रोपनी) | | २०० | ३०० | ४०० | ५०० | ६०० | | |
| | उत्पादन(मेट) | | ५० | ६० | ७० | ८० | १०० | | |
| | उत्पादकत्व मेट/हे | १०.०६ | ११ | १२ | १३ | १४ | १४ | | |
| **प्रतिफलहरु** | | | | | | | | | |
| किसानहरूले समयमा गुणस्तरीय मल, बीउ सुपथ मूल्यमा सहज तरिकाले प्राप्त गरेका हुनेछन् । | उन्नत बीउ खरिद गर्न समयमै अनुदान प्राप्त गर्ने किसान परिवार प्रतिशत | १८% | २८ | ३३ | ३५ | ३८ | ४० | नपा/कृषि शाखाको वार्षिक प्रगति प्रतिवेदन | • नपा र निजी क्षेत्रबीच सहकार्य भएको हुनेछ । • कृषि क्षेत्रमा नगरपालिकाको लगानी वृद्धि भएको हुनेछ । • नेपाल सरकारको |
| | कृषि मल बिक्री डिपो भएका वडा संख्या | ७ | १४ | १४ | १४ | १४ | १४ | नपा/कृषि शाखाको अभिलेख | |
| | एग्रो भेट भएका वडा संख्या | ९ | १४ | १४ | १४ | १४ | १४ | | |
| किसानहरूलाई आवश्यक पर्ने प्राविधिक सेवाको | नगरपालिका क्षेत्र भित्र रहेका कृषि प्राविधिक जनशक्ति संख्या | १४ | २० | २५ | ३० | ३० | ३० | नपा/कृषि शाखाको वार्षिक प्रगति प्रतिवेदन | |
| | नपामा कृषि प्राविधिक संख्या | ४ | ६ | ८ | १० | १० | १४ | | |
| | वडामा भएका जेटिए संख्या | ० | १४ | १४ | १४ | १४ | १४ | | |

| विषयगत उद्देश्य : | सूचक | **हालको अवस्था** | **लक्ष्य (कार्यान्यन बर्ष)** | | | | | पुष्ट्याइँका आधार | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | | |
| पहुँच र गुणस्तरमा वृद्धि भएको हुनेछ । | अगुवा कृषकहरूको कुल संख्या | २८ | १०० | १२५ | १५० | १५० | १६० | | कर्मचारी समायोजन कार्यक्रमले मूर्तरुप पाएको हुनेछ ।<br>● कृषि क्षेत्रमा नगरपालिका लगायत राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थाको लगानी वृद्धि भएको हुनेछ । |
| | माटो परीक्षण प्रयोगशाला संख्या | १ | १ | २ | २ | २ | ३ | | |
| किसानहरूमा कृषिसम्बन्धी ज्ञान, सीप, र प्रविधिको प्रयोगमा वृद्धि भएको हुनेछ । | कृषि बीमा गर्ने कृषक प्रतिशत | १% | १० | २० | ३० | ४० | ५० | नपा/कृषि शाखाको वार्षिक प्रगति प्रतिवेदन<br><br>कृषि सर्भेक्षण प्रतिवेदन | |
| | कृषि एप्स वा अन्य सूचना प्रविधि प्रयोग गर्ने कृषकको प्रतिशत | ३% | ५ | १० | १२ | १५ | १६ | | |
| | व्यवसायिक कृषिमा आवद्ध कृषकको प्रतिशत | २% | ५ | १० | १५ | २० | २५ | | |
| | कृषि तालिम प्राप्त कृषकको संख्या ( वार्षिक) | ३५० | ४५० | ५०० | ६२५ | ७५० | ८६० | | |
| | कृषी सहकारी संख्या | २५ | २५ | २५ | २५ | २५ | २५ | | |
| | कृषि अवलोकन भ्रमण गर्ने कृषकको वार्षिक संख्या | २० | १०० | १२५ | १४० | १६० | १६० | | |
| सिंचित जमिनको क्षेत्रफलमा वृद्धि भएको हुनेछ । | खेतीयोग्य जमिनमध्ये सिंचित सुविधा पुगेको जमिनको प्रतिशत | २३ | ५ | ७ | १० | १५ | १८ | सिंचाइ सर्भेक्षण | स्थानीय, प्रदेश तथा केन्द्रबाट सहयोग प्राप्त हुनेछ । |
| | वर्षात्को समयमा मात्र सिंचित हुने जमिनको प्रतिशत | ६६ | २० | २५ | २८ | ३० | ३२ | | |
| | वैकल्पिक सिंचाइ प्रविधि (थोपा सिंचाइ आदि) प्रयोग गर्ने कृषक संख्या | ६० | १०० | १५० | १६० | १७५ | २०० | | |
| अर्गानिक खेतीको प्रवर्द्धन भएको हुनेछ । | जैविक मल तथा जैविक विषादी मात्र प्रयोग गरी खेती गरिने जमिनको क्षेत्रफल (प्रतिशत) | २८% | ५ | १० | १२ | १५ | १८ | नपा/कृषि शाखाको वार्षिक प्रगति प्रतिवेदन | अर्गानिक कृषि उत्पादनको माग वृद्धि भएको हुनेछ । |
| | अर्गानिक कृषिमा आवद्ध कृषक संख्या | | ५० | ६० | ७५ | ८० | १०० | | |

| विषयगत उद्देश्य : | सूचक | **हालको अवस्था** | **लक्ष्य (कार्यान्वयन बर्ष)** | | | | | पुष्ट्याइँका आधार | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | | |
| | | | | | | | | कृषि सर्भेक्षण प्रतिवेदन | |
| कृषि उपजको लागि बजार विस्तार भएको हुनेछ । | सञ्चालनमा आएका कृषि उपज संकलन केन्द्र संख्या | १ | २ | ५ | ७ | ८ | १० | नपा, कृषि शाखाको अभिलेख | नपा र निजी क्षेत्रबीच समन्वय र सहकार्यमा वृद्धि भएको हुनेछ । |
| | कोल्ड स्टोरेज संख्या | २ | २ | ३ | ४ | ५ | ६ | | |
| | वार्षिकरुपमा सञ्चालन हुने कृषि मेला वार्षिक संख्या | १ | २ | ३ | ३ | ३ | ३ | | |
| | नगरपालिकाबाट निर्यात भएको कृषि उपज परिमाण (मे.टन) | | १०० | १२५ | १५० | १५० | १७५ | | |
| | नगरपालिकाभित्र संचालित हाट बजार | १ | २ | ३ | ३ | ४ | ४ | | |
| | कृषि बजार संख्या | १ | ५ | ७ | ८ | ९ | १० | | |
| खाद्य सुरक्षामा सुधार भएको हुनेछ | आफ्नो कृषि उत्पादनले बाह्रै महिना खान पुग्ने घरपरिवार प्रतिशत | ३०% | २० | ३० | ३५ | ४० | ४० | कृषि सर्भेक्षण | कृषि क्षेत्रमा योजनाअनुरुप लगानी भएको हुनेछ । |
| | नगरपालिकास्तरमा बचत खाद्यान्न परिमाण (वार्षिक, क्वि) | | २०० | २५० | ३०० | ३०० | ३०० | | |

## ग) क्रियाकलाप तथा बजेट अनुमान

कृषि तथा सिंचाइ क्षेत्रको उपरोक्त अनुसारका उद्देश्य तथा प्रतिफल हासिल गर्नका लागि देहायअनुसारका कार्यक्रम तथा बजेट अनुमान गरिएको छ :

(बजेट रु ०००)

| क.सं. | प्रतिफल अनुसार प्रमुख क्रियाकलाप | ५ वर्षको लक्ष्य | | कुल बजेट | कार्यान्वयन वर्ष र लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाई | परिमाण | | १ | २ | ३ | ४ | ५ |
| १ | पकेट कार्यक्रम ( खाद्यान्न, तरकारि, मसलाबालि, फलफुल) | वटा | २६ | ५६००० | १०००० | १३००० | १३००० | १३००० | ७००० |
| २ | सुन्तला जोन कार्यक्रम | वटा | १ | १८००० | ३००० | ५००० | ५००० | ३००० | २००० |
| ३ | सिंचाइ ब्यवस्थापन (साना सिचाइ, लिफ्ट सिचाई बृहत ठुला सिचाइ आयोजना) | हे | १६०० | १५०००० | ३०००० | ४०००० | ३०००० | ४०००० | १०००० |
| ४ | जग्गा चाक्लाबन्दि, सामुहिक तथा सहकारि खैति | वटा | ३ | ९००० | | | ३००० | ३००० | ३००० |
| ५ | कोल्ड स्टोर निर्माण | वटा | ५ | २५००० | | ५००० | ५००० | ५००० | १०००० |
| ६ | संकलन केन्द्र निर्माण | वटा | १४ | २०००० | | | | | २०००० |
| ७ | कृषि बजार ब्यवस्थापन | वटा | १ | १६००० | ८००० | २००० | २००० | २००० | २००० |
| ८ | कृषि विमा कार्यक्रम संचालन प्रचारप्रशार | वटा | १ | ३५०० | ७०० | ७०० | ७०० | ७०० | ७०० |
| ९ | भूमि बैंक (बाझों जग्गा ब्यावस्थापन) | वटा | १ | ३०००० | ५०,०० | ८००० | ७००० | ५०,०० | ५००० |
| १० | आकस्मिक रोग किरा बादर ब्यवस्थापन | | १ | ५००० | १००० | १००० | १००० | १००० | १००० |
| ११ | प्राविधीक जनशक्ति ब्यवस्थापन | वटा | १४ | ३६००० | ६८०० | ६८०० | ६८०० | ६८०० | ६८०० |
| | जम्मा | | | ३५७०००० | | | | | |

## घ) कार्यनीति

विषयगत उद्देश्य तथा अपेक्षित प्रतिफल प्राप्त गर्न कार्यक्रम र बजेट मात्र पर्याप्त हुँदैन। नीतिगत व्यवस्थाहरूले कार्य गर्ने उपयुक्त वातावरण तयार गर्ने, लगानी आकर्षण गर्ने, समन्वय र सहकार्य अभिवृद्धि गर्ने लगायतका महत्वपूर्ण कार्यहरू गर्दछ। यसर्थ कृषि क्षेत्रको प्रवर्द्धन गरी निर्दिष्ट उद्देश्य र अपेक्षित प्रतिफल प्राप्त गर्न नगरपालिकाले यस योजना अवधिमा विभिन्न नीतिहरूको अवलम्बन गर्नेछ जुन देहायअनुसार हुनेछ :

- कृषि समूहहरूलाई आवश्यक ज्ञान, सीप र चेतना अभिवृद्धिमार्फत् आधुनिक र व्यवसायिक बन्न उत्प्रेरित गरिनेछ।
- सहकारी संस्थाहरुसँग आर्थिक साझेदारी गरी कोल्ड स्टोरेज प्लान्ट स्थापनामा लाग्ने खर्च व्यवस्थापनमा सहजता बनाइनेछ। निर्मित कोल्ड स्टोरेज प्लान्टको व्यवस्थापनका लागि सम्बन्धित सहकारी संस्थाहरुसँग समन्वय गरी नगरपालिकाबाट कार्यविधि तर्जुमा गरिनेछ।
- सहकारी संस्थाहरुलाई मल कारोबारमा सहजीकरण गरी सुपथ मूल्यमा सहज तरिकाले समयमै मल प्राप्त गर्न सक्ने व्यवस्था सुनिश्चित गरिनेछ।
- विद्यमान कुलो मर्मत संभारका लागि जनसहभागिता परिचालनमा जोड दिइनेछ। बढी खर्च आउने मर्मत संभारका लागि नगरपालिकाबाट खास मापदण्ड बनाई सो आधारमा अनुदानको व्यवस्था गरिनेछ।
- राम्रो काम गर्ने अगुवा कृषक तथा व्यवसायिक कृषकहरुलाई वार्षिक रुपमा प्रोत्साहनका कार्यक्रमहरु आयोजना गरी कृषि क्षेत्रमा युवा वर्गको आकर्षक वृद्धि गरिनेछ।

- सूक्ष्म जलवायु तथा माटोको गुण तथा अन्य परिसूचकहरूका आधारमा तुलनात्मक लाभलागत विश्लेषण गरी भौगोलिक क्षेत्रअनुसार कृषि पटेक क्षेत्रहरू पहिचान गरिनेछ ।
- पहिचान भएका कृषि पकेट क्षेत्रहरूमा तोकिएअनुसारका कृषि बालीहरूको व्यवसायिक खेती गर्ने कृषकहरूलाई सहयोगार्थ नगरपालिकाले विभिन्न संघसंस्थासँग समन्वय गर्नेछ अथवा आफ्नै स्रोतबाट समेत आवश्यक ज्ञान, सीप प्रदान गर्नेछ ।
- चक्लाबन्दी, करार वा सहकारी खेती प्रवर्द्धन गर्न आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।
- स्थानीय बजारमा समयमा गुणस्तरीय रासायनिक मल तथा बीउको उपलब्ध भए नभएको सम्बन्धमा हरेक वर्ष कृषि शाखाबाट प्रतिवेदन प्राप्त गरी कृषकहरूको यसमा पहुँचका लागि नगरपालिकाले पहल गर्नेछ ।
- सिंचाइ सुविधाको विस्तार, कृषि सडक निर्माण, शीत गृह निर्माणजस्ता प्रमुख कृषि पूर्वाधार निर्माण गर्न प्रदेश तथा संघीय सरकारसँग थप कार्यक्रम, बजेटका लागि पहल गरिनेछ ।
- नगरपालिकाले बैंक तथा वित्तीय संघसंस्थाहरूसँग सहकार्य/सम्झौता गरी विना धितो ऋण, न्यूनतम ब्याजदरको ऋणलगायतका विभिन्न प्याकेज कार्यक्रमहरूमार्फत् युवा जनशक्तिलाई व्यवसायिक कृषिप्रति आकर्षित गरिनेछ ।
- स्थानीयस्तरमा रोजगारीका अवसरहरू सिर्जना गर्न सक्षम सफल व्यवसायिक युवा कृषकहरूका लागि हरेक वर्ष पुरस्कारको व्यवस्था गरिनेछ ।
- कृषिलाई पर्यटनसँग आवद्ध गरी कृषि पर्यटनका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
- धान गौं मकै तोरि आलु तरकारि फलफुल तथा मसलाबालि उत्पादनको बृद्धि गर्न पकेट क्षेत्र स्थापना गरि एकिकृत उत्पादन प्याकेजको निति ल्यइनेछ ।
- उत्पादनको बिक्रिबितरण गर्न उतपादित वस्तु बिक्रिवितरण गर्न हरेक वडामा संकलन केन्द्र स्थापना गरि बजारक्षेत्रमा तरकारि बजार संचालनमा ल्याइनेछ ।
- बाझो भुमि व्यवसथापन का साथसाथै चाक्लाबन्दि, सामुहिक तथा सहकारि खेतिलाई प्रोत्साहन गरिनेछ
- कृषि सामाग्रि (मल, बिउ, बिषादि) बिक्रिबितरण सहज गर्न हरेक वडामा समुह सहकारि संगको सहकार्यमा कृषि पसल संचालनमा ल्याइनेछ ।
- प्राबिधीक ज्ञान सीप र चेतना तथा प्रविधी विस्तार गर्न कृषि विध्यालय तालिम केन्द्र अनुसन्धान् प्रदर्शनि केन्द्र सुचना केन्द्र, अनुसन्धान केन्द्र तथा सुचना केन्द्र स्थापना गरि सेवा प्रवाह गरिनेछ ।
- कृषि पर्यटनको सम्भावना अध्ययन गरि कृषि पेशालाइ थप उत्पादनमुखी गराइनेछ ।
- कम्तिमा एक वडामा एक कृषि प्राविधीक खटाइ प्रविधी विस्तार गरिनेछ ।
- विध्धमान कुलो मर्मत संभारका लागि जनसहभागिता संचालनको लागि जोड दिईनेछ । सिचाइ सुविधा विस्तार, कृषि सडक निर्माण, शितगृह निर्माण जस्ता कृषि पुर्वाधार निर्माण गर्न पहल गरिनेछ ।

## ६.३ पशुपालन

यस नगरपालिकाको आर्थिक विकासका लागि पशुपालन एक प्रमुख सम्भाव्य क्षेत्र हो । यस नगरपालिकामा पालिने मुख्य पशुहरूमा गाई, गोरु, भैंसी, बाखा, आदि प्रमुख छन् । नगरपालिकामा पालिएका पशु चौपायहरुको जात र प्रकार सम्बन्धी एकिन तथ्यांक नभएतापनि उन्नत जात र स्थानीय जातका पशुवस्तुहरुको पालन भएको पाइन्छ। नगरपालिकामा दूध उत्पादन प्रति दिन करिब १७ हजार लिटर हुने गरेको तथ्यांक उपलब्ध छ । नगरपालिकाको कुल जनसंख्या ५७८२३ रहेको हुँदा प्रतिव्यक्ति दैनिक दूध उपलब्धता ०.३ लिटर भन्दा कम रहेको देखिन्छ जबकि न्यूनतम पौष्टिक तत्वहरूको आपूर्तिका लागि प्रतिव्यक्ति प्रति दिन ०.५ लिटर आपूर्ति हुनुपर्ने मानिन्छ । यस आधारमा हेर्दा आफ्नो उत्पादनबाट नगरपालिकामा नगरवासीका लागि आवश्यक परिमाणमा दूध उत्पादन हुन सकेको देखिँदैन । यस्तै, अण्डा उत्पादन दैनिक १३ सय वटा जति हुने गरेको तथ्यांक उपलब्ध छ । यसअनुसार प्रतिव्यक्ति प्रतिदिन अण्डा

उपलब्धता १ वटा पनि नपुग्ने देखिन्छ तर न्यूनतम पौष्टिक तत्वहरूको आपूर्तिका लागि प्रतिव्यक्ति प्रतिवर्ष ३६० ओटा आपूर्ति हुनुपर्ने मानिन्छ ।

उपलब्ध उपरोक्त अनुसारका तथ्यांकहरूको अध्ययन गर्दा नगरपालिकामा पशुपालनबाट हुने उत्पादन, उत्पादकत्व र नगरपालिकाको उत्पादनले समग्र नगरवासीको न्यूनतम आवश्यकता समेत धान्न नसकेको देखिन्छ । केही मात्रामा बाख्रा तथा कुखुरापालन फार्महरू सञ्चालनमा रहेको हुँदा पशुपालनको व्यवसायीकरण प्रारम्भिक अवस्थामा रहेको अनुमान गर्न सकिन्छ । यस परिवेशमा पशुपालन व्यवसायलाई आधुनिक, व्यवसायिक र रोजगारमूलक बनाउने उद्देश्यसहित यो योजना तर्जुमा गरिएको छ ।

## क) सम्भावना, अवसर तथा समस्या विश्लेषण

बागलुङ नगरपालिका पशुपालनका दृष्टिकोणले पर्याप्त सम्भावना र अवसर भएको क्षेत्र हो । नगरपालिकामा बाख्रापालन अन्य पशुपालनको तुलनामा बढी व्यवसायिकरण भएको पाइन्छ यद्यपि अधिकांश कृषकहरू परम्परागत रुपमा बाख्रापालन गरिराखेका छन् । यसैगरि गाई, भैसी तथा बंगुरपालनको ब्यवसायिक सम्भावना भएतापनि मानिसहरू निर्वाहमुखी व्यवसायमा सिमित रहेका छन् । बाख्रा पालनका लागि सम्भाव्य क्षेत्र वडा नं. ११, १२,१३,१४ मानिन्छ । त्यस्तै गरी दुध उत्पादनका लागि गाइ भैसी पालनका सम्भाव्य क्षेत्रको रुपमा वडा नं. ३, ४,५,६,७ र ९ का साथ साथै वलेवा क्षेत्र (१२,१३,१४) पनि सम्भाब्य क्षेत्रको रुपमा पाइन्छ ।  त्यसैगरी वडा नं. १० भकुण्डे क्षेत्र स्थानीय जातका कुखुरा पालन र बंगुर पालनका सम्भाव्य क्षेत्रको रुपमा रहेको पाइन्छ । यस नगरपालिकामा उचित लगानीको कमी, उन्नत जातको पशु बिउको कमी, बजारको समस्या, उचित बजार मुल्यको कमी, बिचौलियाको प्रभाव जस्ता चुनौतिहरू पशुपंक्षीको विकासमा रहेका छन् ।

## ख) योजना सोच तालिका

पशुपालन क्षेत्रको विषयगत उद्देश्य, अपेक्षित प्रतिफल, सूचक तथा हालको अवस्था र लक्ष्य देहायअनुसार निर्धारण गरिएको छ :

विषयगत उद्देश्य : पशुपालन व्यवसायलाई आधुनिक, व्यवसायिक बनाई पशुपालन क्षेत्रको उत्पादन तथा उत्पादकत्व बढाउने ।

| अपेक्षित प्रतिफल | सूचक | हालको अवस्था | परिमाणात्मक लक्ष्य (आ.व.) | | | | | पुष्ट्याइँका आधार | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/०८० | ०८०/८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | | |
| १) व्यवसायिक पशुपालनका लागि आवश्यक पूर्वाधारमा वृद्धि भएको हुनेछ । | दूग्ध चिस्यान केन्द्र संख्या | ७ | ० | १ | १ | १ | १ | नगरपालिका स्तरीय अध्ययन तथा सर्भेक्षणका प्रतिवेदनहरु | नगरपालिका, संघ तथा प्रदेशबाट प्रस्तावित कार्यक्रम अनुसार वजेटको व्यवस्था, प्राविधिक जनशक्तिको व्यवस्था भएको हुनेछ । |
| | कृत्रिम गर्भाधान गराउने प्राविधिक संख्या | ५ | २ | २ | २ | २ | ९ | | |
| | पशु बध स्थल संख्या | १ | ० | १ | १ | १ | १ | | |
| | कार्यान्वयनमा रहेका मासु परीक्षण प्रयोगशाला संख्या | ० | ० | १ | ० | १ | १ | | |
| | थप डाले घाँस नर्सरी (रोपनी) | ० | ० | १ | ० | १ | ० | | |
| २) पशुजन्य उत्पादन वृद्धि भएको हुनेछ । | व्यवसायीक दूध उत्पादन (लिटर हजार) प्रतिदिन | १७२०९ | ५०० | १०० | १५०० | २००० | ३००० | ,, | ,, |
| | दैनिक मासु उत्पादन (केजी) | १५५३७ | ६०० | ८५० | ११०० | १४०० | १८०० | | |
| | दैनिक खसि बोका (केजी) | २६१ | ३०० | ४०० | ५०० | ६०० | ८०० | | |
| | दैनिक हाँस कुखुरा (केजी) | १४६६४ | २०० | ३०० | ४०० | ५०० | ६०० | | |
| | दैनिक बंगुर (केजी) | २१९ | १०० | १५० | २०० | ३०० | ४०० | | |
| | राँगा | २९१ | ५० | १०० | १५० | २०० | ३०० | | |
| | माछा | ९९ | १२० | १५० | २०० | २५० | ३०० | | |
| | अण्डा गोटा प्रतिदिन | १२५२ | | | | | | | |
| ३) पशु पंक्षिपालन व्यवसायको विस्तार भएको हुनेछ । | पशु फार्म, डेरीलगायतमा रोजगारी प्राप्त गरेको जनसंख्या | ९०० | ९१० | ९२० | ९५० | ९६० | १००० | ,, | ,, |
| | गाई तथा भैंसी फार्म संख्या | ९७ | १०० | १०५ | ११० | ११५ | १२० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बाखा फार्म संख्या | ७६ | ८० | ८५ | ९० | ९५ | १०० | | |
| | बंगुर फार्म संख्या | १७ | २० | २५ | ३० | ३५ | ४० | | |
| | बाखा स्रोत केन्द्र संख्या | १ | ० | ० | १ | ० | ० | | |
| | कुखुरा स्रोत केन्द्र संख्या | – | ० | ० | ० | ० | ० | | |
| | ह्याचरी संख्या | १ | ० | ० | ० | ० | ० | | |
| | कुखुरा फार्म संख्या | ६९ | ७५ | ८० | ८५ | ९० | १०० | | |
| | डेरी संख्या | ९ | १० | ११ | १२ | १३ | १४ | | |
| | दुग्ध सहकारी संख्या | ३ | ० | ४ | ० | ५ | ० | | |
| | पशु सेवा प्राविधिक संख्या | १० | ११ | १२ | १३ | १४ | १५ | | |
| | हाँस स्रोत केन्द्र | | | | | | | | |
| ४) मत्स्य पालन व्यवसायको विस्तार भएको हुनेछ। | मत्स्य फार्म संख्या | ३ | ० | ४ | ५ | ६ | ७ | | |
| | व्यवस्थित माछा विक्री केन्द्र | ३ | ० | ४ | ० | ५ | ० | ,, | ,, |
| | माछा पकेट क्षेत्र | | | | | | | | |
| | माछा पालनमा सलग्न जनसंख्या प्रतिशत | ० | ० | ० | १ | ० | २ | | |
| ५) पशु आहारमा बृद्धि भएको हुनेछ। | घाँस उत्पादन फार्म क्षेत्रफल हे | | | | | | | ,, | ,, |
| | दैनिक पोषण दाना खपत मेट (कुखुरा, हाँस, गाई भैसी, वंगुर) | | | | | | | | |

ग) क्रियाकलाप तथा बजेट अनुमान

उपरोक्त अनुसारका उद्देश्य तथा प्रतिफल हासिल गर्न निम्नअनुसारका प्रमुख क्रियाकलाप तथा लक्ष्य पहिचान गरिएको छ :

(बजेट रु ०००)

| क्र.सं. | प्रतिफल अनुसार प्रमुख क्रियाकलाप | ५ वर्षको लक्ष्य | | कुल बजेट | कार्यान्वयन वर्ष र लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाई | परिमाण | | १ | २ | ३ | ४ | ५ |
| १ | दुग्ध चिस्यान केन्द्र प्रवर्द्धन अनुदान | वटा | २ | १०००० | ० | ५००० | ० | ५००० | ० |
| २ | पशु गर्भाधान केन्द्र स्थापना | वटा | ६ | ३०० | ५० | ५० | ५० | १०० | ५० |
| ३ | घाँस खेती विस्तारका लागि पशुपालन समूहहरुलाई अनुदान (१३ हेक्टर, १३ समूह) | हे | १३ | ६५० | १५० | १५० | १५० | १०० | १०० |
| ४ | खोर तथा गोठ सुधार अनुदान | वटा | १०० | १०००० | २००० | २००० | २००० | २००० | २००० |
| ५ | पशुपालन समूहहरुलाई उन्नत जातका राँगा, बोकामा अनुदान | समूह संख्या | ५० | १५०० | ० | ३०० | ३०० | ३०० | ६०० |
| ६ | अगुवा पशुपालक कृषकलक्ष्यित आधुनिक पशुपालन तालिम (१०० जना, ४ लट) | ज्ना | १०० | १००० | ० | २५० | २५० | २५० | २५० |
| ७ | युवालक्ष्यित उन्नत गाई भैंसी पालन अनुदान | ज्ना | १०० | ५००० | ० | ५० | ५० | ५० | ५० |
| ८ | पशुजन्य पदार्थ बजार विकास कार्यक्रम | वटा | ५ | १००० | २०० | २०० | २०० | २०० | २०० |
| ९ | उत्कृष्ट पशुपालन व्यवसायीलाई पुरस्कार | ज्ना | १५ | ३०० | ६० | ६० | ६० | ६० | ६० |
| १० | पशु बीमा प्रवर्द्धन (समूह छलफल, ब्रोसर वितरण, एफएम) | पटक | ५ | ५०० | १०० | १०० | १०० | १०० | १०० |
| ११ | पशु स्वास्थ्य परीक्षण तथा खोप शिविर | वटा | ५ | ५०० | १०० | १०० | १०० | १०० | १०० |
| १२ | मासु परीक्षण प्रयोगशाला स्थापनामा सहकार्य | वटा | ५ | १००० | २०० | २०० | २०० | २०० | २०० |
| १३ | पशु प्राविधिक तालिम तथा अन्य क्षमता विकास कार्यक्रम | वटा | ४ | ५०० | १०० | १०० | १०० | १०० | १०० |
| | **कुल बजेट** | | | | | | | | |

घ) कार्यनीति

पशुपालन क्षेत्रको व्यवसायिकरणका लागि नगरपालिकाले विभिन्न नीतिहरूको अवलम्बन गर्नेछ जुन देहायअनुसार हुनेछ :

- आवश्यक ज्ञान, सीप हस्तान्तरण र पूँजी लगानीमा सहजीकरणमार्फत् आधुनिक व्यवसायिक पशुपालन पेशामा युवा पुस्तालाई आकर्षित गरिनेछ। वैदेशिक रोजगारीबाट फर्केका इच्छुक युवाहरूलाई प्राथमिकताका साथ यस्ता कार्यक्रमहरूमा समावेश गरिनेछ।
- सडक, विद्युत्, सञ्चार जस्ता पूर्वाधारको विस्तार गर्दै पशुपन्छीपालनमा यान्त्रिकीकरण, आधुनिकीकरण र व्यवसायीकरणमा लाग्ने वातावरण सिर्जना गरिनेछ।
- पशु आहारा, खोर सुधार, पशु प्रजनन् तथा स्वास्थ्य लगायतका क्षेत्रमा एकीकृत ढंगमा सुधार गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- पशुपंक्षी तथा घाँसको स्थानीय प्रजातिको संरक्षण र उन्नत जात तथा प्रजातिको आपूर्ति गरी स्थान विशेषमा प्रवर्द्धन गरिनेछ।
- पशु बीमा कार्यक्रमहरू विस्तार गरी पशुपालक कृषकहरूको जोखिम न्यूनीकरण गरिनेछ।
- पशु सेवा शाखालाई पशुपन्छीसम्बन्धी आधारभूत तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषण गरी अनुसन्धानको नतिजाका आधारमा पशु सेवा कार्यक्रमहरू सिफारिश गर्न सक्षम बनाइनेछ।

- पशु सेवा सम्बन्धी आवश्यक ज्ञान, सीप विस्तारका लागि सचेतना मूलक कार्यक्रमहरू, जानकारीमूलक कार्यक्रमहरूको सञ्चालनका लागि हरेक वडामा पशुपालनको घनत्व र प्राथमिकताका आधारमा पशु प्राविधिकहरूको व्यवस्था गरिनेछ ।
- नगरस्तरमा पशुस्वास्थ्य प्रयोगशाला सञ्चालन गर्ने र यस्ता प्रयोगशालामार्फत रोग सर्विलेन्सको कार्य अघि बढाइनेछ ।
- निजी क्षेत्रको सहयोगमा साना दुग्ध प्रशोधन संयन्त्रको (Milk Processing Plant) स्थापनामा टेवा पुऱ्याइनेछ ।
- नगरपालिकाले बैंक तथा वित्तीय संघसंस्थाहरूसँग सहकार्य/सम्झौता गरी विना धितो ऋण, न्यूनतम व्याजदरको ऋणलगायतका विभिन्न प्याकेज कार्यक्रमहरू मार्फत् युवा जनशक्तिलाई व्यवसायिक कृषिप्रति आकर्षित गरिनेछ ।
- स्थानीयस्तरमा रोजगारीका अवसरहरू सिर्जना गर्न सक्षम सफल व्यवसायिक युवा पशुपालकहरूका लागि हरेक वर्ष पुरस्कारको व्यवस्था गरिनेछ ।
- पशुजन्य वस्तुहरूको उत्पादन संकलन, प्रशोधन र बजारसम्म पुऱ्याउन नगरपालिकाले आवश्यक समन्वय गर्नेछ ।
- पशुजन्य उत्पादनको गुणस्तर सुनिश्चित गर्न पशु बधशाला, मासु परीक्षण प्रयोगशाला लगायतका पूर्वाधारको विकास गरी बिक्री अघि परीक्षण गर्नुपर्ने व्यवस्था गरिनेछ ।

## ६.४ उद्योग, पर्यटन, व्यापार, व्यवसाय

आर्थिक विकासका महत्वपूर्ण आधार भनेको कृषि, उद्योग, पर्यटन, व्यापार, व्यवसाय हुन् । । अर्को अर्थमा यि क्षेत्र आर्थिक विकासको इञ्जिन नै हो । घरधुरी सर्भेक्षण २०७८ अनुसार नगरपालिकामा उद्योग तथा व्यवसाय क्षेत्रमा संलग्न घरधुरी कुल घरधुरीको ३६ प्रतिशत जति रहेको छ । यस नगरपालिकामा ठूला उद्योगहरू रहेका छैनन् । घरेलु, तथा साना उद्योग रहेको यद्यपि तथ्यांक भने उपलब्ध छैन । यसरी लघु उद्यम समेत जोड्दा यस नगरपालिकामा केही उद्योगहरू सञ्चालनमा रहेको देखिन्छ ।

यस नगरपालिकामा रहेका प्रमुख बजार केन्द्रहरूमा बागलुङ बजार, बलेवा बजार मुख्य रुपमा छन् । यी सबै परिवेश तथा विद्यमान सम्भावना तथा अवसरहरूलाई समेत मध्यनजर गर्दै कृषि जन्य उद्योग व्यवसाय र पर्यटनलाई स्थानीय अर्थतन्त्रको महत्वपूर्ण हिस्सा र स्थानीयस्तरमा रोजगारी तथा जीविकोपार्जनको प्रमुख माध्यमका रुपमा विकास गर्ने उद्देश्यसहित यो योजना तर्जुमा गरिएको छ ।

### क) सम्भावना, अवसर तथा समस्या विश्लेषण

नगरमा वनले ढाकेको ठूलो क्षेत्र भएको हुँदा वनको दीगो व्यवस्थापन गरी वनमा आधारित उद्यमहरुको सिर्जना गर्न सकिने अवस्था छ । यहाँ उत्पादित सामग्रीहरु तराई, पहाड, हिमाल सबै भूभागमा निर्यात गर्न सडक सञ्जाल उपलब्ध छ । गरिबी निवारणका लागि लघु उद्यम विभिन्न माध्यमबाट सञ्चालन रहीरहेकोले यसबाट नगरबासी लाभान्वित हुन सक्ने अवस्था रहेको छ ।

यस क्षेत्रमा विद्यमान समस्याहरुमा घरेलु तथा साना उद्योगहरू सञ्चालनमा आएको भएतापनि जनस्तरको माग बमोजिमको गुणस्तरिय वस्तु तथा सेवाको उत्पादन वृद्धि र विस्तार भएको छैन । उद्यम तथा रोजगारी क्षेत्रको एकीकृत, सामाजिक तथा लैंगिक रुपमा खण्डीकृत तथ्याङ्क उपलब्ध तथा अद्यावधिक हुन सकेको छैन । स्थानीय निकाय, विषयगत कार्यालय, गैरसरकारी संस्थाहरूबीच कार्यक्रम सञ्चालनमा एकरुपता तथा समन्वयमा कमी हुँदा विकास कार्य प्रभावकारी हुन सकेको छैन । साथै उच्च गुणस्तरिय आधुनिक प्रविधिसम्बन्धी जानकारीको कमी, स्थानीयस्तरमा प्राप्त हुने कच्चा सामग्रीको सही पहिचान र परिचालन हुन नसक्नु, सीपयुक्त जनशक्तिको कमी हुनु लगायतको कारणले उत्पादन लागत न्यून गर्न सकिएको छैन ।

पर्यटन विकासका सन्दर्भमा पर्यटकीयस्थल, सेवा तथा सुविधा र सुरक्षाबारे जानकारी तथा सूचनाको उपलब्धता प्रवाहमा कमी हुनु, पर्यटन पूर्वाधारको यथोचित विकास हुन नसक्नु, परम्परागत संस्कृतिको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन हुन नसक्नु तथा सम्भावनायुक्त नयाँ प्रकारका पर्यटकिय सेवा प्रवर्द्धन हुन नसक्नुलगायत विभिन्न कारणले पर्यटन प्रवर्द्धन अपेक्षित गति हुन सकेको छैन । समग्रमा भन्नु पर्दा व्यवसायिक अवसरहरूको पहिचान, विश्लेषण गरी सो अनुसार योजना कार्यान्वयन हुन नसक्दा उद्योग, पर्यटन, व्यापार, व्यवसाय क्षेत्र पछाडि परिहेको छ ।

## ख) योजना सोच तालिका

उद्योग, पर्यटन, व्यापार, व्यवसाय क्षेत्रको विषयगत उद्देश्य, अपेक्षित प्रतिफल, सूचक तथा हालको अवस्था र लक्ष्य देहायअनुसार निर्धारण गरिएको छ :

विषगत उद्देश्य : उद्योग, पर्यटन, व्यवसाय र वाणिज्यलाई नगरको अर्थतन्त्रको महत्वपूर्ण हिस्सा र रोजगारी तथा जीविकोपार्जनको प्रमुख माध्यमका रुपमा विकास गर्ने ।

| **अपेक्षित प्रतिफल** | **सूचक** | **हालको अवस्था** | ०७९/०८० | ०८०/८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | **पुष्ट्याइँका आधार** | **पूर्वानुमान** |
|---|---|---|---|---|---|---|---|---|---|
| १) स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरूको परिमाणात्मक वृद्धि र गुणात्मक विकास भएको हुनेछ । | लघु उद्यम संख्या जना | १०० | २०० | ३०० | ४०० | ५०० | ६०० | उद्योग शाखा/घरेलु तथा साना उद्योग विकास समितिको कार्यालयको अभिलेख | औद्योगिक लगानीका लागि उत्साहजनक वातावरण तयार भएको हुनेछ । |
| | घरेलु उद्योग संख्या | | | | | | | | |
| | साना उद्योग संख्या | | | | | | | | |
| | मझौला उद्योग संख्या | | | | | | | | |
| | नगरबाट निकासी हुने प्रमुख औद्योगिक उत्पादनको प्रकार | | | | | | | | |
| | उद्योग ग्रामको संख्या | | | | | | | | |
| २) उद्योगहरूको स्थापना र विकासमा स्थानीय तह, प्रदेश र संघीय सरकारको लगानी वृद्धि भएको हुनेछ । | उद्योग स्थापना र प्रवर्द्धनमा नगरपालिकाको वार्षिक लगानी रकम (रु. करोड) | | ४० लाख | ६० लाख | ८० लाख | १ करोड | १ करोड २० लाख | उद्योग शाखा/घरेलु तथा साना उद्योग विकास समितिको कार्यालयको अभिलेख | नपा, प्रदेश तथा संघीय सरकार बीच औद्योगिक लगानीमा सहकार्य भएको हुनेछ । |
| | उद्योग स्थापना र प्रवर्द्धनमा संघ र प्रदेश सरकारको वार्षिक लगानी रकम (रु. करोड) | १३ लाख | ५० लाख | ६० लाख | ७० लाख | ८० लाख | १ करोड | | |
| ३) पर्यटकीय पूर्वाधारहरूको विकास भएको हुनेछ । | पर्यटकीय क्षेत्रको रुपमा पहिचान पाएका स्थलहरु | ३० भन्दा धेरै | ३५ | ४० | ४५ | ५० | ५५ | नगर वस्तुगत विवरण | |
| | पर्यटन स्थलसम्म पुग्ने सडक निर्माण, सुधार (किमी) | ३० | ३५ | ४० | ४५ | ५० | ५५ | | |
| | पर्यटन सूचना केन्द्र संख्या | | १ | २ | ३ | ४ | ५ | | |
| | पर्यटकीय स्तरका होटल संख्या | | | | | | | | |
| | होम स्टे संख्या (स्थान) | ३ | १ | १ | १ | १ | १ | | |

ग) क्रियाकलाप तथा बजेट अनुमान

उपरोक्त अनुसार लघु, घरेलु, साना र मझौला उद्योगको सिर्जना विकास र विस्तार उद्देश्य तथा अपेक्षित प्रतिफल हासिल गर्न निम्नअनुसारका प्रमुख क्रियाकलाप बजेट प्रस्ताव गरिएको छ :

(बजेट रु ०००)

| क्र.सं. | प्रतिफल अनुसार प्रमुख कार्यक्रम | ५ वर्षको लक्ष्य | | कुल बजेट | कार्यान्वयन वर्ष र लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाई | परिमाण | | १ | २ | ३ | ४ | ५ |
| १. | उद्यम विकास कोष स्थापना | वटा | १ | ५००० | १००० | १००० | १००० | १००० | १००० |
| २. | उद्योग सम्भाव्यता अध्ययन | वटा | ३ | ६०० | | | २०० | २०० | २०० |
| ३. | औद्योगिक ग्राम स्थापना | वटा | १ | १०००० | २००० | २००० | २००० | २००० | २००० |
| ४. | उद्यमीहरूकालागि अध्ययन भ्रमण (वार्षिक) | वटा | ४ | १२०० | | ३०० | ३०० | ३०० | ३०० |
| ५. | प्राविधिक सीप विकास तालिम | वटा | ४०० | ४००० | | १००० | १००० | १००० | १००० |
| ६. | उद्योग प्रवर्द्धन कार्यक्रम | वटा | ४ | १००० | | २५० | २५० | २५० | २५० |
| ७. | लघु तथा साना उद्यमी प्रदर्शनी मेला (वार्षिक) | वटा | ४ | १००० | | २५० | २५० | २५० | २५० |
| ८. | लघुउद्यमीहरुका लागि साझा सुविधा केन्द्र निर्माण | वटा | ३ | १५०० | | ३०० | ३०० | ३०० | ६०० |
| ९. | व्यापार मेला संचालन (वार्षिक) | वटा | ४ | १२०० | | ३०० | ३०० | ३०० | ३०० |
| १०. | व्यापारीहरुका लागि क्षमता विकास तालिम (वार्षिक) | वटा | ४ | ६०० | | १५० | १५० | १५० | १५० |
| ११. | पर्यटकीय महत्वका स्थानहरूको संरक्षण तथा पुनर्निर्माण | वटा | १० | २००० | ४०० | ४०० | ४०० | ४०० | ४०० |
| १२. | वनभोज स्थल निर्माण | संख्या | ४ | ३००० | ६०० | ६०० | ६०० | ६०० | ६०० |
| १३. | **कुल बजेट** | | | ३११०० | ४००० | ६५५० | ६७५० | ६७५० | ७०५० |
| | | | | | | | | | |

कार्यनीति

उद्योग, पर्यटन, व्यापार, व्यवसायमा वृद्धि र विकास गर्न उल्लिखित प्रमुख कार्यक्रम बजेटका अतिरिक्त नगरपालिकाले विभिन्न नीतिहरूको अवलम्बन गर्नेछ जुन देहायअनुसार हुनेछ :

- नेपाल सरकारको एक स्थानीय तह, एक औद्योगिक ग्रामको नीतिअनुसार औद्योगिक ग्राम स्थापनाका लागि नगरपालिकाबाट जग्गा व्यवस्था गरी पूर्वाधार निर्माणका लागि नेपाल सरकारसँग पहल गरिनेछ।
- औद्योगिक पूर्वाधारको व्यवस्था र लगानी मैत्री नीतिगत व्यवस्था गरिनेछ। नगरपालिकाभित्रको सम्भावनाको आधारमा उद्योग स्थापनाका लागि नेपालका औद्योगिक घरानासँग नगरपालिकाले संवाद अघि बढाउनेछ।
- कृषि र पशुजन्य उद्योग स्थापनामा जोड दिई आर्थिक क्षेत्रका विभिन्न उपक्षेत्रहरूबीचको परिपूरक सम्बन्ध विस्तार गरिनेछ।
- लगानी वृद्धिका लागि सार्वजनिक निजी साझेदारीको अवधारणालाई व्यवहारमा कार्यान्वयनमा ल्याइनेछ।
- विपन्न र मझौला आम्दानी भएका परिवारका लागि साझा सुविधा केन्द्र अथवा साझा उद्यम स्थल निर्माण गर्न नगरपालिकामार्फत् आर्थिक वा प्राविधिक सहयोग गरिनेछ।
- बैंक तथा वित्तीय संस्थाहरूलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न आवश्यक प्रोत्साहन गरिनेछ।
- सबै वडाहरूमा वित्तीय संस्थाहरूको उपस्थिति विस्तार गरिनेछ।
- रेमिटेन्सबाट प्राप्त आम्दानी औद्योगिक क्षेत्रमा लगानीका लागि सम्भाव्यता अध्ययन गरिनेछ।
- वनजन्य उद्योगको सम्भाव्यता अध्ययन गरी उद्योग स्थापनाका लागि आवश्यक कार्य अघि बढाइनेछ।

- प्राकृतिक, सांस्कृतिक, धार्मिक स्थलहरूको संवर्द्धन गरी उक्त स्थलहरूसम्म पुग्ने पदमार्ग एवम् अन्य पर्यटकीय पूर्वाधार निर्माण गरिनेछ ।
- पर्यटकीय पदमार्गहरू पहिचान र विकास गर्दै पर्यटन बोर्ड, ट्राभल/ट्रेकिङ एजेन्सीलगायत पर्यटन सम्बद्ध निकायहरूसँग समन्वय गरी राष्ट्रियस्तरको एउटा पर्यटकीय गन्तव्यका लागि नगरपालिकालाई विकास गर्न पहल गरिनेछ ।

## ६.५ बैंक, वित्तीय संस्था तथा सहकारी

बैंक तथा वित्तीय संस्थाहरूले आर्थिक क्षेत्रको इञ्जिनमा इन्धन सरह हुन् । यस नगरपालिकामा विभिन्न श्रेणीका गरी १८ वटा बैंकहरु रहेका छन् भने बिकास बैंक ७ वटा रहेका छन् ।

### क) सम्भावना, अवसर तथा समस्या विश्लेषण

संविधान अनुसार नगरपालिकाभित्र कार्यक्षेत्र रहेका सहकारी संस्थाहरूलाई नियमन गर्ने निकाय नगरपालिका हो । दुई वा सोभन्दा बढी स्थानीय सरकार कार्यक्षेत्र रहेको सहकारी संस्थाहरूलाई प्रदेशले र दुई वा सोभन्दा बढी प्रदेशमा कार्यक्षेत्र रहेको सहकारी संस्थाहरूका लागि संघीय सरकारले नियमन गर्ने व्यवस्था छ । बागलुङ नगरपालिकाको स्थानीय सहकारी ऐन अनुसार सहकारीहरुलाई नियमन गर्न शुरु गरिएको छ, यद्यपी केही चूनौतिहरु भने रहेको देखिन्छ ।  संघीय संरचनापश्चात् सहकारी संस्थाहरूलाई कुनै किसिमको सहयोग, सुविधा स्थानीय तहबाटै प्राप्त हुन सक्ने व्यवस्था भएको हुँदा सहकारीहरूलाई कार्य गर्न सहज भएको छ ।

ख) योजना सोच तालिका

बैंक, वित्तीय संस्था तथा सहकारी क्षेत्रको विषयगत उद्देश्य, अपेक्षित प्रतिफल, सूचक तथा हालको अवस्था र लक्ष्य देहायअनुसार निर्धारण गरिएको छ :

विषयगत उद्देश्य : बैंक तथा वित्तीय सेवा सबै नागरिकको सहज पहुँचयुक्त र आर्थिक विकासको माग धान्न सक्ने बनाउने ।

| अपेक्षित प्रतिफल | सूचक | हालको अवस्था | परिमाणत्मक लक्ष्य | | | | | पुष्ट्याइँका आधार | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/०८० | ०८०/८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | | |
| बैंक तथा वित्तीय संस्थाहरूको बजार केन्द्र तथा वडाहरूमा विस्तार भएको हुनेछ । | सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्था संख्या (सहकारी बाहेक) | २७ वटा | २७ | २७ | २७ | २८ | ३० | | पयाप्त मात्रमा भएको |
| | बैंक वा वित्तीय संस्था वा ऋण तथा वचत सहकारीहरुमा खाता भएका घरपरिवार प्रतिशत | | | | | | | | |
| सबै नागरिकहरुको सहकारी संस्थामा पहुँच पुगेको हुनेछ । | क्रियाशील सहकारी संस्था संख्या | १०३ वटा | १०३ | १०३ | १०३ | १०३ | १०३ | | |
| | सहकारीमा आवद्ध घरधुरी प्रतिशत | ४० | | | | | | | |
| | सहकारीहरूको कुल वार्षिक लगानी रकम (रु. करोड) | ८ अर्व | ९ अर्व | १० अर्व | ११ अर्व | १२ अर्व | १३ अर्व | | |
| | कम्तिमा दुईवटा सहकारी भएका वडा संख्या | १४ वटा | | | | | | | |

## ग) क्रियाकलाप तथा बजेट अनुमान

बैंक, वित्तीय संस्था तथा सहकारी क्षेत्रको विषयगत उद्देश्य तथा प्रतिफल प्राप्तिका लागि देहायअनुसारको कार्यक्रम बजेट प्रस्ताव गरिएको छ :

(बजेट रु ०००)

| क.सं. | प्रतिफल अनुसार प्रमुख कार्यक्रम | ५ वर्षको लक्ष्य | | कुल बजेट (००० मा) | कार्यान्वयन वर्ष र लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाई | परिमाण | | १ | २ | ३ | ४ | ५ |
| १ | व्यवसाय गर्न चाहाने सहकाकरी संस्थाहरूका लागि क्षमता विकास तालिम | वटा | १५ | ६०० | १२० | १२० | १२० | १२० | १२० |
| २ | स्तरउन्नती तालिम तथा उपयुक्त प्रविधि सहयोग | वटा | ३० | २४०० | १८० | १८० | १८० | १८० | १८० |
| ३ | सबै सहकारी संस्थाहरुलाई कोपोमिस मा आबद्ध | वटा | १०३ | ५०० | १०० | १०० | १०० | १०० | १०० |
| ४ | सहकारी संस्थाहरुको अनुगमन | वटा | १०३ | ५०० | १०० | १०० | १०० | १०० | १०० |
| ५ | सहकारी तथा वित्तीय संस्थासम्बन्धी बृहत् गोष्ठी | वटा | १०३ | ५०० | १०० | १०० | १०० | १०० | १०० |
| ६ | संस्थाहरुसँगको सहकार्यमा सहकारी गाउँ, होमस्टे तथा इको भेलेज जस्ता कार्यक्रमबाट गरिवि न्युनिकरण | वटा | ८ | २५०० | २०० | २०० | ७०० | ७०० | ७०० |
| ७ | सहकारी संस्थाहरुको तथ्यांक संकलन तथा डाटावेस निर्माण र अद्यावधिकरण | पटक | ५ | ५०० | १०० | १०० | १०० | १०० | १०० |
| ८ | सहकारी शाखालाई थप व्यबस्थित | वटा | | १००० | २०० | २०० | २०० | २०० | २०० |
| ९ | गरीवी निवारण कोष | वटा | १ | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| | **कुल बजेट** | | | **११११००** | १६०० | १६०० | २१०० | २१०० | २१०० |

## घ) कार्यनीति

बजेट र कार्यक्रमका अलावा नीतिगत व्यवस्थाहरू लक्ष्य प्राप्तिका लागि उत्तिकै महत्वपूर्ण हुने गर्दछन् । नीतिगत व्यवस्थाले काम गर्ने वातावरणमा सुधार, लगानी आकर्षण तथा कार्यमा प्रभावकारिता वृद्धि गर्न सहयोग गर्दछ । यस परिप्रेक्ष्यमा बैक, वित्तीय संस्था तथा सहकारी क्षेत्रको उद्देश्य तथा अपेक्षित प्रतिफल प्राप्तिका लागि निम्नानुसारका कार्यनीतिहरू अवलम्बन गरिनेछ :

- नगरपालिकाको सहकारी तथा वित्तीय संस्थासम्बन्धी ऐन छिटो तर्जुमा र जारी गरी उपरोक्त संस्थाहरूको नियमन र प्रवर्द्धन गरिनेछ ।
- विद्यमान सहकारी संस्थाहरूको सूचना संकलन गरी सहकारीको वास्तविक अवस्था पहिचान गरी नियमित अद्यावधीकरणको व्यवस्था गरिनेछ ।
- सहकारी तथा वित्तीय संस्थासम्बन्धी बृहत् गोष्ठी आयोजना गरी उनीहरूका समस्या र चासोहरू संकलन गर्दै जायज चासोहरूको सम्बोधन गरिनेछ । सहकारी तथा वित्तीय संस्थाहरूको नाफाको अधिकतम हिस्सा लक्षित समुदायको उत्थानमा लगाउन नीतिगत व्यवस्था गरिनेछ ।
- आफ्नो कार्यक्षेत्रका कृषक, कालिगढ, श्रमिक, न्यून आय समूह एवं सीमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्ता माझ छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई एकीकृत गर्दै सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायको माध्यमबाट आत्मनिर्भर तथा दिगो अर्थतन्त्रको विकासमा टेवा पुर्‍याउनु सहकारीको सिद्धान्त एक महत्वपूर्ण हिस्सा भएको हुँदा सहकारीहरूलाई यस दिशामा डोर्‍याउन नगरपालिकाले नियमनकारी निकायको भूमिका प्रभावकारी रुपमा निर्वाह गर्नेछ ।
- निष्पक्ष, पारदर्शी नियमकारी व्यवस्था कार्यान्वयनमा ल्याइनेछ र संस्थाको सेवाको स्तरका आधारमा नगरपालिकामार्फत् सहयोग गर्ने व्यवस्था गरिनेछ ।

- सहकारीमा सञ्चालन सुशासन तथा वित्तिय सुशासनको अवस्था अनुगमनको व्यवस्था गरी प्रभावकारी ढङ्गले सञ्चालन हुन नसकेका वा निष्क्रिय रहेका सहकारीहरूको लागि पहिलो चरणमा क्षमता अभिवृद्धि गर्ने र यसपश्चात् पनि कार्यसम्पादन सुधार हुन नसकेमा अन्य सहकारीसँग गाभ्न सहयोग गर्ने वा खारेजीको व्यवस्था गरी सहकारी शुद्धिकरण गरिनेछ ।
- वित्तीय संस्था तथा सहकारीहरूलाई गुणस्तरिय तथा सुशासनयुक्त बनाई सहकारीको प्रभावकारिता अभिवृद्धि गरिनेछ ।
- सञ्चालनमा रहेका राम्रा संस्थाहरूलाई अझ प्रभावकारी ढङ्गले चलाउन क्षमता अभिवृद्धि तालिम, प्राविधिक सहयोग, प्रविधि तथा पूर्वाधारमा सहयोग गरिनेछ । सहकारी संस्थाहरूलाई आवश्यक आर्थिक, प्राविधिक सहयोग दिई बढी आधुनिकीकरण तथा व्यवसायीकरणतर्फ उन्मुख गराउन आवश्यक अध्ययन थालनी गरिनेछ ।
- नगरपालिकाभित्र बैंक, वित्तीय संस्था तथा सहकारी एकाईको गठन गरी उक्त संरचनामार्फत् यस क्षेत्रको नियमन प्रक्रिया अघि बढाइनेछ ।
- बैंक, वित्तीय संस्थाबाट संकलित रकम अधिकतम हदसम्म उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने व्यवस्था गरिनेछ ।

# परिच्छेद ७ - सामाजिक विकास योजना

## ७.१ पृष्ठभूमि

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले स्वस्थ र सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्ने राज्यको सामाजिक र सांस्कृतिक रुपान्तरणसम्बन्धी नीति अवलम्बन गरेको छ। आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन, खानेपानी, भाषा, संस्कृति, ललितकलाको संरक्षण र विकासलाई नेपालको संविधानले स्थानीय तहको अधिकारको सूचीमा राखेको छ। यस परिच्छेदमा नगरपालिकाको परिवेश र उल्लिखित संवैधानिक दायित्वसमेतलाई मध्यनजर गरी सामाजिक विकास योजना तर्जुमा गरिएको छ।

वि.सं. २०७८ सालको जनगणनाअनुसार यस नगरपालिकाको कुल जनसंख्या ५७८२३ रहेको छ भने घरधुरी संख्या १५१८२ रहेको छ। औसत परिवार संख्या ३.८ रहेको छ। यस नगरपालिकाको सामाजिक संरचना बहुजातीय, बहुभाषिक रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार यसर नगरपालिकामा कुल साक्षरता दर ८४.१५ प्रतिशत रहेको छ। लैंगिक सहभागिताको कुरा गर्दा यस नगरपालिकामा घर व्यवहार सम्बन्धी निर्णयमा पुरुषहरुको भन्दा महिलाहरु निर्णायक हुने घर परिवार बढि भएको पाइएको छ।

## ७.२ शिक्षा

शिक्षा व्यक्ति एवं समाज विकासको लागि मेरुदण्ड हो। आधारभूत शिक्षा तथा माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रमा परेकाले यस क्षेत्रको व्यवस्थापनमा नगरपालिकाको दायित्व बढेको छ। गुणस्तरीय तथा समयानुकूल शिक्षा प्रदान गरी राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्र प्रतिस्पर्धा गर्न सक्ने नागरिक तयार गर्नु नगरपालिकाको दायित्व बनेको छ। हालको अवस्था हेर्दा यस नगरपालिकामा विद्यालय शिक्षाका लागि आधारभूत पूर्वाधार तयार भएको छ। शिक्षण संस्थाहरूमा पूर्व प्राथमिक तहको पढाइ हुने प्राथमिक विद्यालयदेखि उच्च शिक्षा सम्म पढाइ हुने विद्यालयहरू रहेका छन्। यद्यपि गुणस्तरीय शिक्षाका दृष्टिकोणले भने कमजोर अवस्था रहेको छ। नगरपालिकाका विद्यालयमा ए प्लस वा ए ग्रेडमा ( ०.८६) उत्तीर्ण गर्ने विद्यार्थीको संख्यामा थप सुधार गर्नुपर्ने रहेको छ। शैक्षिक सत्र २०७८ सम्ममा कुल १८३१८ जना विद्यार्थी विद्यालय भर्ना भएको अभिलेख छ जसमध्ये आधारभूत तहमा ७२.७५ प्रतिशत र बाँकी २७.२५ प्रतिशत माध्यमिक तथा उच्च तहमा भर्ना भएका छन्। २०७८ को सर्भेक्षणअनुसार ६ वर्ष भन्दामाथिको कुल जनसंख्यामध्ये करिब १५ प्रतिशत मानिस निरक्षर, करिब ८५ प्रतिशत साक्षर रहेका छन।

उपरोक्त सबै परिवेशलाई मध्यनजर गर्दै दक्ष, सीपयुक्त तथा बजार र समयको माग अनुकुलको जनशक्ति उत्पादन गर्ने उद्देश्यका साथ यो योजना तर्जुमा गरिएको छ।

### क) सम्भावना, अवसर तथा समस्या विश्लेषण

नगरपालिकामा अधिकांश विद्यालयहरू आधारभूत तथा माध्यमिक तहसम्म मात्र पठनपाठन हुने गरेको पाइन्छ। मुख्यतया उच्च शिक्षा अध्ययन गर्ने उमेर युवाहरू कामको खोजीमा वैदेशिक रोजगारतर्फको आकर्षणले गर्दा विद्यालयबाट पलायन हुने अवस्था रहेको छ। केही युवाहरू अध्ययनका लागी पोखरा तथा काठमाडौं जाने गरेको पाइन्छ। नगरपालिकाको शिक्षा क्षेत्रमा रहेका अन्य समस्याहरूमा उपलब्ध रहेको शिक्षा पनि गुणस्तरिय नहुनु, सामुदायिक विद्यालयमा विद्यार्थीको चासो कमी हुनु, कक्षा छोड्ने तथा दोहोऱ्याउने दरमा वृद्धि हुनु, शिक्षकहरूमा मनोबलमा कमी तथा पेशाप्रति उदासिन हुनु, विद्यालयमा भौतिक पूर्वाधारहरू बालमैत्री, अपाङ्गमैत्री, छात्रामैत्री र सिकारु मैत्री हुन नसक्नु, शिक्षामा, व्यवहारिक, व्यवसायिक तथा प्राविधिक विषयको कमी हुनु रहेका छन्।

शिक्षा क्षेत्रका चुनौतिहरूमा शिक्षाका सबै तहमा गुणस्तर अभिवृद्धि गर्ने, शिक्षालाई व्यवसायिक तथा रोजगारीमूलक बनाउने, सबै तहको शिक्षालाई समतामूलक र समावेशी बनाउने, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमलाई आमनागरिकको पहुँचसम्म पुऱ्याउने, शिक्षकहरूको माग र आपूर्तिबीच सन्तुलन कायम गर्ने, लगानीअनुरूपको प्रतिफल सुनिश्चित गर्ने, संविधान प्रदत शिक्षासम्बन्धी हकहरूको उपभोग गर्ने साथै समग्र शैक्षिक क्षेत्रको व्यवस्थापनमा सुधार गरी सुशासनको प्रत्याभूति गर्ने कार्य प्रमुख छन् ।

शैक्षिक पूर्वाधारहरूको विस्तारै विकास भएको, महिला, दलित, जनजाति र अपाङ्गता भएका एवम् सीमान्तकृत समुदायका बालबालिका र विद्यार्थीहरूको सबै तहमा भर्ना दरमा उल्लेखनीय रूपमा वृद्धि हुँदै गएको, साधारण शिक्षाका अतिरिक्त माध्यमिक र उच्च शिक्षामा पनि प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिमको विस्तारको लागि मार्ग प्रशस्त भएको छ । यस्तै, समुदायमा शिक्षाप्रतिको आकर्षण बढेको, शैक्षिक अधिकारप्रतिको सजगता बढेको, शैक्षिक सूचना प्रणाली र शैक्षिक सुशासनका लागि आधारशिला तयार भएको साथै डिजिटल डिभाइडलाई न्यून गर्दै लैजाने क्रममा शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार भएको आदि कारणहरूले गुणात्मक शिक्षाको विकास गर्ने अवसर सिर्जना भएको छ ।

ख) योजना सोच तालिका

शिक्षा क्षेत्रको विषयगत उद्देश्य, अपेक्षित प्रतिफल, सूचक तथा हालको अवस्था र लक्ष्य देहायअनुसार निर्धारण गरिएको छ :

उद्देश्यः समयानुकूल ज्ञान, सीप, व्यवसायिक दक्षतायुक्त प्रतिस्पर्धी मानव संशाधन विकास गर्ने

| अपेक्षित प्रतिफल | सूचक | हालको अवस्था | लक्ष्य | | | | | पुष्ट्याइँका आधार | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/०८० | ०८०/८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | | |
| १) माध्यमिक तहसम्मको शिक्षाको गुणस्तरमा वृद्धि भएको हुनेछ । | माध्यमिक शिक्षा परीक्षा (SEE) तथा १२ को अन्तिम परीक्षामा २.५ जि.पि.ए भन्दा बढि ल्याउने विद्यार्थी प्रतिशत | ३९ | ४१ | ४५ | ४८ | ५१ | ५५ | परीक्षाको नतिजा | कार्यक्रममा समयानुकूल परिवर्तन<br><br>शिक्षा क्षेत्रमा स्थानीय तहको प्राथमिकता र लगानी |
| | १२ को अन्तिम परीक्षामा २.५ जि.पि.ए भन्दा बढि ल्याउने विद्यार्थी प्रतिशत | ३५ | ३८ | ४१ | ४४ | ४८ | ५३ | | |
| | सामुदायीक क्याम्पस | ३ | ३ | ३ | ३ | ३ | ३ | | |
| | सामुदायिक मा.वि. (१२ कक्षा सम्म) विद्यालय संख्या | १५ | १५ | १५ | १५ | १५ | १५ | | |
| | सामुदायीक मा.वि. (१० कक्षा सम्म) विद्यालय संख्या | ९ | ९ | ९ | ९ | ९ | ९ | | |
| | सामुदायीक आधारभुत संख्या | ५८ | ५६ | ५५ | ५२ | ५० | ४८ | | |
| | संस्थागत मा.वि. संख्या | १५ | १४ | १३ | १३ | १३ | १३ | | |
| | संस्थागत आधारभुत विद्यालय संख्या | ३ | २ | २ | २ | २ | २ | | |
| | शिक्षण सिकाइ उपलब्धी दर प्रतिशत | | | | | | | नगर शिक्षा शाखाको वार्षिक प्रतिवेदन | |
| | १-५ | ७० | ७१ | ७२ | ७३ | ७४ | ७५ | | |
| | ६-८ | ६८ | ७० | ७१ | ७३ | ७५ | ७६ | | |
| | ९ | ६५ | ६७ | ६९ | ७१ | ७३ | ७५ | | |
| | १० | ३.२५ | ३.३० | ३.३५ | ३.४० | ३.५ | ३.५५ | | |
| | ११-१२ | ४२ | ४४ | ४६ | ४८ | ५० | ५२ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यार्थी टिकाउ दर प्रतिशत | ९४ | ९५ | ९६ | ९७ | ९८ | ९८ | | |
| | शिक्षा सेवा आयोग जस्ता सरकारी सेवामा स्थायी भएको जनशक्ति<br>मा.वि. , आधारभुत | ७८ | ८० | ८२ | ८४ | ८६ | ८८ | नगर शिक्षा शाखाको अभिलेख | |
| | आधारभूत शिक्षण सिकाइ तालिमप्राप्त शिक्षकको प्रतिशत | ८८ | ९० | ९२ | ९४ | ९६ | ९८ | | |
| | आवश्यक मात्रामा विषय शिक्षक भएको मा.बि संख्या | १७ | १८ | २० | २२ | २३ | २४ | | |
| | तालिमप्राप्त बाल शिक्षकको प्रतिशत | ९० | ९१ | ९२ | ९३ | ९४ | ९५ | | |
| | विद्यालय खेल शिक्षकको संख्या | ४५ | ४७ | ५० | ५५ | ६० | ६३ | | |
| | विद्यालय सुधार योजना कार्यान्वयन भएका विद्यालय | ६० | ६३ | ६५ | ६८ | ७० | ७२ | | |
| | नेतृत्व विकास तालिम प्राप्त प्र.अ. भएका विद्यालय संख्या | ५५ | ५७ | ६० | ६२ | ६५ | ६८ | | |
| २) व्यवसायिक शिक्षाको अवसरमा वृद्धि भएको हुनेछ । | प्राविधिक धारका मावि संख्या | २ | २ | २ | २ | २ | २ | नगर शिक्षा शाखाको प्रतिवेदन | प्राविधिक शिक्षाको माग र चासो |
| | व्यवसायिक तालिम केन्द्रको संख्या | २ | ३ | ३ | ३ | ३ | ३ | | |
| | स्वरोजगार युवा (कुल घरधुरीको) प्रतिशत<br>महिला<br>पुरुष | ९ | ११ | १३ | १५ | १७ | २० | सर्भेक्षण प्रतिवेदन | स्वदेशी रोजगारप्रति आकर्षण वृद्धि |
| ३) शैक्षिक पूर्वाधार र अतिरिक्त क्रिया कलापमा वृद्धि भएको हुनेछ । | हालको विद्यालयमध्ये उपयुक्त र पर्याप्त संख्यामा कक्षा कोठा, फर्निचर र घेराबार भएको विद्यालय संख्या | ४० | ४२ | ४५ | ४८ | ५१ | ५४ | नगर शिक्षा शाखाको प्रतिवेदन | सरकारका तहहरु, विकास साझेदार तथा गैससहरुको सहयोगमा निरन्तरता र वृद्धि |
| | विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब तथा इन्टरनेट सुविधा भएको मावि संख्या | १६ वटा | १७ | १८ | १९ | २० | २१ | | |
| | खेल मैदान, खेल सामग्री तथा प्राथमिक उपचार सामग्रीको व्यवस्था भएका विद्यालय संख्या | ३८ वटा | ४० | ४२ | ४४ | ४६ | ४८ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा मैत्री, बालमैत्री तथा अपाङ्गमैत्री शौचालय भएका विद्यालय संख्या | ६५ वटा | ६६ | ६७ | ६८ | ६९ | ७० | | |
| | पानीको पर्याप्त व्यवस्था भएको विद्यालय संख्या | ७० वटा | ७१ | ७२ | ७३ | ७४ | ७५ | | |
| | विद्यालयमा आयोजना हुने अतिरिक्त क्रियाकलापहरूको औसत वार्षिक प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | स्थानीय पाठ्यक्रम लागु गरेका विद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | GER प्रतिशत | ८१ | ८३ | ८५ | ८७ | ८९ | ९१ | | |
| | NER प्रतिशत | ७८ | ८० | ८२ | ८४ | ८६ | ८८ | | |
| | नमुना बिद्ययालय संख्या | १ | २ | २ | २ | २ | ३ | | |
| | दलित बिद्यार्थी संख्या आधारभुत तह<br>मा.बि तह (प्रतिशत)<br>उ.मा.बि तह | २७<br>२७.२५<br>२६ | २७.५<br>२७.५<br>२६.५ | २८<br>२७.७५<br>२७ | २८.५<br>२८<br>२७ | २९<br>२९.२५<br>२७ | २९<br>२९.५<br>२७ | | |

ग) कार्यक्रम बजेट

माथि उल्लेख गरिएअनुसारका विषयगत उद्देश्य र अपेक्षित प्रतिफल प्राप्तिका लागि निम्नानुसारको कार्यक्रम बजेट प्रस्ताव गरिएको छः

बजेट (रु. ०००)

| क्र.सं. | प्रतिफल अनुसार प्रमुख कार्यक्रम | इकाई | परिमाण | कुल बजेट | कार्यान्वयन वर्ष र लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ | २ | ३ | ४ | ५ |
| १. | कक्षा कोठा निर्माण | वटा | ६४ | १९२००० | १३ | १३ | १३ | १३ | १२ |
| २. | विज्ञान प्रयोगशाला | वटा | १० | ७००० | २ | २ | २ | २ | २ |
| ३. | कम्प्युटर प्रयोगशाला | वटा | १८ | १८००० | ४ | ४ | ४ | ३ | ३ |
| ४. | खेलमैदान | वटा | २९ | ४९३०० | ५ | ६ | ६ | ६ | ६ |
| ५. | घेराबार निर्माण विद्यालय | वटा | २१ | ३१५०० | ४ | ४ | ४ | ४ | ५ |
| ६. | शौचालय निर्माण | वटा | १४ | २८००० | २ | ३ | ३ | ३ | ३ |
| ७. | विद्यालयमा पानीको व्यवस्था | वटा | १२ | ६००० | २ | २ | २ | ३ | ३ |
| ८. | विद्यालयमा इन्टरनेट जडान | वटा | २२ | ४४० | ४ | ४ | ४ | ५ | ५ |
| ९. | छात्रवासको सुविधा | वटा | ४ | १६००० | १ | १ | १ | १ | |
| १०. | विद्यालयमा खेलकुद सामग्रीको व्यवस्था | वटा | ५० | १५००० | १० | १० | १० | १० | १० |
| ११. | फर्निचरको व्यवस्था | वटा | ६० | ३६००० | १२ | १२ | १२ | १२ | १२ |
| १२. | स्ट्रेचर/प्राथमिक उपचारको साधन व्यवस्था | वटा | १८ | ३६०० | ४ | ४ | ४ | ३ | ३ |
| १३. | शिक्षक नियुक्ति | जना | २० | ८००००० | ५ | ५ | ५ | ५ | ५ |
| १४. | शिक्षकलाई तालिम | जना | ४०० | ८००० | ४०० | ४०० | ४०० | ४०० | ४०० |
| १५. | प्र.अ.तालिम (संस्थागत समेत) | जना | ८० | १६०० | ८० | ७६ | ७४ | ७२ | ७० |
| १६. | विद्यालय सुधार योजना (SIP) निर्माण कार्यशाला | वटा | ८० | २४०० | ८० | ७६ | ७४ | ७२ | ७० |
| १७. | बाल शिक्षक तालिम | जना | ९१ | १८२० | ९१ | ९१ | ९१ | ९१ | ९१ |
| १८. | लेखा तालिम | वटा | २४ | ४८० | २४ | २४ | २४ | २४ | २४ |
| १९. | खेल प्रशिक्षक नियुक्ति | जना | ३४ | ५१००० | ६ | ७ | ७ | ७ | ७ |
| २०. | अनुगमन तथा मूल्याङकन | पटक | १६० | १६०० | १६० | १५२ | १४८ | १४४ | १४० |
| २१. | शिक्षक प्रोत्साहन भत्ता | जना | ५०० | १२५०० | १०० | १०० | १०० | १०० | १०० |
| २२. | फिङ्गर प्रिन्ट मेसिन | वटा | ४० | ४००० | ८ | ८ | ८ | ८ | ८२ |
| २३. २ | प्राविधिक धारको विद्यालय सञ्चालनका लागि शिक्षकको व्यवस्था | जना | १० | २००० | २ | २ | २ | २ | २ |
| २४. | स्थानीय पाठ्यक्रम निर्माण | वटा | ७ | २४५०० | २ | २ | १ | १ | १ |
| २५. | बिग स्कुल | वटा | ५ | ५००० | १ | १ | १ | १ | १ |
| २६. | साक्षरता प्रतिशत | प्रतिशत | ८० | ७०० | ८५ | ८८ | ९० | ९२ | ९६ |
| २७. | सुत्केरी सट्टा शिक्षक | | | ५००० | | | | | |
| २८. | अन्तर बिधालय भ्रमण | | | १००० | | | | | |
| २९. | पढ्दै कमाउदै कार्यक्रम | | | २००० | | | | | |
| ३०. | योग तथा नैतिक शिक्षा कार्यक्रम | | | २००० | | | | | |
| ३१. | उत्कृष्ट शिक्षक पुरष्कृत | | | २०० | | | | | |
| ३२. | प्रतिभा पहिचान कार्यक्रम | | | २५० | | | | | |
| | **कुल बजेट** | | | | | | | | |

घ) कार्यनीति

शिक्षा क्षेत्रको विषयगत उद्देश्य, अपेक्षित प्रतिफल हासिल गर्नका लागि निम्नअनुसारका कार्यनीतिहरू अवलम्बन गरिनेछः

- दरबन्दी मिलान तथा अपुग स्थानमा थप शिक्षकको व्यवस्था गरी सबै विद्यालयमा शिक्षक विद्यार्थी अनुपातलाई राष्ट्रिय मापदण्ड अनुसार कायम गरिनेछ ।
- विद्यालय कम्पाउण्ड, कक्षा कोठा थप, फर्निचर, ल्याव, पुस्तकालय, कम्प्युटरलगायत पूर्वाधार र शैक्षिक सामग्रीहरूको व्यवस्था गरी पठन पाठनको वातावरणमा सुधार गरिनेछ ।
- आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहको मातहत हुने संवैधानिक व्यवस्था भएको परिप्रेक्ष्यमा हरेक विद्यालयको पठनपाठनको स्तर अनुगमन मूल्यांकन, कार्यसम्पादन मूल्यांकन प्रक्रियालाई प्रभावकारी बनाई शैक्षिक गुणस्तर सुधार गर्न वार्षिक कार्ययोजनासहितको कार्यक्रम अघि बढाइनेछ ।
- विद्यालय छाड्ने दर बढी भएका विद्यालयहरू पहिचान गरी अतिरिक्त क्रियाकलाप, बालमैत्री शिक्षालगायतका कार्यक्रमको विस्तार गरी विद्यालयमा विद्यार्थीको आकर्षण कायम राखिने छ र त्यसक्षेत्रमा अभिभावकसँग समेत विशेष छलफलहरू सञ्चालन गरिनेछ ।
- विद्यालयमा बालमैत्री वातावरण, दिवा खाजालगायतका प्रवर्द्धनात्मक क्रियाकलापहरू मार्फत भर्नादर, टिकाउ दर तथा उत्तीर्ण दरमा वृद्धि र पुनरावृत्ति दर तथा विद्यालय छाड्ने दरलाई घटाउन विशेष पहल गरिनेछ ।
- शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि तालिमलगायत क्षमता अभिवृद्धिका क्रियाकलापहरू सञ्चालन गरिनेछ ।

## ७.३ स्वास्थ्य तथा पोषण

राष्ट्रियस्तरमा निःशुल्क आधारभूत स्वास्थ्य सेवामा पहुँच विस्तार गर्दै गुणस्तरीय स्वास्थ्य सेवामार्फत् उत्पादनशील र स्तरीय जीवनयापनको वातावरण तयार गर्ने उद्देश्यअनुरुप स्वास्थ्य कार्यक्रमहरू सञ्चालन भइ आएका छन् । बागलुङ नगरपालिका जिल्ला सदरमुकाममा अवस्थीत नगरपालिका भएकोले नगरको आफ्नो अस्पताल नभएतापनि यहाँ स्थीति धौलागीरी अस्पतालबाट नै नगरबासीले स्वास्थ्य सेवा लिइरहेका छन् । नगरपालिकाको आफ्नो व्यवस्थापनमा विभिन्न पाँच वटा स्वास्थ्य चौकी तथा सो अन्तर्गतको संरचना र आयुर्वेदिक औषधालय नै यस नगरपालिकामा स्वास्थ्य सेवा प्रवाह गर्ने मुख्य माध्यमहरू हुन् । नागरिकहरूमा उपचारको लागि स्वास्थ्य सेवा छनोटको प्राथमिकता अध्ययन गर्दा स्वास्थ्य यहाँका सबै स्वास्थ्य चौकीमा प्रसुती सेवा, परिवार नियोजन सेवा, खोप सेवा, परामर्श सेवा, सुरक्षित मातृत्व सेवा उपलब्ध छ तर ल्याव, एक्स रे, रक्त सञ्चारलगायत अन्य आधारभूत स्वास्थ्य सुविधा भने रहेको देखिँदैन । नगरपालिकामा देखा पर्ने रोगहरूमा निमोनिया, झाडापखाला, दम, ग्याष्ट्रिक, टाइफाइड, जुका, आउँ मुख्य छन् । स्वास्थ्य सेवामा नगरपालिकाको स्तर रोकथाममूलक र प्रवर्द्धनात्मक भएको देखिन्छ । उपचारात्मक स्वास्थ्य सेवा खासै देखिँदैन ।

क) सम्भावना, अवसर तथा समस्या विश्लेषण

नगरपालिकामा साविकका गाविसका आधारमा रहेका स्वास्थ्य संस्था बाहेक अन्य स्थानहरूमा सुविधायुक्त स्वास्थ्य संस्था नभएकोले मानिसहरूलाई सहज रुपले सुविधा लिन नपाएको अवस्था छ । यसको साथसाथै विशेषज्ञ सेवा तथा औषधीको उपलब्धताको कमीले गर्दा उपचारका लागि मानिसहरू अन्य सहरहरूमा जानुपर्ने अवस्था रहेको छ । स्वास्थ्य क्षेत्रमा मुख्यगरी अस्पतालको अभाव, हाल भएका स्वास्थ्य संस्थामा पनि आवश्यकता अनुसार मानव संशाधन तथा भौतिक पूर्वाधारहरूको कमी, सेवाग्राहीको चाप अनुसार अस्पताल तथा स्वास्थ्य संस्थाहरूको स्तर वृद्धि हुन नसक्दा गुणस्तरीय र सबैको पहुँचयुक्त स्वास्थ्य सेवा उपलब्ध हुन सकेको छैन । गुणस्तरीय सेवा प्रवाहमा कमी, स्वास्थ्य तथा सरसफाइको चेतना तथा व्यवहारमा कमी तथा आवश्यक मात्रामा स्ट्रेचर लगायतका स्वास्थ्य सम्बन्धी औजार, उपकरण र यातायात साधनको कमी स्वास्थ्य सेवा प्रवाहको क्षेत्रमा रहेका अन्य प्रमुख समस्या हुन् ।

## ख) योजना सोच तालिका

स्वास्थ्य क्षेत्रको विषयगत उद्देश्य, अपेक्षित प्रतिफल, सूचक तथा हालको अवस्था र लक्ष्य देहायअनुसार निर्धारण गरिएको छ :

विषयगत उद्देश्य : नगरबासीको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गर्ने ।

| अपेक्षित प्रतिफल | सूचक | हालको अवस्था | परिमाणत्मक लक्ष्य | | | | | पुष्ट्याइँका आधार | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/०८० | ०८०/८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | | |
| स्वास्थ्य सेवाको पहुँच र गुणस्तरमा सुधार भएको हुनेछ । | पाँच वर्षमुनिका कम तौल भएका बालबालिकाको प्रतिशत | १.१ | ० | ० | ० | ० | ० | नगर स्वास्थ्य शाखाको वार्षिक प्रगति प्रतिवेदन | |
| | स्वास्थ्य संस्थामा प्रसुति हुनेको प्रतिशत | १२३७ (१०९.६६) | १०० | १०० | १०० | १०० | १०० | | |
| | स्वास्थ्य बिमा गरेका घरधुरी प्रतिशत | - | १० | १५ | २० | २५ | ३० | | |
| | टीटी खोप लिने गर्भवती महिलाको प्रतिशत | ३७ | ४५ | ५० | ६० | ७० | ८० | | |
| | आयुर्वेद सेवाबाट लाभान्वित जनसंख्या | - | | | | | | | |
| | वर्षैभरि अटुट रुपमा निशुल्क प्रदान हुने औषधीहरू उपलब्ध हुने सरकारी स्वास्थ्य संस्था प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | जनस्वास्थ्य आपत्कालिन स्वास्थ्य, महामारी नियन्त्रण योजना | १४ | १४ | १४ | १४ | १४ | १४ | | |
| | परिवार नियोजनका साधनको उपयोग दर | ११७.८ | १२० | १२५ | १३० | १४० | १५० | | |
| | दरबन्दीअनुसार पदपूर्ति प्रतिशत (डाक्टर, हेल्थ असिस्टेन्ट, नर्स) | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | | | | | | | | | |
| स्वास्थ्य पूर्वाधारमा सुधार भएको हुनेछ । | स्वास्थ्य संस्थाको संख्या | | | | | | | | |
| | अस्पताल | १ | | | | | | | |
| | हेल्थपोष्ट | १२ | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आयुर्वेद | १ | | | | | | |
| | सहरी स्वास्थ्य क्लिनिक | ७ | ९ | १० | ११ | १२ | १२ | |
| | खोप क्लिनिक | ३६ | ३७ | ३८ | ३८ | ३८ | ३८ | |
| | टि.वि. उपचार केन्द्र | १० | १३ | १३ | १३ | १३ | १३ | |
| | आफ्नै भवन भएका अस्पताल, हेल्थपोष्ट तथा आयुर्वेद कार्यालय | १२ | १३ | | | | | |
| | कुल शैचया | ० | १५ | १५ | २० | ३० | ३० | |
| | बर्थिङ सेन्टर संख्या | ७ | ८ | | | | | |
| | निजी अस्पत्ताल | १ | | | | | | |
| | पोली क्लीनिक | १ | | | | | | |
| | औसधी पसल | २० | | | | | | |

ग) कार्यक्रम बजेट

पछि पारिएको समुदायलगायत सबै नागरिकको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गर्ने र अपेक्षित प्रतिफल प्राप्तिका लागि निम्नानुसारको कार्यक्रम बजेट प्रस्ताव गरिएको छः

(बजेट रु ०००)

| क.सं. | प्रतिफल अनुसार प्रमुख कार्यक्रम | ५ वर्षको लक्ष्य | | कुल बजेट | कार्यान्वयन वर्ष र लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाई | परिमाण | | १ | २ | ३ | ४ | ५ |
| | **पहुँच र गुणस्तर वृद्धि** | | | | | | | | |
| १. | बालस्वास्थ्य तथा पोषण कार्यक्रम | वटा | ७० | ७००० | १४०० | | | | |
| २. | परिवार स्वास्थ्य तथा सुरक्षित मातृत्व कार्यक्रम | वटा | ७० | ८००० | १६०० | | | | |
| ३. | रोग नियन्त्रण कार्यक्रम (क्षय रोग, औलो, कुष्ठ, कीटजन्य रोग) | वटा | १०७ | ७४९० | १४९८ | | | | |
| ४. | अन्य नसर्ने रोगको रोकथाम उपचार कार्यक्रम | वटा | ७० | ३५०० | ७०० | | | | |
| ५. | एच.आई.भी.एड्स एवम् अन्य यौन रोग निवारण कार्यक्रम | वटा | ७० | ३५०० | ७०० | | | | |
| ६. | निःशुल्क स्वास्थ्य शिविर संचालन | पटक | १५ | ३००० | ६०० | | | | |
| ७. | पाठेघर सम्बन्धी शिविर तथा जनचेतना अभिवृद्धि (पोष्टर, ब्रोसर) | पटक | १० | १००० | २०० | | | | |
| ८. | विद्यालयहरुमा निःशुल्क आँखा जाँच शिविर | पटक | ३० | ९०० | १८० | | | | |
| ९. | शहरी स्वास्थ्य क्लिनिक स्थापना | वटा | ४ | १२०० | २४० | | | | |
| १०. | स्वयम्सेविका प्रोत्साहन पुरस्कार (५ वर्ष, १ जना, १३ वडा) | जना | ७० | १४०० | २८० | | | | |
| ११. | निःशुल्क आयुर्वेद तथा योग स्वास्थ्य शिविर हरेक वर्ष | वटा | १५ | ७५० | १५० | | | | |
| १२. | विद्यालय शिक्षा कार्यक्रम (नसर्ने रोग, योगा, पञ्चकर्म सम्बन्धमा आयुर्वेदिक सचेतना कार्यक्रम | विद्यालय | २०५ | १४३ | २८७ | | | | |
| १३. | स्वास्थ्यकर्मीका लागि क्षमता अभिवृद्धि तालिम | वटा | १० | १००० | २०० | | | | |
| १४. | धामी, झाँक्री तथा परम्परागत उपचारकहरुका लागि आधारभूत तालिम | वटा | १० | ५०० | १०० | | | | |
| १५. | स्वास्थ्य कार्यक्रम समीक्षा | पटक | १० | १००० | २०० | | | | |
| १६. | स्वास्थ्य कार्यक्रम अनुगमन | निरन्तर | १२० | ३६० | ७२ | | | | |
| | **स्वास्थ्य पूर्वाधार सुधार** | | | | | | | | |
| १७. | नगर अस्पताल निर्माण | वटा | | | | | | | |
| १८. | स्वास्थ्य चौकीहरूमा स्वास्थ्य उपकरण थप | सेट | ११५ | ५७५० | ११५० | | | | |
| १९. | स्वास्थ्य चौकीहरूमा औषधालय सञ्चालन | वटा | | | | | | | |
| २०. | स्वास्थ्य चौकीकालागि कम्प्युटर, कम्प्युटर टेवल तथा प्रिन्टर सेट | सेट | २५ | ३७५० | १८७५ | | | | |
| २१. | औषधि खरिद, ढुवानी, भण्डारण | पटक | ५ | १५००० | ३०००० | | | | |
| २२. | पञ्चकर्म तथा योगाहल निर्माण (बागलुङ, वलेवा) | वटा | १ | ३००० | | | | | |
| २३. | आयुर्वेद सेवाका लागि जडिबूटी संकलन तथा प्रशोधन केन्द्र स्थापना | वटा | १ | ४००० | | | | | |
| २४. | एकीकृत नगर स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली स्थापना र संचालन | वटा | २३ | १८४० | | | | | |

| क्र.सं. | प्रतिफल अनुसार प्रमुख कार्यक्रम | ५ वर्षको लक्ष्य | | कुल बजेट | कार्यान्वयन वर्ष र लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाई | परिमाण | | १ | २ | ३ | ४ | ५ |
| २५. | जेष्ठ नागरीक उपचार तथा सहयोग सामग्री बितरण | पटक | २८० | ८४०० | १६८० | | | | |
| २६. | प्रयोगशाला स्थापना | वटा | ८ | ८००० | १६०० | | | | |
| २७. | दुर्व्यसनी नियन्त्रण तथा सत्कर्म कार्यक्रम | वटा | २५ | २५०० | ५०० | | | | |
| २८. | मानसिक रोग उपचार तथा परामर्श सेवा | वटा | ७० | ७००० | १४०० | | | | |
| २९. | दिर्घ रोगी सहयोग कार्यक्रम | वटा | २५ | १५००० | ३००० | | | | |
| ३०. | स्वास्थ्यकर्मी सहितको निशुल्क एम्बुलेन्स सेवा | निरन्तर | | | | | | | |
| ३१. | स्वास्थ्य आमा समुह तथा महिला स्वास्थ्य स्वयंसेबिका कार्यक्रम | पटक | ९८५ | ९८५० | १९७० | | | | |
| ३२. | किशोरी स्वास्थ्य शिक्षा कार्यक्रम | पटक | २५ | २५०० | ५०० | | | | |
| | **कुल** | | | | | | | | |

घ) कार्यनीति

स्वास्थ्य क्षेत्रको विषयगत उद्देश्य, अपेक्षित प्रतिफल हासिल गर्नका लागि निम्नअनुसारका कार्यनीतिहरू अवलम्बन गरिनेछः

- अस्पताल स्थापनाका लागि केन्द्र र प्रदेश सरकारसँग पहल गरिनेछ ।
- आयुर्वेद स्वास्थ्य सेवाको उपयोग क्रमशः बढाउँदै आयुर्वेदिक उपचारलाई एक मुख्य स्वास्थ्य उपचार पद्धतिका साथ स्थापित गरिनेछ ।
- तोकिएको पूर्ण अवधि डाक्टर/स्वास्थ्यकर्मीहरू स्वास्थ्य संस्थामा उपलब्ध हुने वातावरण तर्जुमा गरिनेछ ।
- सरकारले निःशुल्क उपचार गर्ने भनी घोषणा गरेका रोगहरूको सहज उपचारको लागि आवश्यक व्यवस्था गरिनेछ ।
- परिवार नियोजन, जनसंख्या शिक्षा तथा चेतना अभिवृद्धिका माध्यमबाट जनसंख्या व्यवस्थापन गरिनेछ ।

## ७.४ खानेपानी तथा सरसफाइ

स्वच्छ खानेपानीको पहुँचलाई नेपालको संविधानले मौलिक हकका रुपमा स्थापित गरेको छ । तर खानेपानी आपूर्ति यस नगरपालिकाको सबैभन्दा ठूलो समस्यामध्ये रहेको छ । संविधान प्रदत्त यस मौलिक हकलाई व्यवहारमा उतार्न यस नगरपालिकामा अझ धेरै काम गर्नुपर्ने अवस्था छ । हालको समयमा पनि अझै कुवा, खोला, जरुवालगायत असुरक्षित स्रोतका पानी ओसारेर पिउनु पर्ने बाध्यता रहेको छ ।

### क) सम्भावना, अवसर तथा समस्या र चुनौतिहरु

खानेपानीका लागि प्रयोग गर्न सकिने पानीका स्रोतहरूमा स्थानीय खोला नालाहरु रहेका छन् । वि.सं. २०७८ को जनगणनाको तथ्यांकअनुसार करिब ९४ प्रतिशत जनसंख्याले व्यक्तिगत तथा सामुहीक धाराबाट पानीको उपभोग गरिरहेको देखिन्छ । भने ६ प्रतिशत जतिले अन्य कुवा, पधेरो तथा खोलाको पानी उपभोग गर्ने गरेको तथ्यांकले देखाउदछ । शौचालय सबै घरधुरीमा रहेको रहेका छन् ।

करिब ७८ प्रतिशत घरधुरीमा पक्की शौचालय रहेको छ भने १६ प्रतिशत घरधुरीमा कच्ची शौचालय रहेको छ । बाकी घरधुरीमा सामान्य कच्ची शौचालय रहेको २०७८ को जनगणना सर्भेक्षणबाट देखिन्छ ।

## ख) योजना सोच तालिका

खानेपानी तथा सरसफाइ क्षेत्रको विषयगत उद्देश्य, अपेक्षित प्रतिफल, सूचक तथा हालको अवस्था र लक्ष्य देहायअनुसार निर्धारण गरिएको छ :

**विषयगत उद्देश्य :** नियमित, गुणस्तरीय र सुलभ खानेपानी सेवा उपलब्ध गराउने

| अपेक्षित प्रतिफल | सूचक | हालको अवस्था | लक्ष्य | | | | | पुष्ट्याइँका आधार | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/०८० | ०८०/८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | | |
| १) चालु हालतका खानेपानी आयोजनाहरूको संख्यात्मक र गुणात्मक वृद्धि भएको हुनेछ । | पाइपवितरित खानेपानी वर्षैभरि पर्याप्त प्राप्त गर्ने घरधुरी प्रतिशत | ९३ | ९५ | ९६ | ९८ | १०० | १०० | सर्भेक्षण प्रतिवेदन | • संघ र प्रदेशस्तरबाट ठूला खापा आयोजनाहरुमा लगानी<br>• पानीको स्रोतको उपलब्धता |
| | नेपाल मापदण्ड अनुसार नियमित गुणस्तर परीक्षण भएका खानेपानी आयोजना प्रतिशत | | १० | २० | ३० | ५० | ७५ | | |
| | निजी धारा भएका घरधुरी प्रतिशत | ५० | ६० | ७० | ७५ | ८५ | ९५ | सर्भेक्षण प्रतिवेदन | |
| २) शौचालयको गुणस्तरमा सुधार भएको हुनेछ । | पक्की शौचालय प्रयोग गर्ने घरधुरी प्रतिशत | ७८ | ८० | ८५ | ९० | ९२ | ९५ | सर्भेक्षण प्रतिवेदन | • नगरवासीको आम्दानी र सचेततामा वृद्धि |
| | अटुट रुपमा साबुन पानी राखिने शौचालयको प्रतिशत | ७८ | ८० | ८५ | ९० | ९२ | ९५ | | |
| ३) व्यक्तिगत सरसफाइमा सुधार भएको हुनेछ । | पानीजन्य रोगबाट वार्षिक रुपमा संक्रमित हुने जनसंख्या प्रतिशत | | ५ | ३ | २ | १ | १ | स्वास्थ्य शाखाको वार्षिक प्रतिवेदन र सर्भेक्षण प्रतिवेदन | • सबै वडाका नागरिकको सचेतताको स्तरमा वृद्धि |
| | जोखिम अवस्थामा साबुनपानीले हात धुने जनसंख्याको प्रतिशत | | ९० | ९५ | १०० | १०० | १०० | | |
| | खानेपानीको सुरक्षित भण्डारण र उपयोगका बारेमा सचेत घरधुरी प्रतिशत | | ५० | ६० | ७० | ८० | ९० | | |

## ग) कार्यक्रम बजेट

माथि उल्लेख गरिएअनुसारका विषयगत उद्देश्य र अपेक्षित प्रतिफल प्राप्तिका लागि निम्नानुसारको कार्यक्रम बजेट प्रस्ताव गरिएको छः

(बजेट रु ०००)

| क.सं. | प्रतिफल अनुसार प्रमुख कार्यक्रम | ५ वर्षको लक्ष्य | | कुल बजेट | कार्यान्वयन वर्ष र लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाई | परिमाण | | १ | २ | ३ | ४ | ५ |
| १ | नयाँ खानेपानी आयोजना निर्माण | वटा | १० | ५०००० | १०००० | १०००० | १०००० | १०००० | १०००० |
| २ | सञ्चालनमा रहेका खानेपानीको मुहान र भण्डारणस्थल ( घर) मा गुणस्तर परीक्षण कार्यक्रम | वार्षिक पटक | २० | १०००० | २००० | २००० | २००० | २००० | २००० |
| ३ | खानेपानी आयोजना मर्मत संभार तालिम | जना | ४० | ५०० | १०० | १०० | १०० | १०० | १०० |
| ४ | खानेपानी सुरक्षा योजना | संख्या | २० | १००० | २०० | २०० | २०० | २०० | २०० |
| ५ | नियमित स्रोत नभएका वस्तीका लागि जनसहभागितामा आधारित आकासे पानी संकलन आयोजना | वटा | २० | ६००० | ३०० | ३०० | ३०० | ३०० | ३०० |
| ६ | खानेपानी तथा सरसफाई सम्बन्धी सडक नाटक | वटा | ३० | ५०० | १०० | १०० | १०० | १०० | १०० |
| ७ | खानेपानी उपभोक्ता समितिलाई तालिम | वटा | २०० | १००० | २०० | २०० | २०० | २०० | २०० |
| ८ | खानेपानी तथा सरसफाई सम्बन्धी घरदैलो कार्यक्रम | वटा | २० | १०० | २० | २० | २० | २० | २० |
| १० | मुख्य बजार केन्द्रहरुमा सार्वजनिक शौचायल निर्माण र व्यवस्थापन | संख्या | ५ | १०००० | २००० | २००० | २००० | २००० | २००० |
| | | | | | | | | | |

## घ) कार्यनीति

खानेपानी आपूर्ति र सरसफाइ प्रवर्द्धनका लागि निम्नानुसारको कार्यनीति अवलम्बन गरिनेछ :

- खानेपानीका परम्परागत स्रोतहरूको संरक्षण गरिनेछ र ती स्रोतमा आधारित खानेपानी आयोजनाहरू निर्माणका लागि तत्काल सम्भाव्यता अध्ययनको काम अघि बढाइनेछ ।
- खानेपानीको पर्याप्त र नियमित स्रोत नभएका वस्तीका लागि आकासे पानी संकलन, डीप बोरिङलगायतका वैकल्पिक विधिहरु प्रयोग गरी खानेपानी सेवा सञ्चालन गरिनेछ ।
- घरधुरीस्तरमा खानेपानीको गुणस्तर परीक्षण जस्ता क्रियाकलापहरु सञ्चालन गर्दा अति गरिब परिवारलाई निःशुल्क र अन्यका लागि २० प्रतिशत रकम सम्बन्धित घर परिवारले र ८० प्रतिशत नगरपालिका/सम्बन्धित खानेपानी आयोजनाले व्यहोर्ने गरी नीतिगत व्यवस्था गरिनेछ ।
- सार्वजनिक स्थल, संस्था र मानिसको आवागमन बढी हुने स्थानहरूमा सार्वजनिक शौचालय निर्माण गरिनेछ। निर्मित सार्वजनिक शौचालयहरु समुदायस्तरका संस्थाहरुबाट सञ्चालन गर्ने व्यवस्था मिलाई उनीहरुलाई शौचालयको सरसफाइप्रति जिम्मेवार र जवाफदेही बनाइनेछ र यसका लागि आवश्यक सहयोग नगरपालिकाले गर्नेछ ।

- खानेपानी क्षेत्रमा लगानी वृद्धिका लागि अन्तर्राष्ट्रिय संघसंस्था, दातृ निकाय तथा केन्द्र र प्रदेश सरकारसँग पहल गरिनेछ ।
- व्यक्तिगत, घरायसी, सामुदायिक सरसफाइ अभिवृद्धि गर्न चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

## ७.५ महिला, बालबालिका तथा लक्षित वर्ग

महिलाका क्षेत्रमा राष्ट्रियस्तरमा सबै सामाजिक समूह, वर्ग र क्षेत्रका महिलाहरूको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरण गर्ने लक्ष्यका साथ काम भइरहेको छ । यस्तै, बालबालिका तथा किशोरकिशोरीको लागि बाल बचावट, संरक्षण, सहभागिता र विकाससम्बन्धी रणनीति लिई विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका छन् । लक्षित वर्गको संरक्षणलाई लक्ष्यित गर्दै नेपालको संविधानले सामाजिक सुरक्षाको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । यस वर्ग अन्तर्गत आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, क्षेत्रगत विकास नीतिहरू, विपन्न एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिक, दलितलगायतका समुदायहरू संलग्न गरिएका छन् ।

यस नगरपालिकाको कुल जनसंख्या ५७८२३ मध्ये ३२२७५ जना अर्थात् ५५.८१ प्रतिशत महिला रहेका छन् । घरव्यवहार सम्बन्धी निर्णयमा महिला पुरुष दुवैको साथ रहने गरे पनि घरेलु काममा पुरुषको कम र महिलाको संलग्नता निकै बढी रहेको पाइन्छ । महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका तथा अन्य अल्पसंख्यक र सीमान्तकृत वर्गको संरक्षण सुनिश्चित गर्दै जीवन निर्वाह सहज बनाउन उद्देश्य सहित यो योजना तर्जुमा गरिएको छ ।

### क) सम्भावना, अवसर तथा समस्या विश्लेषण

महिला तथा बालबालिकाको विकासका लागि विभिन्न महिला समूह, महिला बचत समूह, तथा बाल क्लबहरू गठन गरिएको छ । महिला तथा बालबालिकाको क्षेत्रमा स्थानीय शासन र निर्णय प्रक्रियामा महिलाहरूको सक्रियता कम देखिनु, लैंगिक, जातिय विभेद कायम रहनु, महिला तथा बालबालिका लक्षित कार्यक्रमबाट अपेक्षित नतिजा प्राप्त नहुनु, सानो उमेरमा गर्भधारण हुनु, लक्षित तथा सिमान्तकृतलाई प्राथमिकतामा राखेर रोजगारीको कार्यक्रमहरू नआउनु, बालक्लब गठन नहुनु तथा गठन भैसकेका क्लबहरू सक्रिय हुन नसक्नु तथा बालसमूह तथा संजालमा बालबालिकासम्बन्धी सूचना, सुविधा, नीति र कार्यक्रमबारे कमी हुनु, अपाङ्गतासम्बन्धी कार्यक्रमहरू समुदायमा पर्याप्त मात्रामा सञ्चालन नभएको, विभिन्न सार्वजनिक तथा सामुदायिक स्थानहरू अपाङ्गमैत्री नहुनु, अपाङ्गता भएका व्यक्तिको यथोचित प्रतिनिधित्व गराउन नसक्नु, ज्येष्ठ नागरिक आश्रय स्थलको कमी हुनु, सरकारी सेवा उपलब्ध हुने स्थान ज्येष्ठ नागरिक-मैत्री नहुनु, तथा बालबालिकाको मनोरञ्जनको लागि बालउद्यानको कमी जस्ता समस्याहरू रहेका छन् ।

### ख) योजना सोच तालिका

महिला, बालबालिका तथा लक्ष्यित वर्ग क्षेत्रको विषयगत उद्देश्य, अपेक्षित प्रतिफल, सूचक तथा हालको अवस्था र लक्ष्य देहायअनुसार निर्धारण गरिएको छ :

**विषयगत उद्देश्यः** महिला, बालबालिका, दलितलगायत सबै लक्षित समूहहरुको क्षमता अभिवृद्धि गर्ने तथा सेवाको पहुँच बढाउने ।

| उद्देश्य : | सूचकहरु | हालको अवस्था | आगामी ५ बर्षको लक्ष्य | | | | | पुष्ट्याईका आधारहरु | जोखम तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| महिला सहभागितामा बृद्धि भएको हुनेछ । | न.पा.मा शिक्षिकाहरुको प्रतिशत | ५९ | ६० | ६२ | ६४ | ६५ | ६५ | • नगर शिक्षा शाखाको प्रतिवेदन<br>• नगरपालिकाको अभिलेख<br>• म.तथा वा. शाखाको प्रतिवेदन<br>• राजनीतिक दलको अभिलेख | • |
| | महिला सहकारी संस्था संख्या | १० | ११ | ११ | १२ | १३ | १४ | | |
| | उपभोक्ता समितिहरुमा महिला संयोजक संख्या | ४११ | | | | | | | |
| | घर र जग्गा दुवैमा महिलाको स्वामित्व भएका घरधुरी प्रतिशत | | | | | | | | |
| | राजनीतिक दलहरुको नगर समितिमा महिला प्रतिनिधित्व प्रतिशत | ३३ | ३५ | ४० | ४५ | ५० | ५० | | |
| | किशोर सरह सरदर दिन विद्यालय उपस्थित हुने किशोरी प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| **प्रतिफल १** : लैंगिक हिंसाका घटनाहरु न्यून भएका हुनेछन् । | घरेलु तथा लैंगिक हिंसाको उजुरी संख्या | ९९ | ९० | ८० | ५० | ३० | १० | • महिला तथा वालवालिका कार्यालयको प्रगति विवरण | • सचेतनासँगै उजुरीकर्ता बढ्न सक्ने |
| | लैंगिक तथा घरेलु हिंसाविरुद्ध तालिम प्राप्त महिला, पुरुष संख्या | ६०/४९ | ९० | १५० | २०० | ३०० | ५०० | | |
| | लैंगिक तथा घरेलु हिंसाविरुद्ध संचालित अभियान संख्या | ७ वटा | १४ | २८ | २८ | २८ | २८ | | |
| | विद्यालयहरुमा सचेतना कार्यक्रम संख्या | ४ | ३६ | ७२ | १०३ | १०३ | १०३ | | |
| | कानूनी सहायता समितिबाट सेवा प्रदान गरेको महिला संख्या | २४ | | | | | | | |
| **प्रतिफल २** : आर्थिक स्रोतमा महिलाहरुको पहुँचमा बृद्धि भएको हुनेछ । | ऋण वचत समूहमा आवद्ध महिला संख्या | | | | | | | • महिला तथा वालवालिका कार्यालयको प्रगति विवरण | • महिला तथा वालवालिका कार्यालय द्धारा प्रवर्द्धित भएका |
| | ऋण वचत समूह परिचालन भएका वडा वस्ती संख्या | | | | | | | | |
| | सहकारी संस्थामा आवद्ध महिला संख्या | ३४५९ | | | | | ७००० | | |
| | महिलाद्धारा बचत रु. हजारमा | ८६२४१ | | | | | २००००० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिलाद्धारा ऋण लगानी रु. हजारमा | ९४१७४ | | | | | २५००००० | | |
| **प्रतिफल ४ :** महिनावारीका समयमा हुने भेदभाव न्यून भएको हुनेछ । | महिनावारी समयमा भेदभाव भएका वस्ती संख्या | १० | | | | | ० | • महिला तथा वालवालिका कार्यालय<br>• न.पा.को प्रतिवेदन | • सामाजिक परिचालन कार्यक्रममा भेदभाव विरुद्धका विषय समेटिएमा |
| | स्यानीटरी प्याड वितरण गर्ने विद्यालय संख्या | ३६ | ३६ | ३६ | ३६ | ३६ | ३६ | | |
| **प्रतिफल ५** : न.पा.का विपन्न तथा पछाडि परेका महिलाको न्यायमा पहुँच बढेको हुनेछ । | पिडित महिला अस्थायी पुनर्स्थापना केन्द्र संख्या | १ | १ | १ | १ | १ | १ | • महिला तथा वालवालिका कार्यालय | • |
| | मनोसामाजिक परामर्श प्रदान गरिएका पीडित महिला संख्या | ३९ | | | | | 200 | | |
| | रोकथाम सचेतना पाएका महिला संख्या | १६४ | | | | | | | |
| | मनोसामाजिक परामर्श सम्बन्धी तालिम प्राप्त कर्मचारी संख्या | ३ | | | | | ५ | | |
| | पुर्नताजगि सहितको क्षमता अभिबृद्धि तालिम | २ | | | | | ५ | | |
| | पीडित महिलालाई कानूनी सहायता प्रदान गरिएको मुद्दा संख्या | २४ | | | | | ५० | | |
| | मेलमिलाप केन्द्र सञ्चालन | १४ | | | | | १४ | | |
| | प्यारालिगल वा निगरानी समूह भएका वडा संख्या | | | | | | | | |
| | सक्रिय भएका प्यारालिगल वा निगरानी समूह प्रतिशत | | | | | | | | |
| | पुनस्थापना तथा समाजमा पुनर्एकीकरणका लागि वस्तुगत टेवा प्राप्त पीडित महिला संख्या | ८ | | | | | १०० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल ६ :** अपांगता भएका व्यक्तिहरुलाई समुदायमा आधारित पुनस्थापना भएको हुनेछ । | सीप/क्षमता विकास तालिम प्राप्त संख्या | ५ | १ | १ | १ | १ | १ | • महिला तथा वालवालिका कार्यालयको प्रतिवेदन<br>• नगर प्रोफाईल | घरेलु तथा साना उद्योग कार्यालयसँग समन्वय हुने |
| | सहायक सामग्री वितरण संख्या | १०० | २० | २० | २० | २० | २० | | |
| | परिचय प्राप्त अपांग संख्या | ६४० | ३० | ३० | ३० | ३० | ३० | | |
| | अपांगता भत्ता प्राप्त (पूर्ण अपांग) | ४६५ | १० | १० | १० | १० | १० | | |
| **प्रतिफल ७ :** जेष्ठ नागरिक तथा एकल महिलाहरुको जीवन सहज तथा सम्मानजनक भएको हुनेछ । | अनुभव आदान प्रदान कार्यक्रम संख्या | १४ | १४ | १४ | १४ | १४ | १४ | • महिला तथा वालवालिका कार्यालयको प्रतिवेदन<br>• नगर प्रोफाईल | स्थानीय निकायसँग समन्वय भएको हुने |
| | जेष्ठ नागरिक विश्रामस्थल (२५ जना क्षमता) | १४ | १४ | १४ | १४ | १४ | १४ | | |
| | जेष्ठ नागरिक दिवश तथा सम्मान कार्यक्रम | २ | २ | २ | २ | २ | २ | | |
| | जेष्ठ नागरिक | ५१०९ | | | | | | • | • |
| | विधुवा | ८७४ | | | | | | • | • |
| | एकल महिला | ४७९ | | | | | | • | • |

## वाल अधिकार तथा वाल संरक्षण

| उद्देश्य | सूचकहरु | हालको अवस्था | ५ बर्षको परिमाणत्मक लक्ष्य | | | | | पुष्ट्याईका आधारहरु | पूर्वानुमान वा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| **उद्देश्य : नगरपालिकामा वाल अधिकार प्रवर्द्धन भएको हुनेछ ।** | वाल विवाह संख्या | | | | | | | • जिल्ला वाल कल्याण समितिको प्रतिवेदन<br>• .न.पा.को अभिलेख<br>• जिशिकाको अभिलेख | • |
| | वालश्रम प्रतिशत | | | | | | | | |
| | सामुदायिक वाल संरक्षण प्रणाली भएका वडा | १४ | | | | | | | |
| | वस्तीस्तरीय योजना तर्जुमामा वाल सहभागिता प्रतिशत | ४० | | | | | | | |
| | बालमैत्री स्थानीय शासन | | १४ | १४ | १४ | १४ | १४ | | |

| उद्देश्य | सूचकहरु | हालको अवस्था | ५ बर्षको परिमाणत्मक लक्ष्य | | | | | पुष्ट्याईका आधारहरु | पूर्वानुमान वा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| | बाल गृह सञ्चालन | | १ | १ | १ | १ | १ | • | • |
| **प्रतिफल १ :** वाल अधिकारका विषयमा वालवालिका र अभिभावकहरुको क्षमता अभिवृद्धि भएका हुनेछन् । | वाल दिवश मनाउने विद्यालय संख्या | ९५ | १०३ | १०३ | १०३ | १०३ | १०३ | • जिल्ला वाल कल्याण समितिको प्रतिवेदन<br>• न.पा.को अभिलेख | • |
| | वालअधिकार विषयको प्रचार प्रसार (पोष्टर) पटक | ३ | १४ | १४ | १४ | १४ | १४ | | |
| | वालवालिकाको स्थिति पत्र प्रकाशन पटक | | १ | १ | १ | १ | १ | | |
| | सचेतना प्रदान गरिएका विद्यालय संख्या | ९५ | १०३ | १०३ | १०३ | १०३ | १०३ | | |
| | वार्ड वाल संरक्षण समितिको गठन र सक्रिय | १४ | १४ | १४ | १४ | १४ | १४ | | |
| | वाल क्लव तथा सञ्जाल संख्या | १५ | १५ | १५ | १५ | १५ | १५ | | |
| | बाल गृह संचालन | | १ | १ | १ | १ | १ | • | • |
| **प्रतिफल २** : वालवालिका सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयन भएको हुनेछ । | वाल विवाह न्यूनीकरण भएका वडा वस्ती संख्या | | १४ | १४ | १४ | १४ | १४ | • जिल्ला वा.क. स. प्रतिवेदन<br>• न.पा.को अभिलेख | • |
| | निकृष्ट प्रकारको वालश्रम संख्या | ० | ० | ० | ० | ० | ० | | |
| | वालवालिकालाई हुने भेदभाव र छुवाछुत प्रतिशत | ० | ० | ० | ० | ० | ० | | |
| **प्रतिफल ३ :** सामुदायिक संरक्षण प्रणाली सुदृढ भएको हुनेछ । | वालमैत्री स्थानीय शासन समिति संख्या | १५ | १५ | १५ | १५ | १५ | १५ | • जिल्ला वाल क.स.को प्रतिवेदन<br>• न.पा.को अभिलेख | • |
| | वाल तथा महिला अधिकार सम्बन्धी प्रशिक्षित गाउँ तहका व्यक्ति संख्या | १४ | २८ | २८ | २८ | २८ | २८ | | |
| | पोषण मैत्री वडाहरुको संख्या | १४ | १४ | १४ | १४ | १४ | १४ | • | • |

## ग) कार्यक्रम बजेट

माथि उल्लेख गरिएअनुसारका विषयगत उद्देश्य र अपेक्षित प्रतिफल प्राप्तिका लागि निम्नानुसारको कार्यक्रम बजेट

(बजेट रु ०००)

| क.सं. | प्रतिफल अनुसार प्रमुख कार्यक्रम | ५ वर्षको लक्ष्य | | कुल बजेट | कार्यान्वयन वर्ष र लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाई | परिमाण | | १ | २ | ३ | ४ | ५ |
| १ | नयाँ संरचना, संविधान र देवानी संहिता सम्बन्धमा महिला समूहहरुलाई अभिमुखीकरण | वटा | १० | ५०० | | | | | |
| २ | नयाँ संरचनाअनुसार नगरस्तरीय सञ्जाल (महिला, बालबालिका, दलित, अपांग र अन्य सीमान्तिकृत वर्ग) को पुनर्गठन र अभिमुखीकरण | वटा | २५ | १२५० | | | | | |
| ३ | दृष्टि विहिनको लागि गमनशिलता तालिम | वटा | १ | ५० | | | | | |
| ४ | अपाङ्गता भएकाहरूकालागि सीपमुलक तालिम | वटा | ५ | १००० | २०० | | | | |
| ५ | व्यवसायिक तथा सीपमुलक तालिम | वटा | १० | ५००० | १ | | | | |
| ६ | बाल संजाल गठन/पुर्नगठन | वटा | १५ | ४५०० | | | | | |
| ७ | जेष्ठ नागरिक दिवा सेवा केन्द्र | वटा | १ | ५०० | | | | | |
| ८ | बाल प्रतियोगिता (खेलकुद हाजिरी जवाफ आदि) | वटा | ८ | ८०० | | | | | |
| ९ | बहुविवाह न्यूनीकरण अभियान | वटा | १४*५ | | | | | | |
| १० | अपाङ्गता तथा ज्येष्ठ नागरिक परिचय पत्र वितरण शिविर संचालन | वटा | १४*५ | | | | | | |
| ११ | नगरस्तरीय लैंगिक हिंसा न्यूनीकरण अभियान | वटा | १५ | ३००० | | | | | |
| १२ | घरेलु हिंसा विरुद्धको वडास्तरीय अभियान | वटा | ७० | ७००० | | | | | |
| १३ | अपांग, असहायहरूको हेरचाहसम्बन्धी अभिमूखीकरण तालिम | वटा | | | | | | | |
| १४ | बालश्रमिक पुनस्थापना कार्यक्रम | वटा | ५ | २५०० | | | | | |
| १५ | वालमैत्री स्थानीय शासन | वटा | १४ | ३,७६,०० | १२५०० | १२५०० | ७००० | २८०० | २८०० |
| १६ | एकल महिला स्वावलम्बन कार्यक्रम | वटा | ५ | १००० | | | | | |
| | **जम्मा** | | | | | | | | |

## घ) कार्यनीति

महिला, बालबालिका तथा लक्षित वर्गको विषयगत उद्देश्य, अपेक्षित प्रतिफल हासिल गर्नका लागि निम्नअनुसारका कार्यनीतिहरू अवलम्बन गरिनेछः

- ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख समुदायका परिवारहरूलाई दिइँदै आएको सामाजिक सुरक्षा भत्ता सहज तथा समयमै उपलब्ध गराउने व्यवस्था गरिनेछ।
- स्थानीय शासनका सबै तहमा बञ्चितीकरणमा परेका समुदायको प्रतिनिधित्व सुनिश्चित गरिनेछ।
- योजना तर्जुमा र कार्यान्वयनको निर्णायक तहमा महिला सहभागिता ५० प्रतिशत कायम गर्न जोड दिइनेछ।

- अपांग, लोपोन्मुख, अति गरिब, एकल महिला, दलित र अन्य सीमान्तीकृत वर्गलाई स्वरोजगार तथा आयआर्जनका क्रियाकलापमा संलग्न गराइनेछ ।
- वित्तीय संस्थामा पिछडिएका समुदायको पहुँच वृद्धिका लागि वित्तीय संस्था र लक्षित समुदायबीचको अन्तरक्रियात्मक कार्यक्रम संचालन गरिनेछ ।
- ज्येष्ठ नागरिकहरूको ज्ञान, सीपको उपयोग/हस्तान्तरणका लागि संगमस्थलहरू पहिचान र प्रवर्द्धन गरिनेछ ।

## ७.६ युवा तथा खेलकुद

राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणमा युवा वर्गको जोडदार भूमिका रहन्छ । युवाहरूलाई उपयुक्त वातावरण प्रदान गर्न सकिएमा युवा वर्गको सिर्जनशीलता र साहस नगरपालिका निर्माणको प्रमुख स्रोतका रुपमा समेत रहन सक्छ । नेपालमा १६ देखि ४० वर्ष उमेर समूहको जनसंख्यालाई युवा भनिएको छ । यस नगरपालिकामा यस उमेर समूहको जनसंख्या कुल जनसंख्याको करिब ...... प्रतिशत रहेको छ ।

स्थानीयस्तरमा युवाहरूका लागि शिक्षा, रोजगारी, व्यक्तित्व विकासका लागि अवसरहरूको अभावका कारण युवाहरूको ठूलो हिस्सा देशभित्र र देशबाहिर गएको अवस्था छ । नगर वस्तुगत विवरण २०७८ अनुसार वैदेशिक रोजगारमा गएकाहरूको कुल संख्या भण्डै ३८ प्रतिशत रहेको छ । वैदेशिक रोजगारमा गएकाहरूमध्ये ..... प्रतिशत अमेरिका, जापान, कोरीया, भारत, .... प्रतिशत मलेसिया र .... प्रतिशत साउदी अरेबिया गएको देखिन्छ भने बाँकी .... प्रतिशत अन्य खाडी मुलुक गएको देखिन्छ । युवाहरूको व्यक्तित्व विकास, रोजगारीका अवसर, क्षमता विकासलगायका कार्यक्रममार्फत् समयानुकूल प्रतिस्पर्धी जनशक्ति विकास गर्ने विषयगत उद्देश्य यो योजनाले लिएको छ ।

यस योजनाले युवालाई रोजगारी, व्यक्तित्व विकास लगायतका अवसरहरू उपलब्ध गराई समयानुकूल जनशक्ति विकास गर्ने लक्ष्य लिएको छ भने खेलकुदको क्षेत्रलाई व्यसायिक बनाउँदै जीविकोपार्जनको माध्यम बनाउन सक्ने वातावरण सिर्जना गर्ने लक्ष्यका नीति, कार्यक्रम तथा बजेट तर्जुमा गरिएको छ ।

### क) सम्भावना, अवसर तथा समस्या विश्लेषण

नगरपालिकामा खेलकुदका मुख्य पूर्वाधार भनेका विद्यालयहरूमा रहेका मैदान नै मुख्य रहेको स्थिति छ । यसका साथै खेलकुदमा इच्छा तथा उत्साह भएका खेलाडीहरूको बाहुल्यता रहेको छ । नगरपालिकामा खेलमैदानका साथै खेलकुदको पूवार्धार, सामग्री र प्रशिक्षणमा कमी हुँदा प्रतिभाशाली खेलाडीहरुलाई राष्ट्रिय खेलाडीका रुपमा विकास गर्न सकिएको छैन । नगरपालिका स्तरबाट युवा लक्षित कार्यक्रमको लगानीमा कमी, युवाहरूमा स्वास्थ्य, सिप, प्राविधिक शिक्षा, सूचनाको कमी हुँदा अधिकांश युवा शक्ति सस्तो ज्यालादारीमा आधारित काम गर्न विदेश गइरहनु परेको स्थिति छ । यौन तथा जीवन उपयोगी शिक्षामा कमी, उद्यम सिर्जना र विकासमा युवाको सहभागितामा कमी, व्यवसायिक तथा व्यवहारिक शिक्षा सिपको कमी हुन जाँदा युवाहरु सही गति र दिशाउन्मुख हुन नसकिरहेको अवस्था छ । स्थानीय तह र स्वदेशमा समेत रोजगारीका अवसरहरुको अभावका कारण युवाशक्तिको अमूल्य समय भारत तथा अन्य मुलुकमा सस्तो श्रममा विक्री भइरहेको छ ।

### ख) योजना सोच तालिका

युवा तथा खेलकुद क्षेत्रको विषयगत उद्देश्य, अपेक्षित प्रतिफल, सूचक तथा हालको अवस्था र लक्ष्य देहायअनुसार निर्धारण गरिएको छ :

विषयगत उद्देश्य : खेलकुदको विकास गर्ने ।

| अपेक्षित प्रतिफल | सूचक | हालको अवस्था | लक्ष्य | | | | | पुष्ट्याइँका आधार | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/०८० | ०८०/८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | | |
| १) खेलकुदको पूर्वाधारको विकास भएको हुनेछ । | नगर स्तरका खेलकुद मैदानको संख्या | १ | १ | २ | २ | २ | २ | नगर पालिका, युवा तथा खेलकुद शाखा अभिलेख | खेलकुद क्षेत्रमा नगरपालिकाको प्रतिवद्धता र बजेट उपलब्धता |
| | वडास्तरीय खेलकुद मैदान संख्या | २० | २२ | २४ | २६ | २८ | ३० | | |
| | कभर्डहलको संख्या | १ | २ | ४ | ६ | ८ | ८ | | |
| | दक्ष प्रशिक्षकको संख्या | ५ | १० | १० | १० | १२ | १२ | | |
| | राष्ट्रियस्तरका खेलाडीको संख्या | २ | २ | ३ | ४ | ४ | ६ | | |
| | खेलकुद मैदान भएका विद्यालय संख्या | १०४ | | | | | | | |
| २) खेलकुदको विकासका लागि लगानी वृद्धि भएको हुनेछ । | खेलकुदका लागि न.पा.को वार्षिक बजेट (रु. हजारमा) | २०० | | | | | | | युवा लक्ष्यित कार्यक्रमहरुको संख्या र निरन्तरता |
| | खेलकुद क्षेत्रमा निजी लगानी (रु. हजार) | ० | | | | | | | |
| ३) खेलाडी तथा प्रशिक्षकहरूको क्षमता विकास भएको हुनेछ । | खेलकुद तालिमको संख्या | १ | | | | | | नगर पालिका, युवा तथा खेलकुद शाखा अभिलेख सर्भेक्षण प्रतिवेदन | |
| | नियमित आयोजना गरिने खेलकुद प्रतियोगिताको संख्या (नगरस्तरीय) | ३ | ४ | ५ | ६ | ८ | ८ | | |
| | नगरस्तरीय कुल खेलाडीमध्ये महिलाको प्रतिशत | २० | २५ | ३० | ३५ | ४० | ४० | | |
| ४) युवाहरू उद्यम र सामाजिक काममा क्रियाशील भएका हुनेछन् । | युवा उद्यमीहरूको संख्या | | | | | | | | |
| | सामाजिक कार्यमा संलग्न युवाक्लवहरुको संख्या | २८ | ३० | ३५ | ४० | ४० | ५० | | |

### ग) कार्यक्रम तथा बजेट

माथि उल्लेख गरिए अनुसारका विषयगत उद्देश्य र अपेक्षित प्रतिफल प्राप्तिका लागि निम्नानुसारको कार्यक्रम बजेट प्रस्तावित गरिएको छ :

| क्र.सं. | प्रतिफल अनुसार प्रमुख कार्यक्रम | ५ वर्षको लक्ष्य | | कुल बजेट | अनुमानित लागत (रु. हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाई | परिमाण | | १ | २ | ३ | ४ | ५ |
| १ | वडास्तरिय खेलकुद मैदान निर्माण | वटा | १४ | २८०० | ५६० | ५६० | ५६० | ५६० | ५६० |
| २ | नगरस्तरीय खेलकुद प्रतियोगिता | वटा | १० | ५००० | १००० | १००० | १००० | १००० | १००० |
| ३ | खेलकुद सामग्री व्यवस्थापन | सेट | ७० | ७००० | १४०० | १४०० | १४०० | १४०० | १४०० |
